# अध्याय : एक
# शोध परिचय

## १.१ विषय परिचय

उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला (वि.सं.१९७१-२०३९) द्वारा लिखित 'मोदिआइन' २०४० सालमा प्रकाशित दार्शनिक वैचारिक उपन्यास हो । 'मोदिआइन' उपन्यासले नेपाली उपन्यास जगतमा एक छुट्टै संरचनात्मक र वैचारिक संयोजनको चित्र प्रस्तुत गरेको छ । यस उपन्यासको मूल केन्द्र विन्दु नै नवीन औपन्यासिक संरचनाअन्तर्गत चिन्तनशील आयामको सुनौलो प्रस्तुति हो । यसमा उपन्यासकार कोइराला नयाँ चिन्तक र प्रयोगशील उपन्यासकारका रूपमा उदाएका छन् । कोइरालाको 'मोदिआइन' उपन्यासमा महाभारतीय युद्धलाई मिथकीय कथा बनाइएको छ । यस शोधकार्यमा मिथक सिद्धान्त र मोदिआइन उपन्यासमा प्रयुक्त मिथकको अध्ययन विश्लेषण गरिएको छ ।

## १.२ समस्या कथन

मिथकका घटना, पात्र र परिवेशलाई नवीन सन्दर्भमा ढालेर वर्तमानसँग जोड्दै मानव जीवनलाई प्रकाशित गर्ने, हेर्ने र बुझ्ने चेष्टा गरिएका उपन्यासहरू मिथकीय उपन्यास हुन् । उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको मोदिआइन उपन्यासमा प्राचीन महाभारतीय युद्धलाई वर्तमान परिप्रेक्ष्यसँग जोड्दै मिथकीय शैलीमा मानवीय अस्तित्वलाई जोडदार आह्वान गरिएको छ । यस सम्बन्धमा पर्याप्त खोज, अनुसन्धानको अभाव रहेका कारण प्रस्तुत शोधकार्य निम्नलिखित समस्यामा केन्द्रित रहेको छ ।

क. मिथकको सैद्धान्तिक स्वरूप के कस्तो हुन्छ ?

ख. मोदिआइन उपन्यासमा मिथकको प्रयोग के कसरी गरिएको छ ?

ग. घटनाको प्रस्तुतिमा मिथकको भूमिका कस्तो रहेको छ ?

घ. मिथकका माध्यमबाट दिन खोजेको सन्देश के हो ?

## १.३ उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्न लिखित रहेका छन् ।

क. मिथकको सैद्धान्तिक स्वरूप पहिल्याउनु ।

ख. 'मोदिआइन' उपन्यासमा प्रयुक्त मिथक पहिल्याउनु ।

ग. घटनाको प्रस्तुतिमा मिथकीय भूमिकाको महत्त्व पत्ता लगाउनु ।

घ. मिथकका माध्यमद्वारा उपन्यासकारले दिन खोजिएको सन्देशको चर्चा गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

मिथकलाई आधार बनाएर लेखिएका उपन्यासहरू मिथकीय उपन्यास हुन् । नेपाली उपन्यास परम्परामा मिथकको प्रयोग गरी लेखिएका थुप्रै उपन्यासहरू छन् । यस्ता मिथकीय धाराका उपन्यासहरूलाई विभिन्न लेखक, विद्वान् र समालोचकहरूले आफ्ना लेख र कृतिहरूमा विश्लेषण गरेका छन् । यसै क्रममा प्रस्तुत मोदिआइन उपन्यासमा प्रयुक्त मिथकका सम्बन्धमा खासै चर्चा भएको पाइँदैन तर यस उपन्यासका बारेमा गरिएका केही विश्लेषण प्रयासहरूमध्ये डा. तुलसी भट्टराई (२०६६)ले 'नेपाली वाङ्मयका साधक र साधना' नामक पुस्तकमा मोदिआइनका बारेमा सामान्य चर्चा गरेको पाइन्छ । उनका अनुसार मोदिआइन उपन्यास सानो आकारको तर महत्त्वपूर्ण कृतिका रूपमा प्रस्तुत छ । हजारौं वर्ष अघिको महाभारतीय युद्धकथा यसको विषयवस्तु हो । युद्धको परिचय र शान्ति स्थापना यसको सन्देश हो (पृ.६२) ।

खेम दाहाल (गरिमा,२०५७ भदौ) को मोदिआइन उपन्यासः संक्षिप्त विवेचना शीर्षकको लेखमा मोदिआइन उपन्यासमा प्रयुक्त समसामयिक विषयवस्तुका बारेमा सामान्य विश्लेषण गरेका छन् । उनका अनुसार मुहूर्त र वातावरणको प्रसङ्ग यो उपन्यास मोदिआइनमा वर्तमान भूत र भविष्यत् सित साकार हुने देखिन्छ, (पृ.६८)। उक्त लेखमा उपन्यासका बारेमा सङ्क्षिप्त विवेचना गरिए पनि मिथकीय प्रयोगलाई कहीँ कतै औंल्याइएको पाइँदैन यद्यपि कथावस्तु भने अटाएको पाइन्छ ।

भूपति ढकाल 'कमल' (२०६७) को विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण नामक पुस्तकमा मोदिआइन उपन्यासका बारेमा केही चर्चा परिचर्चा गरिएको पाइन्छ । उपन्यासको विश्लेषण, संरचना, कथावस्तु र पृष्ठभूमि, पात्र-संयोजन, चरित्र, परिवेश, भाषाप्रयोग, आकार, शीर्षकचयन तथा मानवमूलक उपन्यास, मनोवैज्ञानिक पृष्ठभूमिमा अस्तित्वपरक प्रस्तुति, प्राचीन विषयवस्तुको आधुनिक प्रस्तुति आदि शीर्षकमा विभाजन गरी विश्लेषण गरेका छन् । जहाँ मिथकका बारेमा कुनै उल्लेख भएको पाइँदैन ।

प्रस्तुत मोदिआइन उपन्याससँग सम्बन्धित लेख तथा समालोचनात्मक टिप्पणीहरू फाटफुट रूपमा प्राप्त भए तापनि त्यसमा मिथकीय शैली तथा प्रयोगको उल्लेख प्राप्त गर्न चामलमा बियाँ खोज्नु पर्ने जस्तो अवस्था रहेका कारण यस शोधकार्यको उद्देश्य सार्थक रहने देखिएको छ ।

महेन्द्रकुमार मल्लका (२०६८) विद्यावारिधि उपाधिका लागि प्रस्तुत गरिएको 'आधुनिक नेपाली उपन्यासमा मिथक' नामक शोधपत्रमा यस शीर्षकसँग सम्बन्धित सामग्रीहरू धेरथोर रूपमा प्राप्त गर्न सकिन्छ ।

कृष्ण गौतम (२०५६) को 'रचनाको रोमान्च' शीर्षकको समालोचनात्मक कृतिमा 'मोदिआइन'को चर्चाका क्रममा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले अतीतको चित्रण

गर्दै सुदूर पौराणिक युगसम्मको सेरोफेरो प्रस्तुत गरिएको जनाइएको छ । साथै आज आएर लेखकका लागि पुराण निकै आकर्षक विषयवस्तु बन्दै गइरहेको औद्योगिक सभ्यताको कोलाहलबाट पौराणिक विषयतर्फ खिचिनु लेखकका लागि औषधि नै भएको, कथा कालदेखि नै कोइराला पौराणिक वा मिथकीय विषयलाई आकर्षित भएको र त्यसको सुन्दर उपयोग 'सुम्निमा' उपन्यासमा भएको भनी कोइरालाका उपन्यासमा प्रयुक्त मिथकको चर्चा गरिएको छ । यस कृतिमा 'मोदिआइन' उपन्यासको पौराणिक पात्रसम्मको सेरोफेरोलाई आत्मासात् गरेको र आजको यान्त्रिक कोलाहलको युगमा लेखकलाई पौराणिक विषय चयन गर्दा सन्तुष्टि हुने सङ्क्षिप्त चर्चा आएको छ । यसमा लेखकले उपन्यासको मिथकीय समीक्षा गर्ने ध्येय राखेका छैनन्, केवल विषयवस्तुको प्रसङ्ग मात्र उल्लेख गरेका छन् ।

अतः प्रस्तुत शोधपत्रको विषयवस्तुसँग सम्बन्धित अध्ययन, अनुसन्धान दुर्लभ भएका कारण मेरो यस अनुसन्धान कार्यले सार्थकता पाउने देखिन्छ ।

## १.५ शोधको महत्त्व र औचित्य

प्रस्तुत शोधकार्यबाट समस्या कथनमा व्यक्त भएका समस्याहरूको निराकरण हुनेछ । उद्देश्यमा दिइएका उद्देश्यहरू पुरा हुने छन् । पूर्वकार्यमा प्रस्तुत गरिएका अभाव र कमजोरीहरूको निराकरण हुनेछ । मिथकीय दृष्टिले साहित्यिक कृतिको अध्ययन विश्लेषण गर्न चाहने अध्येताका लागि सैद्धान्तिक आधार तथा विश्लेषणको आधार प्रदान गर्न यो शोधकार्य उपयोगी हुनेछ ।

## १.६ शोधकार्यको सीमाङ्कन

मिथकलाई आधार बनाएर रचना गरिएका मिथकीय रचनाहरू नेपाली उपन्यास लेखनमा बग्रेल्ती भेटिन्छन् । ती मध्ये विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित 'मोदिआइन' उपन्यासमा प्रयुक्त मिथक र मिथकको सिद्धान्तको अध्ययन-विश्लेषणमा प्रस्तुत शोधपत्र केन्द्रित छ । 'मोदिआइन' उपन्यासमा अंगालिएका नवीन औपन्यासिक संरचना र चिन्तनप्रणालीको सम्पूर्णताको खोजी नगर्नु नै यस शोधपत्रको सीमा रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यका लागि आवश्यक सामग्रीको सङ्कलन विशेष गरी पुस्तकालय स्रोतबाट गरिएको छ । यसका साथै विषयगत समस्याको स्पष्टीकरण र समाधानका लागि सम्बन्धित विषय विशेषज्ञहरूसँग पनि छलफल गरिएको छ ।

**१.८ शोधपत्रको रूपरेखा**

प्रस्तुत शोधपत्रलाई सु-संगठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्न यसलाई निम्नलिखित अध्यायहरूमा विभाजन गरिएको छ :

**अध्याय एक** : शोधपरिचय

**अध्याय दुई** : मिथक सिद्धान्त

**अध्याय तीन** : 'मोदिआइन' उपन्यासमा मिथक

**अध्याय चार** : उपसंहार

**सन्दर्भ ग्रन्थसूची**

उपर्युक्त अध्यायका मूल शीर्षकहरूलाई आवश्यकता अनुसार विभिन्न उपशीर्षकहरूमा विभाजन गरी शोधपत्रलाई सुगठित र सुव्यवस्थित बनाइएको छ ।

# अध्याय : दुई
# मिथक सिद्धान्त

## २.१ मिथक शब्दको व्युत्पत्ति

अङ्ग्रेजी शब्द मिथ (Myth) को हिन्दी रूपान्तरण मिथक हो । मिथ ग्रिसेली मुथोस (Muthos) बाट विकसित भएको शब्द हो । ग्रिसेली मूल शब्द मुथोसको अर्थ मुखले शब्दका माध्यमबाट केही कुरा भनिएको (कडन, सन् १९९२ : ५६२) भन्ने हुन्थ्यो । प्लेटोले सम्पूर्ण रूपले असत्य नभएको आख्यानको एक भागका रूपमा मुथोस शब्दलाई अर्थ्याएका छन् । (कडन,सन् १९९२ : ५६२) । ग्रिसेलीको मुथोस ल्याटिन र जर्मनी हुँदै अङ्ग्रेजीमा मिथका रूपमा प्रयोग हुन थालेको हो । अङ्ग्रेजीमा मिथ शब्दको प्रयोग देवीदेवताहरू अथवा अतिप्राकृतिक पात्रहरू र मानव जीवनको अनुभव भन्दापर कुनै समयको असाधारण घटना एवम् परिस्थितिसँग सम्बद्ध आख्यानका लागि हुन्थ्यो (वेन्टन,सन् १९७३-१९७४ : १५४) । मिथमा वस्तु र जगत्प्रतिको प्रतीकात्मक अभिव्यक्ति पाइन्छ । तसर्थ सृष्टि अथवा व्यक्तिको प्रतीकात्मक आख्यान नै मिथको व्यापक अर्थ हो ।

अङ्ग्रेजी 'मिथ' शब्दको समानार्थी वा पर्यायका रूपमा नेपाली पुराकथा पुराण विद्या र आदिमता जस्ता शब्दको प्रयोग छिटफुट रूपमा नेपाली वाङ्मयमा भएको पाइन्छ । हिन्दी साहित्यमा भने मिथक शब्दको चलन हजारीप्रसाद द्विवेदीले चलाएका हुन् । उनले मिथमा 'क' प्रत्यय जोडेर मिथक शब्द बनाएका हुन्,(सिंह, सन् १९९९:१२) मिथक भन्नाले त्यस्तो कुराको बोध हुन्छ जसमा देवी,देवता, राक्षस आदि अतिप्राकृतिक तत्त्वको ठूलो भूमिका रहन्छ । नेपाली बृहत् शब्दकोशले मिथकलाई पुराकथाका रूपमा चिनाएको छ । नेपाली साहित्यमा जगदीशशम्शेर राणाले **'दश दृष्टिकोण'** नामक कृतिमा मिथका ठाउँमा मिथक शब्दको प्रयोग उपयुक्त हुने विचार प्रस्तुत गरेका छन् (राणा, २०४५:२९८) ।

मिथक संस्कृत शब्द नभए पनि यससंग मिल्दा जुल्दा शब्दका रूपमा मिथस वा मिथ र मिथ्यालाई मानिन्छ । परस्पर र असत्यको अर्थका रूपमा क्रमशः मिथस र मिथ्यालाई लिइन्छ । मिथकलाई मिथससँग सम्बन्धित गरेर हेर्ने हो भने सत्य र कल्पनाको परस्पर अभिन्न सम्बन्ध भन्ने बुझिन्छ भने मिथ्यासँग सम्बन्धित गरेर हेर्दा कपोल कथा भन्ने बुभिन्छ (नगेन्द्र,सन् १९८७) सारमा भन्नुपर्दा अङ्ग्रेजी शब्द मिथको ध्वनि र अर्थका साम्यताका आधारमा मिथकको प्रयोग गरिएको हुनाले मिथ शब्दले वहन गर्ने अर्थका आधारमा नै मिथक शब्दलाई व्यवहारमा प्रयोग गरिनु पर्दछ ।

## २.२ मिथकको स्वरूप

मिथकको रचना मानव र प्रकृतिका बीच स्पष्ट विभाजक रेखा नछुट्टिँदै भएको मानिन्छ, अर्थात् मानव र प्रकृति परस्पर सहयोग एवं संघर्षका सूत्रमा बाँधिएकै बेला वा यी

दुबै एक सार्वभौम जीवनमा सहभागी भएका बेला मिथकको  रचना भएको हो (पोखरेल, …….. १०८) । मिथकको प्रकृति एकै किसिमको हुँदैन । यसको स्वरूपमा विविधता पाइन्छ । सामान्यतया मिथकमा सृष्टिको उद्‌भव, त्यसको व्यापार र गतिशीलता जन्म, मृत्यु र पुनर्जन्म, प्रकृतिका विविध तत्त्व, दैवीशक्ति र चमत्कार आदि सम्बन्धी, प्रारम्भिक विश्वास, आस्था र धारणा पाइन्छ । मिथक सार्वभौम कल्पना हो । मिथक आदिम मानवका सामूहिक अनुभूतिहरूको शब्दमूर्त रूप हो, जसमा मानव र प्रकृतिका सत्ताको अभेद चेतना निहित रहन्छ । मिथकको रूप कथात्मक हुन्छ । मिथकीय कथाका घटनाहरू लोक-वाह्य अथवा एकप्रकारले अलौकिक या अतिमानवीय हुन्छन् । तर मानव जीवनका निम्ति तिनको आफ्नै विशेष सार्थकता अनिवार्य रूपले रहेको हुन्छ । अर्थात् ती घटना र परिस्थितिहरू अलौकिक र अतिमानवीय हुँदा हुँदै पनि मानवजीवनका लागि कुनै हालतमा अप्रासङ्गिक ठहरिँदैनन्  ।

मिथका सम्बन्धमा ग्रिसमा धेरै पहिलेदेखि चर्चा भएको पाइन्छ । प्राचीन ग्रिसका एक्सोफेनस, थियोजेनेस, फेरीसाइडसर हेकाटसले क्रमशः 'पुराना मानिसका नीतिकथा' स्वरुपकात्मकता, 'प्राकवैज्ञानिक विचार' र 'ऐतिहासिक तथ्यबाट' मिथकको जन्म भन्ने जस्ता मिथक सम्बन्धी धारणाहरू प्रस्तुत गरिएको पाइन्छ । (स्पेन, सन् १९९४ :४१-४२)इस्वीको चौंथो, शताब्दीमा इयूहेमरसले लोकपरम्परामा जीवित जति पनि देवताहरू छन् ती मूल रूपमा मानिस नै थिए भन्ने विचार प्रकट गरेका छन् । आफूमाथि शासन गर्ने वा कृपा गर्ने महान् मानिसहरूलाई पछिल्ला पुस्ताले पूजा गर्न थाले र देवताका रूपमा स्थापित गरे भन्ने उनको धारणा रहेको छ । महान् शासन वा पराक्रम शौर्यले भरिएको मानिस नै पछि गएर देवत्त्व प्राप्त गर्ने भएकोले इतिहास मिथकका रूपमा बदलिन्छ भन्ने दृष्टिकोण इयूहेमरसको रहेको छ (स्पेन्स, सन् १९९४ : ४२) ।

मिथकको परिभाषा र स्वरूपबारे विभिन्न विद्वान् र कोशले आ-आफ्नै दृष्टिबाट अर्थ्याएका छन् । मिथकलाई अतिप्राकृतिक घटनाहरू रहने परम्परागत कथाका रूपमा कोशहरूले चिनाएका छन् । यस्ता कथाहरू देवताका कार्य वा अलौकिक घटनासँग सम्बद्ध रहन्छन् भन्ने धारणा कोशहरूमा पाइन्छ । भौतिक जगत्को सत्यभन्दा पर अद्‌भूतिकता धार्मिकता, रहस्यमयता र अलौकिकताको वर्णन मिथकको विषय हुन्छ । त्यसैले ती काल्पनिक र अविश्वसनीय हुन्छन् भनी तिनले चिनाउने प्रयत्न गरेका छन् । सामान्यतः मिथकलाई  धार्मिक विश्वास रहेको असत्य कथा (क्रिस्टल, सन् २००० : ७६०) धार्मिक विश्वास, प्राकृतिक वा सामाजिक परिवेशको  बारेमा व्याख्या  गरिएका परम्परागत आख्यान (ब्रोन,सन् १९९३:१८७४), देवता र अलौकिक घटनाहरू रहेका परम्परागत कथा (ब्रीजवाटर र शेरउड,सन् १९५६ : १३५०) समाजमा ठूलो परिवर्तन घटाउन सक्ने अद्‌भूत र महामानव प्रकृतिका देवता वा वीरका कार्यहरूलाई विषबद्ध गरेर आएका कथा (फोलर, सन् २००५:१५३) भनी कोशहरूले अर्थ्याएको पाइन्छ । यसका साथै तिनमा मिथकका विशिष्ट अवधारणा हरू लाई पनि प्रस्तुत गरिएको छ ।

वरिष्ठ मनोविज्ञानाचार्य फ्रायड र युङ्मध्ये फ्रायडका विचारमा मिथक स्वप्नको संजातीय इच्छापूर्तिको एक विधान हो र पुराकालमा आदिम मानव आफ्ना रागद्वेष जन्य इच्छाका प्रेमजन्य वासनाका र मृत्युका रूपमा सन्त्रासका भावनाहरूलाई मिथकका रूपमा प्रतिफलित गर्दथ्यो अति स्वप्न र दिवास्वप्नका साथ मिथकको मौलिक सम्बन्ध हुनाले मानवद्वारा मिथक रचनाको प्रक्रिया निरन्तर चलि नै रहन्छ । युङ्गले मिथकलाई 'सामूहिक अचेतन' मानेका छन् । यिनका विचारमा मिथक भन्नाले मानवजातिका सामूकि अचेतनमा सञ्चित परावैयक्तिक स्तरका संस्कार वा प्राक्तन संस्कार वा जननान्तरका वासना बुझ्नु पर्छ । अनि ती संस्कार वा वासनाहरू आदिम युगदेखि आजसम्म मानवका (सामाजिक) अचेतनमा बिम्बका रूपमा सुरक्षित रही आएका हुनाले मिथकलाई 'आद्यबिम्ब' भन्ने नाम पनि दिन सकिन्छ । (पोखेल, वि.सं.२०४५ : ११०) ।

मिथकको स्वरूपमा विविधता पाइने हुनाले यसलाई यस्तै हुन्छ भनेर परिभाषामा बाध्न निकै अप्ठ्यारो हुन्छ । यति हुँदा हुँदै पनि कतिपय कोश र विद्वानहरूले मिथकलाई परिभाषित गर्ने प्रयास गरेका छन् । द कोलम्बीया इन्साइक्लोपेडियाले सामान्यरूपमा देवता र अलौकिक घटनाहरूसँग सम्बन्धित परम्परागत कथाहरूलाई मिथक भनी चिनाएको छ । साथै यसले मिथकलाई सृष्टि वा व्यक्ति मनको प्रतिकात्मक आख्यानका रूपमा पनि लिएको छ (ब्रिजवाटर शेरउड सन् १९५६:१३५०) । द पेन्गुइन डिक्सनरी अफ लिटरेटी टमर्सले मिथकलाई मनोवैज्ञानिक सत्यलाई प्रस्तुत गर्ने र चिजहरू कसरी अस्तित्वमा आए भनी व्याख्या गर्ने आख्यान भनी चिनाइएको छ । (कडन, सन् १९९२:५६२) । त्यस्तै द इन्साइक्लोपेडिया ब्रिटानिकाले देवी देवताहरू अथवा अति प्राकृतिक पात्रहरू रहेको कुनै समयको असाधारण घटना एवम् परिस्थितिसँग सम्बद्ध आख्यानलाई मिथक भनी परिभाषिक गरिएको छ । मिथकको इतिहास चिनाउन नसक्ने अनेक प्राचीन परम्पराहरू सङ्ग्रहित रहन्छन् । जसलाई मानिसको ऐतिहासिक प्रक्रिया भनी दावा गरिन्छ (स्पेन्स,सन् १९९४:९२) भनी सर जर्ज, गोमेले मिथकलाई चिनाएका छन् भने म्याम्बाटिस्टा विकोले मिथकलाई एक प्रकारको काव्यात्मक भाषा (विम्सट र ब्रुक्स, सन् १९५७:७००) भनेका छन् ।

यसरी मिथकलाई विभिन्न कोणबाट चिनाउने क्रममा कसैले दैवी वा अतिप्राकृतिक घटनाका रूपमा, कसैले मनोवैज्ञानिक कोणबाट कसैले ऐतिहासिक, सामाजिक तथा भाषिक परिप्रेक्ष्यमा परिभाषित गरिएको पाइन्छ । तसर्थ यसको स्वरूप विस्तृत छ । कुनै एक विषय क्षेत्रबाट मिथकलाई चिनाउन सकिँदैन

## २.३ मिथक सम्बन्धी विविध अवधारणा

मिथकलाई क्षेत्रअनुसार आ-आफ्नै ढङ्गले परिभाषित गर्न र अर्थ्याउन सकिन्छ । यसो हुनुमा यसको स्वरूपगत विविधता मुख्य कारण हो । आदिम मस्तिष्कको सिर्जना नै मिथक भएको हुनाले आदिम विश्वासका रूपमा क्रमशः विकसित हुँदै युगीन परिवेश र

सन्दर्भ अनुरूप यसको स्वरूपमा परिवर्तन आउने गर्दछ । समय र परिस्थिति अनुरुप मिथकको विकास र उत्पत्ति हुने हुनाले धर्म, मानवशास्त्र, मनोविज्ञान, समाज, भाषा, साहित्य दर्शन, इतिहास आदि विभिन्न विषयक्षेत्रसँग सम्बन्धित गरेर मिथकको अध्ययन गर्न आवश्यक देखिन्छ ।

### २.३.१ प्रारम्भिक अवधारणा

वास्तवमा मिथकलाई प्रकृतिको रहस्य उद्घाटन गर्ने आदिम मानवको विज्ञानको रूपमा लिइन्छ । मिथकलाई आदिम मानवको प्रथम भाषा पनि भन्न सकिन्छ । मिथकीय कथाका माध्यमबाट उसले जीवन र जगत् सम्बन्धी आफ्ना अनुभूतिकल्पना र धारणालाई अभिव्यक्त गऱ्यो । प्रकृति जगत्को अनुभवलाई वस्तुगत रूपमा प्रस्तुत गर्न असमर्थ हुने भएकोले आदिम मानवले चित्रात्मक कल्पनाका माध्यमबाट अलग्गै संसारको सिर्जना गर्थ्यो । जसलाई मिथकको संसारका रूपमा लिन सकिन्छ ।

डेविड बिडेनका अनुसार मिथकमा मानव र प्रकृतिका बिचको एकात्म्यताको भावना निहित रहन्छ (नगेन्द्र,सन ्१९८७ : ७) । मानव कल्पनाको सिर्जनाका रूपमा रहेको मिथक प्रायः सबै जाति र संस्कृतिमा उस्तै उस्तै रूपमा भएको पाइन्छ ।

सृष्टिको उत्पत्ति प्रकृतिको मानवीकरण र दैवीय सन्दर्भबाट मिथकको सिर्जना भएको हो । यसै आधारमा मिथकलाई प्रकृतिको मानवीकरण एवम् रुपात्मक दृष्टिले व्याख्या गर्न थालियो । जर्मन सम्प्रदायले प्राकृतिक तत्त्वको मानवीकरणलाई नै मिथक भनी विश्वास गर्दछ । मिथक सिर्जनाको मूलमा एरेननाइव, जीके तथा विक्लरा जस्ता विद्वान्ले चन्द्रमालाई, म्याक्समूलर विलियम जर्ज कक्सजस्ता विद्वान्ले सूर्यलाई र कुहम डार्मस्टरर जस्ता विद्वान्ले ऋतुचक्र वा प्राकृतिक घटना व्यापारलाई मान्दछन् (गौतम, सन् १९९७:१९-२०)। मिथक सम्बन्धी आदिम अवधारणाले प्रकृति र मानवका बिचमा तादाम्यता स्थापित गरिएको छ । आदिम मानवले प्राकृतिक तत्त्व र घटनाका बारेमा कथात्मक रूपमा व्यक्त गरिएको सहज प्रतिक्रिया, विचार वा विश्वासलाई नै मिथक भनिन्छ । प्रकृतिको उत्पत्ति, घटना व्यापार र रहस्यका बारेमा आदिम कथात्मक वर्णन नै मिथक हो भन्ने धारणा हो । मिथक सम्बन्धी धार्मिक/मानवशास्त्रीय/मनोवैज्ञानिक/समाजशास्त्रीय/भाषा, इतिहास, दर्शन/साहित्य,लोकसाहित्य प्रतीक/बिम्ब/स्वैरकल्पनात्मक अवधारणा संक्षिप्त परिभाषाका रूपमा यहाँ प्रस्तुत गरिन्छ ।

### २.३.२ धार्मिक अवधारणा

मिथक संसारका सबै जातिका सबै धर्मग्रन्थहरूमा पाइन्छ । सृष्टिको उत्पत्ति र विकास सम्बन्धी मिथक सबै धर्मग्रन्थहरूमा पाइनु यसको प्रमाण हो । लेविसको स्पेन्सले मिथकशास्त्रलाई धर्म विज्ञानको एक भागका रूपमा चिनाएका छन् । (स्पेन्स, सन्१९९४:१३)।

यसबाट धर्म,यज्ञ,आराधना आदिसँग मिथकको नजिकको सम्बन्ध रहेको बुझिन्छ । रोजर फोलरले मिथकलाई 'स्रोत र लेखक नखुलेको साथै धार्मिक विश्वासलाई सहयोग गर्ने कथा' (फोलर,सन् २००५ :१५३)का रूपमा चिनाएका छन् । व्यापक अर्थमा भन्ने हो भने धर्ममा दिव्य वा अलौकिक शक्तिका सम्बन्धमा मनुष्यले बनाएको धारणाआएको हुन्छ र मिथकले पनि वीर नायक देवता आदि सम्बन्धी आख्यानलाई प्रस्तुत गर्दछ । अर्वनका अनुसार धार्मिक प्रतीकहरूको स्रोतका रूपमा रहेका मिथकलाई प्रतीकत्मकताका लागि कुनै मूर्तीको आवश्यकता पर्दछ र त्यही पछि गएर धार्मिक देवता बन्दछ (सिंह, सन् १९८८:४९) मिथकलाई धर्मसँग सम्बन्धित गरेर हेर्ने परम्परामा जर्मन धर्मशास्त्रविद् एडोल्फ ओटोले यसलाई धर्मबाट अलग गर्नै नहुने मान्यता अघि सारेका छन् । प्रचीन समय देखिनै मिथकमा धार्मिक भावना मिश्रित भएर आएको हो । विश्वको मिथकीय परम्परालाई अध्ययन गर्ने हो भने मिथक धर्म सँगसँगै आएको देखिन्छ । मालती सिंह लेख्छिन् हिन्दु धर्मलाई के वेद, आख्यक र पुराणबाट अलग गर्न सकिन्छ  भगवान बुद्ध इतिहास पुरुष थिए तर उनको जीवनकालमै उनको केवल दैवीकरण गरियो अपितु उनीसँग सम्बद्ध एक पृथक मिथक शास्त्रको विकास भयो । जातक कथाका माध्यमबाट बौद्ध धर्मले सन्त तथा दुष्टआत्मासँग सम्बन्धित एक सम्पन्न मिथकीय परम्पराको जन्म दियो (सिंह, सन् १९८८:४९) । अतः धर्मले आफ्नो सुविधाका लागि मिथकलाई अबलम्बन गर्दछ । धर्म र मिथकलाई एउटै रूपमा हेरिनु वा धर्म नै मिथक हो भन्नु मिथकको व्यापक अर्थ वा शक्तिलाई सङ्कुचन गर्नु हो । उदात्त मानवीय मूल्य र संस्कृतिको संवाहकका रूपमा मिथकले समग्रतालाई समेटेको हुन्छ । त्यसैले मिथक नै धर्म वा धर्म नै मिथक होइन । एउटा निश्चित सीमासम्म भने यी दुईका बीच सम्बन्ध रहेको छ ।

### २.३.३ मानवशास्त्रीय अवधारणा

मिथकमा आदिम मानवको ज्ञान र अनुभव रहेको  हुन्छ । मानवशास्त्रीहरू मिथकको महत्त्वलाई बुझ्नका लागि त्यसको गहिराइमै पुग्नुपर्ने बताउँछन् मिथक र धार्मिक अनुष्ठान वा कर्मकाण्डको सम्बन्धका बारेमा मानवशास्त्रीहरूले निकै तर्कवितर्क दिने  गरेका छन् ।

यस सम्बन्धमा मानवशास्त्रीहरूका बीचमा निकै विवाद पनि भएको छ । कतिपय विद्वान्ले मिथकलाई पहिले र अनुष्ठानलाई पछि मान्दछन् भने कतिपयले अनुष्ठानलाई पहिले र मिथकलाई पछि मान्दछन् । आज आएर मिथक र अनुष्ठान एक आपसमा अन्तरर्सम्बन्धित छन् र एकले अर्को माथि टिप्पणी गर्दछन् भन्नेमा  मानवशास्त्रीहरू एकमत छन्(स्मिथ, सन् २०३-२०४)।

प्रायः सबै मानवशास्त्रीहरू प्रकृतिलाई मिथकको मूल मान्दछन् । उनीहरूका विचारमा आदिम मानवमा प्रकृतिप्रति जिज्ञासाभाव रहेको थियो । प्रकृतिको सहचार्यमा उसले त्यसका तत्वहरूलाई भय, त्रास, प्रेम, आनन्द क्रोध आदि मनोभावका रूपमा र

त्यसका घटनाहरूलाई जन्म, मृत्यु, सङ्घर्ष आदि मनोभावनाका रूपमा र त्यसका घटनाहरूलाई जन्म, मृत्यु, सङ्घर्ष अदिका रूपमा हेऱ्यो । प्रसिद्ध मानवशास्त्रीय इ.वी. टेलरले मिथकलाई लिएर सर्वात्मवादी सिद्धान्तको स्थापना गरेका छन् । मान्छेको भित्री तहमा आत्मा भएजस्तै आकाश, पृथ्वी, पत्थर, वृक्ष, तारा आदि सबैमा आत्माको बास हुन्छ भन्ने धारणा आदिम मानवको थियो । उसले प्रकृतिमा रहेका सबै तत्त्वहरूलाई आफू जस्तै बोली, इच्छा र विचारको शक्तिले भरिएको सम्झन्थ्यो अर्थात् उसका लागि प्रकृति जगतमा रहेका सबै बस्तुहरू जीवित तत्त्व थिए यसलाई सर्वात्मवाद भनिन्छ । साँस्कृतिक मानवशास्त्रीहरू मानव र प्रकृतिका बिचमा रहेका समानता, विरोध, पुरकता आदि सम्बन्धमा नै मिथक निर्माणको सूत्र पाइने बताउँछन् । प्रसिद्ध मानवशास्त्री मार्सिया इलियडले संसारमा कुनै चिज कसरी आरम्भ र अन्त्य भयो भन्ने विषय मिथकमा रहन्छ भन्ने धारणा राखेका छन् । धर्म र संस्कृतिसँग सम्बन्ध भएर आउने भएकाले मिथक पवित्र हुन्न भन्ने दृष्टिकोण उनको छ । मिथकमा विविधताले भरिएका जटिल अनुभवहरू सङ्ग्रहित हुन्छन् जसमा मानव सभ्यता र संस्कृतिको जन्म भएको हुन्छ । त्यसैले जगदीशचन्द्र श्रीवास्तव लेख्छन्-'मिथक कुनै पनि संस्कृतिलाई बुझ्न र पहिचान गर्नका लागि निकै उपयोगी हुन सक्छ किनकी यिनमा ज्ञानेन्द्रियहरूको जटिल र वैविध्यपूर्ण आद्य अनुभवपुञ्ज निहित हुन्छ- ती अनुभवपुञ्ज, जसबाट सभ्यता, संस्कृति,विज्ञान,धर्म र दर्शनको उदय भएको हो । (श्रीवास्तव, सन् १९८५:११) अतः मिथकमा मानव अनुभवलाई समग्रतामा प्रस्तुत गर्ने प्रयास भएको हुन्छ ।

## २.३.४ मनोवैज्ञानिक अवधारणा

मानवशास्त्रीहरूले मिथकमा आदिम मानवका स्वप्न अभिव्यक्तिहरू पाइने सङ्केत गरेपछि मनोवैज्ञानिकहरू मनस्तात्विक दृष्टिले यसलाई अध्ययन गर्न अग्रसर भएका हुन् । प्रसिद्ध मनोवैज्ञानिक सिग्मण्ड फ्रायडले मिथकलाई अचेतनका इच्छाहरूसंग सम्बन्ध गरेका छन् । फ्रायडीयन स्कूलले मिथकलाई इच्छापूर्तिको साधनका रूपमा व्याख्या गर्दछ ( ब्रीजवाटर र शेरउड, सन् १९६५:१३५०) । फ्रायडले स्वप्न सिद्धान्त अघि सार्दै स्वप्नको विस्तार सत्यलाई निर्धारण गर्नका लागि त्यसको विश्लेषण गर्नु पर्दछ भन्दछन् । (फ्रायड, सन् २००२:१३८) । जसरी मनमा दब्बिएर रहेका इच्छाहरू सपनामा प्रतीकात्मक रूपमा अभिव्यक्त हुन्छन् । त्यसै गरी सम्पूर्ण मानव जातिका कुण्ठा र इच्छाहरूको अभिव्यक्त मिथकका माध्यमबाट हुन्छ भन्ने उनको दृष्टिकोण रहेको छ । अर्का प्रसिद्ध मनोवैज्ञानिक कार्ल गुस्ताव युङ्गले मिथकलाई अचेतनसँग सम्बद्ध गरेर हेरेका छन् । उनले मानव जातिको सामूहिक अचेतनमा रहेको आकाङ्क्षा र भावनाहरूको अभिव्यक्तिका रूपमा मिथकलाई अर्थ्याएका छन् । सामूहिक अचेतनलाई मिथकको सामाजिक भूमिकाका रूपमा लिन सकिन्छ । युङ्गले मिथकलाई व्यक्ति र समाजलाई संग्रन्थित गर्ने माध्यमका रूपमा

स्वीकृति दिएका छन् र यस मान्यतालाई  जर्ज ह्वेले पनि व्यक्ति र समाजको भावनालाई एकाकार गर्ने अनिवार्य सूत्र मानेका छन् (गौतम, सन् १९९७:३०)।

कुनै पनि जाति,संस्कृति वा राष्ट्रको चेतनालाई बोध गर्नका लागि मिथक महत्त्वपूर्ण साधन बन्न सक्छ । त्यसैले मिथक समग्र मानवको अनुभवको सङ्ग्रहका रूपमा रहेको छ । युङ्गका यिनै व्याख्याबाट मिथक कपोलकल्पना नभएर मनोवैज्ञानिक सत्यका रूपमा स्थापित भयो । त्यसैले मिथकलाई मानव-ज्ञानको प्रतीकात्मक सङ्ग्रह भनिन्छ । फ्रायडले मिथकलाई मनोवैज्ञानिक आलोकबाट वस्तुगत ढङ्गले व्याख्या गर्ने परम्पराको थालनी गरे भने युङ्गले यसलाई अझ व्यापक र विश्वसनीय बनाउने कार्य गरे ।

## २.३.५ समाजशास्त्रीय अवधारणा

संस्कृति समाजमै प्रचलित हुन्छ । समाज भिन्न संस्कृतिको कल्पना गर्न सकिँदैन । मिथकमा सामाजिक संस्थाहरूको वर्णन पाइन्छ । त्यसैले मिथक समाजको आस्था र विश्वासको धरोहर हो । यसलाई समाज विज्ञानले सङ्क्रमणकालीन आवश्यकताका रूपमा हेर्दछ (टर्नर, १९६८:५७६) । ग्याम्बा टिस्टा विकोले प्राचीन समाजको धर्म, विधि, नैतिकता र समाजका प्रचलनका बारेमा जानकारी प्राप्त गर्न मिथक शास्त्रले ठूलो मद्दत गर्दछ भन्दछन् (एडवार्डस,सन् १९७६:४३४-४३५) । मिथकले मानवीय विश्वास, क्रिया अनुष्ठान र नैतिक आचरणहरूको उद्घाटन गर्दछ । मिथकमा सामाजिक विश्वास अभिव्यक्त भएको हुन्छ । मिथकीय वृत्त सामाजिक,सांस्कृतिक मान्यतासँग सम्बन्धित हुन्छ । मानव संस्कृतिको लागि मिथक अनिवार्य हुन्छ । जेस्यूज एललका अनुसार मिथकको आन्तरिकताले अर्थवत्ता पनि प्रदान गरिएको हुन्छ । कुनैपनि व्यक्ति वा समाज मिथकको व्यवस्थामात्र गर्दैन बरु त्यसलाई विभिन्न अर्थ सन्दर्भ प्रदान गर्दछ भन्ने उनको धाररणा रहेको छ । मिथकमा सामाजिक सांस्कृतिक सत्य उद्घाटित भएको हुन्छ । तर यस्तो सत्य विज्ञानको जस्तो तथ्यमा आधारित हुँदैन । यस्तो सत्य आत्मिक वा मानसिक हुन्छ । संसारको वास्तविकतालाई भावनात्मक अभिव्यक्त दिनु मिथकको विशेषता हो । मिथक केवल धर्म होइन न त अतीतको ज्ञानमात्रै बरु यसका माध्यमले हामी कुनै पनि संस्कृति अन्तर्गतको सामाजिक आर्थिक अवस्थाहरूको खोजी गर्न सक्छौं । त्यसैले साहित्यमा मिथक अतीत र वर्तमानको सामाजिक पक्षलाई उद्भाषित गर्ने एउटा महत्त्वपूर्ण आधार बनेको छ । जुन समाजमा मिथक अव्यवस्थित हुन्छ र जुन समाजमा मिथक व्यवस्थित  रूपमा रहेको छ त्यसमा सामाजको जातीय स्वरूप पनि व्यवस्थित हुन्छ भन्ने धारणा लेभी स्ट्रसको रहेको छ । समयको परिवर्तनसँगै मानिसको सामाजिक, आर्थिक अवस्थामा पनि परिवर्तन घटित भएको हुन्छ । परिवर्तित जीवन परिस्थितिमा आधुनिक मिथकको पनि जन्म हुँदै गएको छ । आधुनिक कला र सामाजिक जीवनमा यस्ता नयाँ मिथकहरूको अभिव्यक्ति भएको पाइन्छ । समाजको ऐतिहासिक विकास प्रक्रियामा जनताको भोगाइ,अनुभूति, आस्था र विश्वासले

कलात्मक प्रतिफल प्राप्त गर्दै गई रहेको छ । सामाजिक विकास र चापबाट सिर्जित हुने भएकोले यस्ता नयाँ मिथकहरूको समाजसँग नजिकको सम्बन्ध रहेको हुन्छ ।

## २.३.६ भाषाशास्त्रीय अवधारणा

भाषाशास्त्रीहरू भाषाको मूलरूप मिथकीय मान्दछन् । प्रकृतिजगतको वरिपरि रहेको आदिम मानवले आफ्ना अनुभूति र आस्थालाई मिथकीय रूपमा अभिव्यक्ति दिँदा स्वाभाविक रूपमा भाषाको आवश्यकता पर्‍यो । मिथकलाई भाषाको आधार वा पूरक मान्दै हजारीप्रसाद द्विवेदी लेख्छन् : "आदिम मानवको चित्तमा सञ्चित अनेक अनुभूतिहरू मिथकका रूपमा प्रकट हुनका लागि व्याकुल रहन्छन्, परन्तु भाषाको माध्यमबाट जब ती प्रकट हुन्छन् तब सतहमा एकाग्री, तर्कहीन र मिथ्या लाग्दछन्, तर गहिराइबाट हेर्ने हो भने ती मनुष्यको अर्न्तजगतलाई अभिव्यक्त गर्ने एकमात्र साधन हुन्" (कपूर, सन् १९८९:१४०)।

यसरी द्विवेदी मिथक भाषाका माध्यमबाट प्रकट हुन्छ भन्दछन् । उषापुरीले 'मिथक तत्त्व भाषाकै कारणले मनुष्यको निश्चित सिर्जनशक्तिको विलास हो । यो माथिबाट हेर्दा असत्य वा अन्धविश्वास जस्तै प्रतीत होस्, तर गम्भीरतापूर्वक विचार गर्ने हो भने त्यसमा कुनै प्रच्छन्न वा परोक्ष सत्य प्राप्त गर्न कठिन हुँदैन' (कपूर,सन् १९८९:१३९) भनेकी छिन् । भाषा र मिथकमा विद्यमान कतिपय तत्त्वहरूले यी दुईको नजिकको सम्बन्धलाई बुझाउँछन् । उदाहरणका लागि किम्बदन्तीहरूमा मिथकीय तत्त्व पाइन्छ भने अर्कोतिर भाषाका कतिपय शब्दहरूले खास मिथकीय सन्दर्भलाई अभिव्यक्त गर्दछन् मिथकलाई भाषिक सन्दर्भमा व्याख्या गर्ने विद्वानहरूमा म्याक्समूलर, अर्नेष्ट क्यासिरेर, रोलाँबार्थ र क्लाउड लेभि-स्ट्रस महत्त्वपूर्ण मानिन्छन् म्याक्समूलर मिथकलाई भाषाको आदिम रूप ठान्दछन् । उनले आदिम भाषामा रहने रूपकात्मकतालाई काव्यात्मक रूपक भनेका छन् ( स्पेन्स, सन् १९९४:४८)। मिथकको जन्म भाषाबाट हुन्छ भन्ने मुलरको निष्कर्ष रहेको छ । उनले मिथक निर्माणको प्रक्रियालाई भाषा विकास एवम् मानव संस्कृतिको चार क्रमिक शृङ्खलामध्ये तेस्रो शृङ्खलासँग जोडेका छन् । आदिम मानव प्रकृतिका सबै तत्त्वहरूलाई जीवित तत्त्वका रूपमा हेर्दथ्यो । उसका लागि प्रत्येक शब्द जीवित वास्तविकता थियो र प्रकृतिको प्रेरणाबाट सहज प्रतिक्रिया व्यक्त गर्दथ्यो । यही प्रक्रियाबाट नै प्रथम श्रेणीको मिथकको जन्म भएको हो । जब मनुष्यको एक ठाउँबाट अर्को ठाउँमा सर्दै गयो तब उसले मूल अर्थलाई भुल्दै गयो र आदिम भाषा वा शब्द नयाँ व्यक्तित्व वा अर्थमा परिवर्तन भयो । भाषाको यस्तो विकासबाट द्वितीय श्रेणीका मिथक कथाहरूको जन्म भयो भन्ने कक्सको धारणा छ । अर्नेष्ट क्यासिरेरलाई जीवनको गहिराइलाई अभिव्यक्त गर्ने साहित्यमा मिथकको प्रयोग भएको हुन्छ भन्दछन् । रोलाँ बार्थले मिथकलाई 'कथनको एक प्रकार'(बार्थ सन् २०००:१११९)भनेका छन् । यसका लागि भाषाको सामान्य नभएर विशिष्ट अवस्था आवश्यक पर्दछ भन्ने उनको धारणा छ । उनी मिथकलाई विषय धारणा वा विचारका

रूपमा नहेरी एकप्रकारको रूप ठान्दछन् (बार्थ, सन्२०००:१११९) लेभी-स्ट्रसले मिथकलाई चिनाउनका लागि भाषा मिथक र सङ्गीतका बिचको सम्बन्धलाई देखाएका छन् । यी तीन बिचको सम्बन्धलाई बुझ्नका लागि भाषालाई नै आधार मान्नु पर्ने धारणा उनको रहेको छ । भाषाको संरचनात्मक अध्ययनभन्दा पृथक रहेर मिथकको अर्थलाई पहिल्याउन नसकिने भएकोले मिथक र भाषामा अन्योन्याश्रित सम्बन्ध रहेको प्रष्ट पारेका छन् ।

## २.३.७ इतिहास सम्बन्धी अवधारणा

मिथकमा अतीतको भावना, परम्परा र संस्कृति अभिव्यक्त भएको हुन्छ । त्यसैले यसलाई इतिहासको रूपमा पनि हेरिन्छ । यसमा अतीतका घटनाहरू आएका हुन्छन् । हामी ती घटनाहरूलाई प्राचीन मानवका जीवनमा घटित घटनाहरू थिएनन् भन्न सक्दैनौं । तर यसमा इतिहासको जस्तो तिथिमिति वा तथ्य पाइँदैन । इतिहास राजा महाराजा शासक, नायक र नेतृत्वसँग सम्बन्धित भएर आउँछ भने मिथक जातीय जीवनको आस्था, विश्वास र अनुभवसँग सम्बन्धित भएर आउँछ । लोकजीवनको साँस्कृतिक सत्य अभिव्यक्त हुने हुनाले कपोल कल्पना र तथ्यविहीन भनेर मिथकको महत्त्वलाई गौण बनाउन मिल्दैन । आदिम मानवमा तर्कभन्दा कल्पना अत्यन्त शक्तिशाली थियो । त्यही कल्पनाशक्तिको सहायताले उसले आफ्नो परिवेशको बारेमा धारणा बनाउँथ्यो । त्यसमा उसले अनुभव गरिएको सत्य व्यक्त हुन्थ्यो । त्यसैले मिथकमा आदिम सत्य अभिव्यक्त हुने हुँदा आरम्भिक मानव सभ्यतालाई बुझ्नका लागि आदिम मिथकको अध्ययन आवश्यक छ । विशेष गरेर बुद्धिवादी युगमा मिथकलाई अवैज्ञानिक अवस्तुगत र भ्रमात्मक रूपमा हेरिएको पाइन्छ । इशाको चौंथो शताब्दीका विद्वान् ईयुहेमरसले ग्रीक मिथकशास्त्रलाई नवीन रूपमा व्याख्या गर्दै मिथक इतिहासमा परिवर्तन हुन्छ भनेका छन् । उनका अनुसार लोकपरम्परामा रहेका देवताहरू पहिले मानिस नै थिए । तत्कालीन समयमा आफूमाथि शासन गर्ने वा कुनै अनुग्रह गर्ने वीर र पराक्रमी मानिसलाई बढाइँचढाइँ गरेर बङ्ग्याएर देवताको रूपमा स्थापित गर्ने गरियो । वास्तवमा ती महान् मानिस थिए र पछिल्लो पुस्ताले तिनलाई देवतुल्य मानी पूजा गर्न थाले भन्ने उनको विचार छ (स्पेन्स, सन् १९९४:४२) । मिथक भ्रमात्मक हुँदैन । यसमा अनुभूतिगत सत्य आख्यान र कल्पना उनिएर आउँछ । इतिहासले जसका बारेमा बोल्दैन त्यसलाई आफ्नो कलात्मक आवरणमा मिथकले बाणी दिन्छ । मिथक रोचक कथामात्र होइन । यसमा कुनै न कुनै उद्देश्य लुकेको हुन्छ र यो इतिहासको पर्याय नै हो भन्दै आनन्द कुमार स्वामी लेख्छन्:'यो चरम सत्य हो र समस्त सांसारिक अनुभव र त्यसको इहलौकिक प्रतिबिम्ब हो ।'(मुरारीलाल,सन् १९८२:३५)। मिथकको निर्माणमा घटनाहरूसँगै हुन्छ भने इतिहासको रचना घटनाघटेको धेरैपछि मात्र हुन्छ । इतिहासको रचनाका लागि मिथकको महत्त्वपूर्ण योगदान दिन्छ । त्यसैगरी कालान्तरमा इतिहास पनि मिथकमा रूपान्तरित हुने स्थिति सिर्जना हुन्छ । इतिहासको अध्ययनले मिथकशास्त्र र

इतिहासका बिचमा भिन्नता ल्याए पनि समग्रमा यी दुईबिच पृथकता नभई मिथक शास्त्रकै निरन्तरता हो । (लेभी स्ट्रस, सन् २००६:१८,३७) । अतः द्वन्द, विकास, जनचेतना, क्रान्ति आदिबाट समग्रमा मिथक बन्ने प्रक्रियामा चालू रहेको छ । यस्ता मिथकहरू अवधारणात्मक रूपमा देखा परेका छन् । मिथकमा कल्पना सत्य र इतिहासको सम्मिश्रण पाइन्छ ।

### २.३.८ दार्शनिक अवधारणा

संस्कृतिको विकास प्रक्रियासँगै मिथकको प्रक्रिया पनि विकासशील अवस्थामा देखापर्दछ । त्यसैले अतीतदेखि वर्तमानसम्म मिथकले आफ्नो अस्तित्व स्थापित गराएको छ । यसले इतिहासको प्रवाहमा मनुष्यको आस्था, विचार र विश्वासलाई अभिव्यक्त गर्दछ । मिथकमा केवल मानव परिस्थितिको आख्यानात्मक वर्णन मात्र हुँदैन । कुनै देशकालसँग सम्बद्ध रहेर पनि विचारको बाहक बन्नु मिथकको विशेषता हो । आदिम मानवको कुरा गर्ने हो भने उसले दैवीकार्य, प्रकृति जगत् सामाजिक संस्थाहरूको वर्णनका साथै त्यसप्रतिको आफ्नो चिन्तनलाई प्रस्तुत गरेको हुन्छ । जिज्ञासा, समस्या, भय र सङ्कटमा रहेको अवस्थामा आदिम मानव जे-जस्तो विचार र चिन्तन गर्दथ्यो त्यसैबाट मिथकको जन्म भयो । मिथकमा केवल धर्मतत्व मात्र होइन वैज्ञानिक विचार पनि पाइन्छ भन्ने धारणा टेलरको रहेको छ । उनका अनुसार पछिका मिथकहरूले धार्मिक तत्त्वहरूको मात्र वर्णन नगरेर प्राचीन वैज्ञानिक विचारहरूको पनि वर्णन तथा व्याख्या गर्ने प्रयास गर्दछन् (स्पेन्स सन् १९९४:२०-२१)। अर्नेष्ट क्यासिरेर भाषा र मिथकलाई एउटै वृक्षबाट विकसित दुईवटा शाखाका रूपमा लिन्छन् । उनी मिथकलाई सूक्ष्म दृष्टिबाट अध्ययन गर्नुपर्ने बताउँछन् । कुनैपनि बौद्धिक विधालाई कुनै पनि वस्तुको अनुकरणका रूपमा मात्र हेर्नु हुँदैन भने उनको धारणा छ । उनी त्यस्ता विधाको विषयवस्तु, अर्थ र सत्यलाई बाह्य आधारबाट पहिल्याउनुको सट्टा तिनीहरू भित्र नै अर्थ र सत्य पहिल्याउनु पर्दछ भन्छन् । आजको युग विज्ञानको युग भएकाले तथ्य र तर्कमा आधारित शुद्ध भाषा व्यवहृत भएपनि कलाको भाषाले भने त्यही आदिम संवेगात्मक विशेषतालाई आत्मसात गरिरहेकै छ भन्ने उनको धारणा छ । उनी कलाले आन्तरिक जीवनलाई र विज्ञानले वाह्य जीवनलाई चिनाउँछ भन्दछन् (त्रिपाठी २०४९:१९३) । आदिम मिथक आदिम मानवको प्रथम विचार हो भने प्रत्येक ऐतिहासिक परिवर्तनले नयाँ मिथकको जन्म दिइरहेको हुन्छ । यस्ता परिवर्तनहरूसँगै नयाँ मूल्यको स्थापना हुन्छ र नयाँ नयाँ मिथकहरूको पनि जन्म हुन्छ । त्यसैगरी प्राचीन मिथकहरूलाई पुनः सृजन गरी कुलमा नयाँ विचार, शक्ति र सौन्दर्य भर्ने प्रवृत्तिपनि बढ्दै गइरहेको छ । महाभारतका सन्दर्भहरू आधुनिक साहित्यमा विचारको नयाँ क्षितिज उघार्न र समस्याको समाधान खोज्न उपयुक्त हुँदै गएका छन् । जेरेमी हथोर्न लेख्छन् वर्तमान प्रयोगमा मिथकको अवधारणा र विचार धाराका बिच अन्तर सम्बन्ध छ । मिथक

विचारधारा पनि हो । विचार धारा स्वयम्मा मिथक पनि हो । (हथोर्न, सन् २०००:२२३) । यसरी आधुनिक सन्दर्भमा मिथक विचार मिथक बन्दै गइरहेको छ ।

## २.३.९ साहित्यिक अवधारणा

साहित्यमा मिथकका विविध अर्थलाई अभिव्यक्त गर्ने सामर्थ्य रहेको हुन्छ । कुनै पनि देशको साहित्य आफ्नो मिथकीय परम्परामा सम्बद्ध रहेको हुन्छ । मिथक र साहित्यको सम्बन्ध नजिक रहेको छ । साहित्यकारले मिथकका माध्यमबाट आफ्नो जातीको वैयक्तिक वा सामूहिक भाव वा विश्वासलाई बाँडिदिन्छ । (बड्किन, १९९०:२३२) पूर्व र पश्चिम दुवै तर्फका साहित्यका लागि मिथक स्रोतको रूपमा रहेको छ । यो साहित्यका लागि सुन्दर प्रभावशाली र कलात्मक अभिव्यक्तिको आधार हो । कृतिलाई सार्वभौम, सर्वकालिक बनाउनका लागि मिथकको प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको पाइन्छ । नेपाली साहित्यमा पनि यस्ता थुप्रै कृतिहरू देखा पर्दछन् जसले मिथकको प्रयोगबाट युगीन र सार्वभौम सत्यलाई उद्भाषित गर्न सक्षम भएका छन् । यस्तो परम्पराको उत्कृष्ट उपन्यास मध्ये विश्वेश्वरप्रसाद कोइरालाको 'मोदिआइन' पनि एक हो । यस उपन्यासमा विशेष गरी कृष्णको मिथकलाई युगसन्दर्भ अनुसार नवीन अर्थवत्ता प्रदान गरिएको छ । परम्परागत धारणा अनुसार सत्य र न्याय स्थापना गर्नका लागि कृष्णले पाण्डवको पक्ष लिएर अर्जुनलाई युद्धमा उत्प्रेरित गरे भन्ने विश्वास गरिन्छ । महाभारतको युद्धपश्चात् सृष्टिमा सत्य र न्याय स्थापित भयो भन्ने धार्मिक व्याख्या पाइन्छ । तर 'मोदिआइन' उपन्यासमा उक्त धारणालाई खण्डन गरिएको छ । हिँसा र बलबाट लाखौंलाख मानिसको जीवन समाप्त गर्ने युद्ध र युद्धलाई उत्प्रेरित गर्ने कृष्ण सत्य र न्यायका पक्षधर थिएनन् र रक्त पातबाट मानव कल्याण सम्भव हुँदैन । त्यसैले महाभारतको युद्ध मानव विरोधी थियो भन्ने धारणा यस उपन्यासमा आएको छ । त्यसैले मिथकको पुर्नव्याख्या र नवीनअर्थवत्ताको प्रयोगले साहित्यिक सामर्थ्य र प्रभावलाई सशक्त तुल्याएको हुन्छ । रिचार्ज चेज, मिथक र साहित्यको विचमा अभिन्न सम्बन्ध हुन्छ भन्ने ठान्दछन् । उनका विचारमा मिथक केवल कला हो उनी मिथकलाई साहित्य र साहित्यलाई मिथक मान्दछन् । शुद्ध कला वा साहित्य मिथकीय हुन्छ । मिथकको रचना प्रक्रिया र साहित्य वा कलाको रचना प्रक्रिया एउटै हुन्छ र यी दुईको अन्तरङ्ग तत्त्व एउटै हुन्छ भन्ने उनको धारणा छ । उनका विचारमा मिथक एक कला हो । यो वर्णनात्मक वा काव्यात्मक साहित्य हो । यो एक प्रकारको ज्ञान, चिन्तन प्रक्रिया र जीवनको मार्ग दर्शन हो जुन कलात्मक हुन्छ । शेलिङले साहित्य आफैमा मिथकीय हुन्छ भन्ने धारणा राख्दछन् । साहित्यले जीवनको रूपमा मिथकको सृर्जना गर्दछ र दर्शनको परम्परागत कार्यहरूलाई समेट्छ भन्ने दृष्टिकोण उनको छ । (बेल, सन् २००६:११९) मिथक र साहित्यमा केही तत्त्वगत र स्वरूपगत समानता देखिन्छ । भाषा प्रयोगका दृष्टिले मिथक र साहित्य नजिक मानिन्छन् भाषाको लयात्मक,काव्यात्मक पक्ष मिथकको विशेषता हो, जुन

साहित्यिक भाषाको पनि विशेषता हो । साहित्यलाई जसरी प्रकृतिको अनुकरणका रूपमा लिइन्छ । त्यसैगरी मिथकमा प्रकृतिको मानवीकरण गरिएको हुन्छ । मिथक र साहित्यमा कतिपय समानता रहे पनि रिचार्ज चेजले भने जस्तै मिथक नै साहित्य हो वा यी दुई एक अर्काका पर्याय हुन् भन्ने धारणामा सहमत हुन सकिँदैन । तर ज्ञानका अन्य शाखामा भन्दा साहित्यमा मिथकको प्रतिफल ज्यादा रहन्छ । रचनाकारले रचनामा मिथकलाई विभिन्न प्रकारबाट उपयोग गरिएको पाइन्छ । समय अनुसार मिथकको प्रयोगमा विभिन्नता पाइन्छ । साहित्यमा मिथकलाई परम्परागत ढङ्गले जस्ताको तस्तै अभिव्यक्ति दिनुको कुनै औचित्य हुँदैन । त्यसलाई युगीन सत्यको प्रकटीकरण वा वर्तमान मानवको जटिल मानसिकताको चित्रणका लागि उपयोग गर्नु औचित्यपूर्ण ठहर्छ । कतिपय कृतिहरूमा मिथकका अंश वा टुक्राहरूलाई उपयोग गरी अभिव्यक्तिलाई प्रभावोत्पादक र मार्मिक बनाउने प्रवृत्ति पनि पाइन्छ । आवश्यकता अनुसार कृतिको कुनैपनि स्थानमा मिथकीय सन्दर्भको उपयोगले वस्तु र शिल्प दुवैमा नयाँ आयाम थपेको हुन्छ । साहित्यमा मूल मिथकको विपरीत प्रयोग पनि पाइन्छ । मूल मिथकलाई परिवर्तन गरेर रचनाकार आफ्नो अभिव्यक्तिलाई प्रभावकारी बनाउन सक्छ । 'मोदिआइन' उपन्यासमा कृष्णले निर्वाह गरिएको भूमिका माथि प्रश्न गरिएको छ । प्राचीन मिथकमा झैं यस उपन्यासमा कृष्ण सत्य, न्यायी, नायक भएर लाखौं मानिसको नरसंहारका प्रमुख कारक बनेका छन् । प्रतिभाशाली साहित्यकारहरूले नयाँ मिथकको पनि निर्माण गर्दछन् । आफ्नो रचनालाई प्रसिद्ध प्रभावशाली र सार्वकालिक बनाउनका लागि लेखक नयाँ मिथकको निर्माण तर्फ अग्रसर हुन्छ ।

## १. मिथक र लोकसाहित्य

मिथक र लोक साहित्यको जन्म लोककल्पनाका माध्यमबाट भएको हो । यी दुवैमा एकातिर तथ्य रहेको हुन्छ भने अर्कोतिर त्यसको व्याख्या आउँछ । कुनै विषयको कथात्मक प्रस्तुतिकरण दुवैमा रहन्छ । जसरी मिथक आदिम मानवको अभिव्यक्ति हो । त्यसै गरी लोकसाहित्य पनि आदिम मानवकै मनको अभिव्यक्ति हो । परम्परागत आधारमा मिथक प्रकृतिसम्बन्धी प्राचीन दर्शनका रूपमा रहेको हुन्छ भने लोककथाले पनि आश्चर्यजनक जनावर, चरा, चामत्कारिक कार्य, हराएको बच्चा, बलशाली नायक, आकर्षक र रहस्यमय जङ्गल आदिका बारेमा बताउँछ (चेज, सन् १९७६: २४७) । मिथक आदिम जीवन दृष्टिको सम्पूर्ण अभिव्यक्तिका रूपमा रहेको हुन्छ । यसबाट दुइवटा धारा निःसृत हुन्छन् । एउटा धारा वैदिक पौराणिक साहित्यको रूपमा विकसित हुन्छ भने अर्को लोकसाहित्यको रूपमा विकसित हुन्छ । वैदिक-पौराणिक साहित्य लिपिवद्ध र ज्ञानात्मक हुन्छ भने लोकसाहित्य श्रुति परम्परागत र रञ्जनात्मक हुन्छ । (श्रीवास्तव, सन् १९८५:२३)। लोककथाको मूल मिथक हो । मिथक र लोककथा बिचको अर्न्तसम्बन्धका कारण यसलाई पृथक गरेर हेर्न निकै गाह्रो हुन्छ । मिथक र लोक साहित्यमा समानताका साथै असमानता पनि रहेको छ । मिथकमा

रहने आस्थाले नै यसलाई लोककथाबाट अलग्याउँछ । मिथकको सत्य समुदायका लागि स्वीकार्य हुन्छ ।  साँस्कृतिक परिवर्तनका कारण लोककथाले विश्वसनीयता गुमाउन पुग्छ तर मिथकको सत्य अटुट हुन्छ । कथा मिथकको लागि एउटा पद्दति मात्र हो । त्यसका माध्यमबाट मिथकले आदिम अनुभवको समग्रतालाई अभिव्यक्त गर्दछ । यही विशिष्टता नै मिथकलाई लोककथा वा लोकसाहित्यबाट पृथक गर्ने प्रमुख आधार हो । मिथकमा विशिष्ट अर्थको अन्तव्याप्ति हुन्छ, जुन लोककथामा हुँदैन । लोककथामा भन्दा मिथकमा कल्पनाको मात्रा बढी हुन्छ । मिथकमा जुन प्रकारको सत्य उद्भासित भएको हुन्छ त्यो लोककथामा हुँदैन । धार्मिकता वा पवित्रता देवी देवता वा धार्मिक मानदण्ड आएको छ भन्दैमा लोककथा मिथक हुन सक्दैन । कतिपय सन्दर्भमा मिथकले दार्शनिक विचारको दुरुहतालाई सरल बनाएको पाइन्छ । कथात्मक हुनु मिथकको महत्त्वपूर्ण पक्ष हो, तर आत्मकथा नै यसको साध्य होइन । कुनै खास कथ्यलाई प्रकट गर्ने पद्दतिका रूपमा यसमा कथा आएको हुन्छ । साङ्केतिकता वा प्रतीकात्मकताले अन्य कथाहरूभन्दा वा लोक साहित्यका विधाहरूभन्दा मिथकलाई पृथक तुल्याएको हुन्छ ।

### २. मिथक र प्रतीक

साहित्यमा मिथक र प्रतीकको सम्बन्ध नजिकको रहेको हुन्छ । मिथकमा कथा भन्दा त्यसको प्रतीकात्मकता महत्त्वपूर्ण हुन्छ । तसर्थ मिथकको शक्ति नै प्रतीकात्मक अर्थ हो । मिथकले प्रतीकलाई जन्माउँछ र प्रतीक युग अनुसार नयाँ विचारमा ढल्दै जान्छ (श्रीवास्तव,सन् १९९५:७०) । कुशल कलाशिल्पीले पुराना प्रतीकलाई आफ्नो प्रतिभाका माध्यमबाट विशिष्ट अर्थमा प्रकाशित गर्दछ (यिट्स, सन् १९६१:८७)। प्रतीकवादी कवि डब्लु.वि. यिट्स अनेकार्थतालाई प्रतीकको अनिवार्य लक्षणका रूपमा लिन्छन् । धेरै अर्थहरूले सम्पन्न पुराना प्रतीकहरूलाई प्रयोग गर्ने र आफ्नो प्रतिभाका माध्यमबाट त्यसलाई विशिष्ट अर्थका रूपमा प्रकाशित गर्ने नै सबैभन्दा उत्तम कलाशिल्पी हो भन्ने उनको धारणा रहेको छ (यिट्स, सन् १९६१:६५)। प्रतीकमा प्रयोगको विशिष्ट दशामा सामान्यबाट विशिष्ट बन्ने प्रवृत्ति पाइन्छ भने मिथक विशेषबाट सामान्य तर्फ अग्रसर रहन्छ (कुमार विमल, सन् १९८९:२६६) त्यसैले प्रतीक र मिथकमा भिन्नता पनि रहेको हुन्छ ।

### ३. मिथक र बिम्ब

शब्दचित्रका माध्यमबाट गम्भीर भावलाई व्यक्त गरी कलात्मक स्थितिको सिर्जना गर्ने साहित्यिक उपादान नै बिम्ब हो । बिम्बमा सूक्ष्म अर्थ र प्रभाव उत्पन्न गर्न सक्ने क्षमता हुन्छ । यसलाई एक कल्पनाशील चेतनाका रूपमा लिइन्छ (सात्र,सन् १९७२:१) काव्यमा शक्ति उत्पन्न गर्न बिम्बको प्रयोग गरिन्छ । भावसञ्चार वा रससिद्धिका लागि काव्यमा बिम्ब प्राथमिक तत्त्व मानिन्छ । यो कवि वा लेखक र पाठक वा स्रोताका बिचमा

सम्प्रेषणको महत्त्वपूर्ण कडीका रूपमा रहेको हुन्छ । बिम्ब प्रतीक भन्दा बढी प्रभावशाली हुन्छ । बिम्ब विधानका माध्यमबाट एउटा रचनाकारले सार्वजनिक र शाश्वत् कृतिको रचना गर्न सक्छ । वास्तवमा अलङ्कार, रूपक, प्रतीक र बिम्ब भाषिक अभिव्यक्तिका क्रमिक स्तरीय तत्त्वहरू हुन् । यी मध्ये सबैभन्दा प्रभावशाली तत्त्व बिम्ब हो । यस्तो प्रभावशालीलाई रोलाँ बार्थले पनि स्वीकारेका छन् । उनले मूलपाठ सम्बन्धी आफ्नो सिद्धान्तमा तृतीय अर्थको पनि व्याख्या गरेका छन् । (अवस्थी, सन् १९८५:२०४) । उनका अनुसार अर्थको एउटा सूचनात्मक स्तर हुन्छ भने अर्को प्रतीकात्मक तर यति मै अर्थ समाप्त हुँदैन अर्थको अर्को स्तर (तृतीय अर्थ) पनि हुने कुरामा जोडदिँदै त्यसलाई खास नामले व्यक्त नगरे पनि उनले बिम्बतर्फ सङ्केत गरेका छन् र आफू त्यसको वशिभूत भएको उल्लेख गरेका छन् । (अवस्थी, सन् १९८५: २०४:२०५) । यसबाट पनि साहित्यमा बिम्बको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने प्रष्ट हुन्छ ।

### ४. मिथक र स्वैरकल्पना

वास्तविक जगतमा घट्न नसक्ने घटनाहरूको वर्णन नै स्वैरकल्पना हो । यसमा यस्ता घटना, परिवेश र चरित्रहरूको स्थापना हुन्छ जुन अद्भूत, अनौठा र आश्चर्यले भरिएका हुन्छन् । सन्त्रास र रहस्यले भरिएका यस्ता घटना, परिवेश र चरित्रहरू अलौकिक र अवास्तविक हुन्छन् । मिथकमा स्वप्न स्वैरकल्पना र दृष्टिको रहस्यलोक खडा भएको हुन्छ । स्वप्नले मिथकीय रचना प्रक्रियाको पर्यावरण निर्माण गर्दछ । स्वैरकल्पनाले विस्मयकारी मिथक बिम्बहरूको रूपाकार खडा गर्दछ भने भिजनले मिथकीय संसारको स्वप्निल खाका प्रस्तुत गर्दछ (श्रीवास्तव,सन् १९८५:४०८-४०९) । साहित्यमा स्वैरकल्पना केवल भ्रान्ति वा रहस्यमयताका लागि मात्र प्रयोग गरिँदैन । वर्तमान जीवनका विद्रूपता, विकृति, विसङ्गति, असमानता आदिको अभिव्यक्तिका लागि स्वैरकल्पनाको उपयोग गरिन्छ । टेलरले मिथकलाई आदिम मानवको स्वप्नबाट उत्पन्न भनेका छन्, फ्रायड मिथकले बलपूर्वक स्वप्नको स्वीकृतिलाई जगाउँछ भन्ने ठान्दछन् भने क्यासिरेर आदिम जातिको सम्पूर्ण जीवन र क्रियाकलाप स्वप्नबाट शासित हुन्थ्यो भन्ने ठान्दछन (मुरारीलाल, २०३९:५४) । मिथकमा स्वैरकल्पनाको उपयोग व्यापक रूपमा भएको हुन्छ । यसमा दैत्य र पशुहरूको अतिप्राकृतिक क्षमताको वर्णन, उड्न, अदृश्य हुन र रूप बदल्न सक्ने नायकजस्ता स्वैरकल्पनात्मक रूपाकारहरूको उपस्थिति रहन्छ ।

मिथक सम्बन्धी विविध अवधारणाहरूको सामान्य विवेचना पश्चात् मिथकको आयाम व्यापक रहेको छ भन्न सकिन्छ । यसलाई गल्पकथा, धर्मगाथा, अतिरञ्जनात्मक आख्यान, सामाजिक, साँस्कृतिक र मनोवैज्ञानिक सत्य तथा साहित्यिक, भाषिक परिप्रेक्ष्यमध्ये कुनै एक कोणबाट सीमित गर्नु हो । वास्तवमा एउटै मिथकभित्र पनि अनेकौं आयाम

पाइनुले अथवा एउटै मिथक अनेकौं ढङ्गले प्रयोगमा आउने हुनाले यसको स्वरूप निर्धारण निकै जटिल विषय बन्दछ । यसको रहस्यप्रति जति उत्सुक बन्दै गयो त्यति जेलिने सम्भावना रहि रहन्छ । तैपनि ज्ञानका विभिन्न शाखाहरूले मिथकलाई आ-आफ्नै कोणबाट व्याख्या विश्लेषण गरेका छन् ।

## २.३.१० मिथकका प्रमुख तत्त्वहरू

साहित्यिक स्थानमा तत्त्वहरूको भूमिका महत्त्वपूर्ण मानिन्छ । मिथकका सम्बन्धमा पनि यस अन्तर्गत केही तत्त्वहरू रहेका हुन्छन् । जसमध्ये प्रमुख तत्त्वहरू निम्नानुसार छन् ।

**(क) कथात्मकता**

मिथकमा कथात्मकता हुनु पर्दछ । मिथकको स्वरूप कथातत्त्व अनिवार्य रूपमा रहनु पर्छ । सबै व्याख्याता तथा विद्वान्हरूले यस कुरालाई स्वीकार गरेका छन् । मिथकमा चाहे अलौकिक, अतिप्राकृतिक वा दैवीय घटना होस् त्यो कथात्मक रूपमा आएको हुनु पर्दछ । कथा र आख्यानविना मिथकको रचना हुन सक्दैन यति भएर पनि मिथकमा आख्यान भन्दा त्यसको माध्यमबाट व्यक्त हुने तत्त्व वा  सत्य महत्त्वपूर्ण हुन्छ ।

**(ख) प्रतीकात्मकता**

मिथकलाई शक्ति प्रदान गर्ने महत्त्वपूर्ण तत्त्वका रूपमा प्रतीकलाई लिने गरिन्छ । मिथकका कथा घटना र पात्रहरू प्रतीकात्मक अर्थले भरिएका हुन्छन् । आदिम मनुष्य प्रकृतिको रहस्यप्रति जिज्ञासु बन्यो । त्यसलाई सोझो भाषाबाट व्यक्त गर्न असमर्थ भएपछि प्रतीकहरूको माध्यमबाट मिथकको निर्माण गर्‍यो । प्रतीकका माध्यमबाट नै मिथकको भित्रि रहस्यसम्म पुग्न सकिन्छ । यसले मिथकलाई सर्वदा नवीन रूप प्रदान गर्दछ  । मिथकीय अभिप्रायका साथ साथ वास्तविक सत्य वा शाश्वत वर्तमानलाई अभिव्यक्त गर्ने सामर्थ्यका कारण प्रतीकले आफूलाई नित्य नवीन बनाएर राख्छ । मिथकको वास्तविक शक्ति नै यही हो । प्रत्येक जातिका प्राचीन मिथकमा देखापर्ने देवीदेवता, वीर वा महान् नायक आदिका कथाहरू प्रतीकात्मकताले भरिएका हुन्छन् । प्रतीकहरूको व्याख्या विश्लेषणबाट नै मिथकको उद्देश्य पहिल्याउन सकिन्छ ।

**(ग) रहस्यको उद्घाटन**

मिथकमा कुनै पनि वस्तु कसरी अस्तित्वमा आयो भन्ने रहस्योद्घाटन भएको हुन्छ । सृष्टिको उत्पत्ति, प्राकृतिक व्यापारको कारण, सामाजिक संस्थाहरूको उद्भव, प्रथा, रीतिरिवाज आदिको जन्मको कारण मिथकमा पाउन सकिन्छ । विज्ञानले तथ्यलाई प्रमुखता

दिन्छ, मिथकले तत्त्वलाई प्रधानता दिन्छ । मिथकको तत्त्व भनेको धारणात्मक धरातल नै हो । यसले नै विज्ञान वा इतिहासको सत्यबाट मिथकको सत्यलाई अलग्याउँछ ।

**(घ) अलौकिक वातावरण**

मिथकले परम्परागत मान्यता, संस्कार र धार्मिक अनुष्ठानको व्याख्या गर्दछ । यसको वातावरण अलौकिक हुन्छ । मिथकमा धार्मिक विश्वास विद्यमान रहन्छ । तर मिथकले धर्मसँग मात्र सम्बन्ध नराखी सांस्कृतिक, सामाजिक मूल्य र आस्थालाई समेत प्रकट गरी रहेको हुन्छ । मिथकका घटना, परिवेश र चरित्रहरू अलौकिक हुन्छन् । दैवीपात्रहरू रहने हुनाले यसमा धार्मिक वातावरण विद्यमान रहन्छ ।

**(ङ) विश्वसनीयता**

मिथकमा विश्वसनीयता रहन्छ । वैज्ञानिक र ऐतिहासिक रूपमा भन्दा जातीय जीवनका लागि मिथक पूर्ण सत्य हो । यसमा सांस्कृतिक सत्य रहने हुनाले यसलाई मिथ्या वा भ्रम भनेर पन्छाउन मिल्दैन । मिथकलाई मनुष्यको अनुभव ज्ञान र व्यवहारको कोश भन्न सकिन्छ । रामको मिथक पूर्वीय सभ्यतामा आदर्श, मर्यादा, न्याय र समानताको आधार बनेर रहेको छ । त्यसैले रामको मिथकप्रति त्यसका अनुयायीहरूको गहिरो आस्था र विश्वास छ । अतः मिथकप्रति समाजको विश्वास गहिरो रूपमा रहेको हुन्छ ।

**(च) सामूहिक आस्था**

मिथक जुन जातिमा प्रचलित छ त्यसमा जातिको सामूहिक भावना त्यसमा प्रकट हुने हुनाले यसमा सामूहिक आस्था हुन्छ । मिथकलाई कार्ल युङ्गले सामूहिक अवचेतनामा रहने आद्यविम्बका रूपमा चिनाउँदछन् । मिथक कुनै एक व्यक्तिले रचेको सामान्यकथा होइन । यो त संस्कृतिको सामूहिक अवचेतनद्वारा निर्माण भएको हो । यसमा इतिहासको जस्तो तथ्यगत र प्रामाणिक सत्य रहेको हुँदैन । यसमा जातीय र सामूहिक भावनालाई सञ्चित गरिएको हुन्छ वा व्यापक आस्था, विश्वास र अनुभवलाई सङ्ग्रहित गरिएको हुन्छ, जसलाई पूर्ण सत्य मानिन्छ । कवि साहित्यकारहरू आफ्नो सामाजिक वा जातीय धारणा र विश्वासलाई अभिव्यक्त गर्नका लागि मिथकको सहयोग लिने गर्दछन् । जसको सहायताले ती धारणाहरू समाजमा स्वीकृत हुन्छन् ।

**(छ) परिवर्तनशीलता**

क्रमिक विकासको प्रक्रियामा अघि बढी रहनु मिथकको महत्त्वपूर्ण पक्ष हो । समयको गतिसँगै निष्प्रभाव र थोत्रा बनेका मूल्य र मान्यताहरूलाई फ्याँक्दै र नयाँ मूल्यहरूलाई संवहन गर्दै जानु मिथकको शक्ति र विशेषता हो । मिथकलाई युग सन्दर्भ

अनुसार नवीन अर्थवत्तामा ढाल्ने सबैभन्दा सशक्त माध्यम काव्य वा साहित्य हो । कृष्णको मिथक 'मोदिआइन' उपन्यासमा लाखौं मानिसको मृत्युको कारक बनेर आएको छ भने राधा उपन्यासमा नारी अधिकार कुल्चने पुरूषका रूपमा चित्रित गरिएको छ । यसर्थ मिथक युग अनुसार नयाँ स्वरूप र मूल्यमा परिवर्तित हुँदै जान्छ ।

## २.४ मिथकको वर्गीकरण

मिथकको क्षेत्र र आयाम असीमित र व्यापक छ । ज्ञान विज्ञानका सबैजसो अनुशासनसँग सम्बन्धित विषय मिथकका असीमित क्षेत्रभित्र अट्दछन् । संसारका विभिन्न जाति र साहित्यमा उपलब्ध मिथकको वर्गीकरण गर्न त्यति सजिलो विषय होइन । यसको बर्गीकरणको कुनै खास ठोस आधार पाइँदैन । यती हुँदा हुँदै पनि अध्ययन विश्लेषणको सरलताका लागि केही विद्वान्हरूले यसको वर्गीकरण गर्ने प्रयास गरिएको पाइन्छ । जसमध्ये केही निम्न अनुसार छन् ।

लेविस स्पेन्सले मिथकलाई निम्नानुसार वर्गीकरण गरेका छन् (स्पेन्स सन्१९९४:३५)।

- सृष्टिको उत्पत्ति सम्बन्धी मिथक
- मनुष्यको उत्पत्ति सम्बन्धी मिथक
- जीवनकला सम्बन्धी मिथक
- तारा सम्बन्धी मिथक
- सूर्य र चन्द्रमा सम्बन्धी मिथक
- मृत्यु सम्बन्धी मिथक
- आगोको चोरी सम्बन्धी मिथक
- नायक सम्बन्धी मिथक
- निम्नस्तर वा असंस्कृत व्यवहार सम्बन्धी मिथक
- पशु सम्बन्धी मिथक
- अधोलोक (अन्डरवर्ल्ड) र अन्य लोकको यात्रा सम्बन्धी मिथक
- धार्मिक प्रथा र अनुष्ठानसँग सम्बन्धित मिथक
- अन्य कम महत्त्वका मिथकहरू

एच.जे.सेजले मिथकलाई मोटामोटी निम्नानुसार तीन भागमा वर्गीकरण गरेका छन् । (नगेन्द्र,सन् १९८७:१८)।

- सृष्टि सम्बन्धी मिथक
- प्रलय सम्बन्धी मिथक
- देवताहरूको प्रणयचार सम्बन्धी मिथक

**डा. नगेन्द्रले** मिथकलाई निम्नानुसार वर्गीकरण गरेका छन् । (नगेन्द्र,सन् १९८७:२१) ।

- प्रकृतिका मिथक
- धार्मिक मिथक(उपास्य देवताहरूको स्वरूपसँग सम्बद्ध मिथक र कर्मकाण्ड सम्बन्धी मिथक)।

**गर्डनरले** मिथकलाई बाह्रभागमा वर्गीकरण गरेका छन् । (श्रीवास्तव,सन्१९८५:१८-१९) ।

- ऋतुपरिवर्तन र सूर्य, चन्द्र,पृथ्वी आदिको गतिशीलता सम्बन्धी मिथक
- अग्नि, जल, वायु, पर्वत, सरिता आदि प्राकृतिक तत्त्वसम्बन्धी मिथक
- भूकम्प, प्रलय, ज्वालामुखी आदि विशिष्ट प्राकृतिक तत्त्व सम्बन्धी मिथक ।
- सृष्टिको उत्पत्ति सम्बन्धी मिथक
- देवताहरूको जन्म, महत्व र स्वरूपसम्बन्धी मिथक
- मनुष्य एवं पशुहरूको जन्म सम्बन्धी विवरण दिने मिथक
- रूपान्तरण वा आवागमनसम्बन्धी मिथक
- वीर नायक, परिवार र राष्ट्र सम्बन्धी मिथक
- सामाजिक संस्थाहरू र वस्तुगत आविष्कार सम्बन्धी मिथक
- स्वर्ग नर्ग सम्बन्धी मिथक
- दैत्य वा दानवका गाथा सम्बन्धी मिथक
- ऐतिहासिक घटनासँग सम्बन्धित मिथक

**मोतीलाल पराजुलीले** मिथकलाई निम्नानुसार विभिन्न प्रकारले वर्गीकरण गरेका छन् । (पराजुली, २०६५/०६६:१२-१३) ।

- ब्रह्माण्डको सृष्टि, स्थिति र प्रलय बारेमा वर्णन गरिएका मिथक, जस्तैः विष्णु र मधुकैटभ दैत्यको लडाइँबाट पृथ्वी बनेको मिथक, चन्द्रसूर्य, ताराहरू बहुलोक आदिको उत्पत्ति सम्बन्धी मिथक, विनाश सम्बन्धी मिथक आदि ।
- प्राकृतिक इतिहासको विशिष्टताको वर्णन भएका मिथक जस्तैः चन्द्रमामा किन काला धब्बाहरू हुन्छन् ? के कारणले ग्रहण लाग्दछ ? दिन र रात कसरी भयो ? आदि सम्बन्धी मिथक ।
- मानव सभ्यताको मूलको व्याख्यामा अग्रसर मिथक, जस्तैः देवताका अवतार सम्बन्धी मिथक, जस्तैः पारुहाङ र सुम्निमा, प्रमिथस, राम र कृष्ण आदि सम्बन्धी मिथक ।

- दिव्य शक्तियुक्त पौराणिक पात्रहरूका मिथक, जस्तैःब्रह्म, विष्णु, महेश्वर, पशुपतिनाथ आदि सम्बन्धी मिथक ।
- धार्मिक व्रतसँग सम्बन्धित मिथक, जस्तैः स्वस्थानी व्रत, सत्यनारायणको व्रत, हरितालिका व्रत आदि सम्बन्धी मिथक ।
- सामाजिक, धार्मिक रीतिरिवाज, पूजा, अनुष्ठान आदि सम्बन्धी मिथक, जस्तैः भगिरथ र गङ्गाको मिथक ।
- जनावर, प्राणी, पदार्थ र वनस्पतिमा रहेको गुण र स्वभावको उत्पत्तिको व्याख्या भएको मिथक, जस्तैःअमृत र विषको उत्पत्ति ऐरावत हात्ति, मृतसञ्जिवनी बुटी आदि सम्बन्धी मिथक ।

उपर्युक्त वर्गीकरण बाहेक मिथकलाई पवित्र र दूषित, जनजातीय र पाठीय आदि विविध ढङ्गले पनि वर्गीकरण गरिएको पाइन्छ । माथिका विद्वान्हरूले आ-आफ्नो आधार र धारणाहरूबाट फरक फरक ढङ्गले मिथकको वर्गीकरण गरेका छन् । ती सबै धारणाहरू समेटिने गरी मिथकलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

### २.४.१ सृष्टिसम्बन्धी मिथक

विश्व र त्यसका वस्तुहरूको उत्पत्तिसम्बन्धी मिथकहरू यसभित्र पर्दछन् । मेक्सिकोमा ओमेटरबुटिलले सृष्टि गरे भन्ने मिथक छ । आदम र इभको कथामा देवताले सृष्टिलाई देवताले सृष्टिलाई दुई भागमा बाँडे भनिएको पाइन्छ । पूर्वीय सभ्यतामा विभिन्न दिशामा रहेका ब्रह्माका शिरले, सृष्टि चलाउँछन् भन्ने मिथक छ । बेविलोनमा मरडुकले तीयामत नामको दैत्यलाई मारेर सृष्टिलाई अलग संरचना प्रदान गरे भन्ने मिथक प्रचलित छ । (शम्भुनाथ, सन् १९८५:६) । यसरी अलग अलग स्थानमा सृष्टि सम्बन्धी मिथकहरू पाइन्छन् । सभ्यताको प्रारम्भमा विश्व सृष्टि सम्बन्धी धारणा मिथकीय थियो । यसका माध्यमबाट जातीय अवधारणा प्रकट हुन्थ्यो (शम्भुनाथ, सन् १९८५:६) । समाजलाई अन्याय, अत्याचार, पापबाट मुक्त गर्न पनि सृष्टि सञ्चालनकर्ताको आवश्यकता महशुस गरियो र सृष्टि सम्बन्धी मिथकहरूको निर्माण भयो ।

### २.४.२ प्रकृति सम्बन्धी मिथक

दिन-रात, महिना, ऋतु,वर्ष आदिको क्रम, सूर्य, चन्द्र, पृथ्वी आदिको गतिशीलता, अग्नि, जलवायु, पर्वत, नदी, मेघ, भूकम्प प्रलय, ज्वालामुखी आदि प्राकृतिक तत्व सम्बन्धी मिथकहरू प्रकृति सम्बन्धी मिथक अन्तर्गत पर्दछन् । पूर्वमा प्रलयको विनाशकारी लीलाबाट जलप्लावन भएको मिथक छ । संसारका सबै मिथकहरूमा प्रकृतिलाई अत्यन्त शक्तिशाली तत्वका रूपमा लिएको पाइन्छ । सूर्य, तारा, चन्द्र, वृक्ष, धरती, जल, अग्नि आदि सम्बन्धी

प्राकृतिक मिथकहरू लोक जीवनमा नयाँ अर्थका साथ प्रकट हुन्थे । यसमा मानव जातिको अगाध आस्था र विश्वास थियो । पूर्वीय मिथकमा सूर्य सातओटा घोडाहरूले तान्ने रथमा र ग्रिक मिथकका हेलियस(सूर्य) चारओटा घोडाहरूले तान्ने रथमा सवार हुने वर्णन पाइन्छ । मिश्रमा एपिस नामक साँढेको सिरमा सूर्यको चक्र र पार्श्वमा चन्द्रको चक्र भएको मिथक पाइन्छ । जुन उत्पादकत्वको प्रतीक हो । (शम्भुनाथ,सन् १९८५:५) । यसरी संसारका मिथकहरू विविध प्रकारका प्राकृतिक मिथकले भरिएका छन् ।

### २.४.३ देवता सम्बन्धी मिथक

देवताहरूको जन्म, महत्त्व, कार्य र स्वरूप सम्बन्धी मिथकहरू देवतासम्बन्धी मिथक अन्तर्गत पर्दछन् । ब्रह्मा, विष्णु, शिव, इन्द्र आदि देवताहरूको जन्म, तिनको महत्त्व, स्वरूप आदिको वर्णन पूर्वीय मिथकमा पाइन्छ । शिव, पार्वती, विष्णु लक्ष्मी, गणेशको शिरच्छेदन, हात्तीको दाँत लगाउनु, कामदहन रतिको विलाप जस्ता देवताहरूको प्रणय सम्बन्धी मिथकहरू महाभारत र पुराणहरूमा प्रशस्तै पाइन्छन् (शर्मा,सन् १९९२:४) । डा. नगेन्द्रका अनुसार अनेकौं पुराकथाहरूमा आकाशको कल्पना पुरुष रूपमा र पृथ्वीको नारी रूपमा गरिएको छ । जसको मैथुनबाट नाना रूपमा सृष्टिको जन्म हुन्छ(नगेन्द्र,सन् १९८७:२०) ।

### २.४.४ प्राणी सम्बन्धी मिथक

प्राणी सम्बन्धी मिथकहरू अन्तर्गत प्राणीका बारेमा वर्णन गर्ने मिथकहरू पर्दछन् । यसमा मनुष्य र पशुहरूको जन्म र तीनका कार्यहरूको वर्णन हुन्छ । मनुष्यले जीवन निर्वाहको यात्रामा गरेका कर्महरूको मिथक यसै वर्गमा पर्दछ । विभिन्न सामाजिक संस्थ र प्रथाको जन्मको बारेमा वर्णन भएका मिथकहरूपनि यस अन्तर्गत नै पर्दछन् । अदितिबाट आदित्यादि देवता र दितिबाट दैत्यादि दानवको जन्म भएको जस्ता मिथकहरू प्राणीसम्बन्धी मिथकका उदाहरणहरू हुन् ।

### २.४.५ आवागमन सम्बन्धी मिथक

जन्म र मृत्यु सम्बन्धी धारणा आएका मिथकहरू आवागमन सम्बन्धी मिथक अन्तर्गत पर्दछन् । जन्म के हो ? मृत्यु के हो ? त्यसका कारणहरू के हुन् ? यी कस्ता प्रक्रियाहरू हुन् ? आदि प्रकारका उत्तरहरू यस्ता मिथकहरूमा पाइन्छ । आत्मा सम्बन्धी विचार र अस्तित्व सम्बन्धी वर्णन यस्ता मिथकमा रहेको हुन्छ । स्वर्ग र नर्क सम्बन्धी अवधारणाहरूका साथै त्यस्ता ठाउँमा के कस्तो कर्मले लैजान्छ भन्ने वर्णन रहेको हुन्छ । यस्ता मिथकहरूले लोकात्मक र लोकोत्तर जीवनका बारेमा बताउँछन् ।

### २.४.६ कर्मकाण्ड सम्बन्धी मिथक

विभिन्न अनुष्ठानसँग सम्बन्धित मिथक यस अन्तर्गत पर्दछन् । यसमा विभिन्न उत्सव र धार्मिक क्षेत्रसँग सम्बन्धित अनुष्ठानहरू पर्दछन् यसका साथै व्याधिको उपचार कार्यसँग सम्बन्धित मिथकहरू पनि यसमै पर्दछन् । मिथकहरूले धार्मिक क्रियाकलापहरूलाई मौखिक रूपमा सम्पन्न गर्न विशेष भूमिका निर्वाह गर्दछन् ।

### २.४.७ दैत्य वा दानव सम्बन्धी मिथक

राक्षस वा दानवका गाथाहरूसँग सम्बन्धित मिथकहरू यस अन्तर्गत पर्दछन् । पूर्वमा यस्ता थुप्रै मिथकहरू छन् । दैत्य वा राक्षसहरू विशेष गरी अन्यायी र अत्याचारी कर्ममा रहने भएकाले त्यसको अन्त्य गरी न्याय र सत्यको स्थापना गर्नका लागि देवताहरूले तिनसँग युद्ध गरेका छन् मिथकहरू पूर्वमा प्रशस्तै रहेका छन् । हिरण्यकशिपु सम्बन्धी मिथक, रामरावण सम्बन्धी मिथक लगायतका अनेकौं मिथकहरू एकातिर देवतासँग सम्बन्धित हुन्छन् भने अर्कोतिर दैत्यहरूसँग सम्बन्धित हुन्छन् ।

### २.४.८ इतिहाससँग सम्बन्धित मिथक

ऐतिहासिक घटना र चरित्रसँग सम्बन्धित मिथकहरू यस अन्तर्गत पर्दछन् । मिथक तथ्यपरक नभए पनि यसले इतिहासका महत्त्वपूर्ण कडी वा शृङ्खलालाई आफूभित्र समाहित गर्न सक्छ । कालान्तरमा पछिल्ला पुस्ताका लागि इतिहासको महत्त्वपूर्ण घटना वा चरित्रले मिथकीय स्वरूप ग्रहण गर्न सक्छ । आउने पुस्ताका लागि गान्धी वा मार्क्स इतिहासका नायक मात्र नरहेर मिथकीय चरित्र बन्न सक्छन् । मिथकमा क्रमिक विकासको प्रक्रिया रहने भएकाले युग र परिस्थिति अनुरुप यसले आफ्नो स्वरूप र आयामलाई बदल्दै लैजान्छ । वीर पुरुष, नायक, महान् परिवार, वंश, राष्ट्र आदिका  मिथकहरू यस अन्तर्गत पर्दछन् ।

# अध्याय : तीन

## 'मोदिआइन' उपन्यासमा मिथक

### ३.१ विषय प्रवेश

नेपाली साहित्यमा थुप्रै मिथकीय उपन्यासहरू प्राप्त गर्न सकिन्छ । जसमध्ये 'मोदिआइन' विश्वेश्वरप्रसाद कोइरालाको दोस्रो मिथकीय उपन्यास हो । यस उपन्यासले महाभारतमा रहेको पाण्डव र कौरवको मिथकलाई विषयवस्तुका स्वरूपमा ग्रहण गर्दै त्यसको पुर्नव्याख्या गरेको छ । यसले प्राचीन विषयवस्तुलाई नयाँ सन्दर्भमा ढालेर युद्ध र हिंसाको विरोध गरेको छ । शान्ति र मानवताको पक्षमा आफूलाई दृढतापूर्वक उभ्याएको छ । प्राचीन विषयवस्तुलाई नयाँ सन्दर्भ ग्रहण गरी त्यसका माध्यमबाट नयाँ विचार प्रवाहित गर्न सक्नु उपन्यासको सामर्थ्य बनेर आएको छ । यस अध्यायमा 'मोदिआइन' उपन्यासलाई औपन्यासिक स्वरूप, त्यसमा प्रयुक्त मूल मिथक, त्यसको कथाहरू, पात्र परिवेशमा प्रयुक्त मिथक, तिनमा प्रयोग भएको भाषा र शिल्प एवं मिथकको प्रयोगको सान्दर्भिकताका आधारमा विश्लेषण गरिएको छ ।

### ३.२ उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला

विश्वेश्वरप्रसाद कोइराला(१९७१-२०३९)को साहित्यिक योगदान कथा र उपन्यासका क्षेत्रमा भएको छ । कथाका क्षेत्रमा 'दोषी चस्मा'(२००६)'र श्वेत भैरवी(२०३९) कथा सङ्ग्रहभित्र समावेशित कथाहरूद्वारा मनोविज्ञान र विविध विचारलाई स्थापित गराएका कोइरालाका उपन्यासहरू निम्न छन् ।

१. तीन घुम्ती (२०२५)
२. नरेन्द्र दाई (२०२७)
३. सुम्निमा (२०२७)
४.मोदिआइन(२०३६)
५. हिटलर र यहुदी (२०४०)
६. बाबु आमा र छोरा (२०४५)

यी उपन्यासका विषयमा अन्तर पाइए पनि दृष्टिकोण भने प्राचीन संस्कारका रूढीपक्षको आलोचनाले ठाउँ लिएको छ । नेपाली आख्यानविधामा कोइराला नियतिवादमा विश्वास गर्ने तथा मनोविश्लेषणको पृष्ठभूमिमा प्रखर अस्तित्ववादी विचारकका रूपमा देखा पर्दछन् । नेपाली उपन्यास विधाको यात्राक्रममा सामाजिक यथार्थतालाई पूर्ववर्ती आख्यानकारहरूको जिम्मा लगाएर परम्परागत मूल्य र मान्यताहरूलाई भताभुङ्ग पारेर नयाँ नयाँ सम्भावनाहरूको अन्वेषण गर्दै र विश्लेषणात्मक शैलीले नेपाली आख्यान जगतलाई

गतिशील बनाउँदै मनोविश्लेषण र विचारको एकै स्थानमा सहज चित्रण गर्नु कोइरालाका आख्यानिक विशेषता हुन् ।

## ३.३ 'मोदिआइन' उपन्यासको स्वरूप

महाभारतकालीन युद्धलाई प्रमुख विषय बनाई मानवतावादी दृष्टिकोण प्रक्षेपण गरिएको 'मोदिआइन' बाह्य संरचनाका दृष्टिले लघु उपन्यास हो । वि.सं.२०५२ सालमा प्रकाशित चौथो संस्करणमा यसका ६० पृष्ठ रहेका छन् भने वि.सं. २०६४ सालमा प्रकाशित सातौं संस्करणमा ४२ पृष्ठ रहेका छन् । पृष्ठ संख्याले पनि यसको सङ्क्षिप्त संरचनालाई प्रष्ट पार्दछ । यस उपन्यासलाई खण्ड,भाग, परिच्छेद आदिमा विभक्त गरिएको छैन । करिब एक बसाइमै पढिसकिने संरचनामा संरचित भएकोले आजको बेफुर्सदी युगमा छोटो समयमै उपन्यासको पठन र आस्वादन गर्न चाहने पाठकहरूलाई यस उपन्यासले औपन्यासिक सन्तुष्टि प्रदान गर्न सकेको पाइन्छ । कथावस्तुको विन्यासमा घटनाहरू पूर्वापर सम्बन्ध र कार्यकारण शृङ्खलामा शृङ्खलित भएर आएको हुँदा उपन्यासको आन्तरिक संरचना सुगठित रहेको छ ।

उपन्यासले व्यापक विषयवस्तुलाई आत्मसात् गरेको छ । सङ्क्षिप्त बाह्य संरचनामा व्यापक विषयवस्तुलाई प्रस्तुत गर्न सक्नु उपन्यासको विशेषता बन्न पुगेको छ । यसमा मिसिरजी  र म पात्र दरभङ्गामा पुगेको, मोदिआइनले म पात्रलाई कथा सुनाउन थालेको, कथा सुनाउने क्रममा हडहा तलाउको मछुवारिन र तान्त्रिक वृत्तान्त सँगै पाण्डव कौरवको विवाद, कृष्णको भूमिका, युद्धका विभीषिका र त्यसको प्रभावबाट पीडित नारीका पीडा र व्यथालाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ ।

यस उपन्यासले जीवनको विविधता र समग्रतालाई अभिव्यक्त गरेको छ । विश्वेश्वरप्रसाद कोइरालाका अन्य पाँचओटा उपन्यासहरूका तुलनामा यो उपन्यास आकारमा सानो छ, तर विषयवस्तुको दृष्टिले सबैभन्दा ठूलो मान्न सकिन्छ (झा,२०५७:२७)। यसको कथावस्तु वृत्तकारीय र क्षीण छ । महाभारतका महत्त्वपूर्ण घटनाहरूलाई छिटो छिटो रूपमा प्रस्तुत गरिएको हुँदा महाभारतसँग सम्बन्धित घटनाहरू आएका स्थानमा कथानकले द्रुत रफ्तार लिएको छ । पाण्डव र कौरवका बिचको द्वन्द्व, युद्धको स्थिति र त्यससँग गाँसिएर आएको नारीको चिन्ता, दुःख र छटपटिले भरिएको मनोदशाका कारण कथावस्तु, द्वन्द्व, संशय र कुतूहलले भरिएको छ । यति भएर पनि तान्त्रिकसँग कुराकानी गर्दागर्दै मछुवारिन लोप भएको, कथा भन्दाभन्दै 'मोदिआइन' नारीका रूपमा रूपायित भएको, महाभारतका नारीहरू प्रेतात्माभएर भड्किरहेको, कृष्णले विराटस्वरूप धारण गरेपछि अर्जुन युद्धका लागि तत्पर भएको आदि जस्ता घटना र प्रसङ्गहरूले कथावस्तुमा अविश्वासको स्थिति सिर्जना गरेका

छन् । कतिपय स्थानमा कथावस्तुमा स्वाभाविकताको निर्वाह हुन सकेको छैन । यो उपन्यासको कमजोर पक्ष बन्न पुगेको छ ।

यस उपन्यासमा थुप्रै पात्रहरू देखापर्दछन् । बाह्य संरचना सानो भए पनि धेरै पात्रहरूको प्रयोग हुनु उपन्यासको विशेषता बनेको छ । उपन्यासमा महाभारतका घटनाहरूलाई सरसर्ती प्रस्तुत गरिएको हुँदा यस्तो भएको हो । यसमा मोदिआइन, म पात्र, कृष्ण, अर्जुन, युधिष्ठिर, दुर्योधन, मिसिरजी, मोदी, भीम, द्रौपदी, दुःशासन, सैनिक युवक, नारीका बा, आमा, देवर सासु, द्रुपद, विराट, सात्यकि लगायत थुप्रै पात्रहरूको प्रयोग भएको छ । मोदिआइन औपन्यासिक कथ्यलाई अभिव्यक्त गर्ने प्रमुख पात्र भएकीले उपन्यासमा उसको केन्द्रीयता रहेको छ । उपन्यासमा प्रमुख सहायक, गौण, पुरुष, नारी, सत्, असत्, बद्ध, मुक्त, मञ्चीय, नेपथ्य आदि विविध प्रकृतिका पात्रहरू रहेका छन् । म पात्रले मोदिआइनको र मोदिआइन नारीमा रूपायित भएपछि नारीको जीवनलाई प्रस्तुत गरेकाले यसमा परिधीय आन्तरिक दृष्टिकोण रहेको छ । त्यसैले म पात्र परिधीय आन्तरिक दृष्टि केन्द्रीय पात्र बन्न पुगेको छ । मोदिआइन, मछुवारिन आदि जस्ता नारीहरू युगयुगदेखि भड्किरहेको नारीका प्रेतात्मा रूप भएको देखाइनुले र कृष्णले दिव्य स्वरूप र सत्तामा आफूलाई रूपायित गर्नुले चरित्रमा अविश्वसनीयता र अलौकिकताको स्थिति सिर्जना भएको छ ।

उपन्यासले व्यापक परिवेशलाई आत्मसात् गरेको छ । मिसिरजी र म पात्र बस्ने स्थान अर्थात् नेपालको पूर्वी तराईदेखि दरभङ्गा र महाभारतमा वर्णित ठाउँहरूमा उपन्यासका स्थानगत परिवेश हुन् । उपन्यासको रचनादेखि महाभारतका घटना घटेको समयसम्मलाई उपन्यासले कालगत परिवेशका रूपमा आत्मसात् गरेको छ । महाभारतको युद्धबाट पीडित नारीको दुःखद र करुण जीवनकथा उपन्यासको आन्तरिक वातावरण हो । यसले पाठकको मनमस्तिष्कलाई  पनि तदनुकूल बनाउँछ र हृदयलाई पनि करुण र आर्द्र बनाउँछ ।

उपन्यास पूर्वदीप्ति शैलीमा संरचित छ । म पात्रले ४० वर्षअघिको घटनालाई प्रस्तुत गरेको छ । उपन्यासको समाख्याता म पात्र भएपनि महाभारतका घटना र नारीमा उत्पन्न अनुभूति, सोचाइ र द्वन्द्वलाई मोदिआइन र नारी मार्फत् प्रस्तुत गरिएको छ । यसमा मिथकका पात्रहरूले बोल्ने भाषाले मिथकीय विषयवस्तु र परिवेशलाई अभिव्यक्त गर्न सक्षम छ । कृष्ण अर्जुन जस्ता पात्रहरूले प्रयोग गरेको भाषा स्तरीय र उत्कृष्ट रहेको छ । तर'मोदिआइन'वा नारीले समेत स्तरीय भाषाको प्रयोग गरेको स्थिति खट्किने खालको छ । कथा भन्ने क्रममा 'मोदिआइन' जस्ती अपठित र झिल्लीमुरी बेच्ने नारीले उत्कृष्ट प्रस्तुति एवम् गम्भीर भावलाई व्यक्त गर्न सक्नु उपन्यासको अस्वाभाविकता हो (पोखरेल,२०३८:६५)। उपन्यासमा उपयुक्त स्थानमा छोटा छोटा संवादहरूको प्रयोग गरिएको छ । विशेष गरी कृष्ण र अर्जुनका बिचको संवाद निकै रोचक र कुतूहलपूर्ण रहेको छ । यसले उपन्यासमा

नाटकीय आस्वादन दिनुका साथै द्वन्द्वात्मक स्थिति सिर्जना गर्नमा मद्दत गरेको छ । यसमा नारीद्वारा युद्धको वर्णन गरिएको हुँदा महाभारतको युद्ध सञ्जयजस्ता प्रसिद्ध व्यक्तिले मात्र नदेखी नारी जस्ता सर्वसाधारणले पनि देखेका थिए भन्ने नयाँ शैली स्थापित गरिएको छ (दाहाल,२०५७ : २६३)। उपन्यासले प्रमुख पात्रका नामबाट शीर्षक चयन गरेको छ । उपन्यासकी प्रमुख पात्र मोदिआइन मार्फत् औपन्यासिक कथ्य अभिव्यक्त भएको हुँदा उनका नामबाट चयन गरिएको उपन्यासको शीर्षक सार्थक बन्न पुगेको छ । उपन्यास घटनाप्रधान नभएर विचार प्रधान बनेर आएको छ । थोरैमा धेरै भनिएको हुँदा यस उपन्यासमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको सङ्क्षिप्त र प्रभावकारी अभिव्यक्तिले कलात्मक बान्की प्राप्त गरेको छ । वृत्तकारीय कथानक ढाँचा,द्रुत कथानक रफ्तार अर्थात् सङ्क्षेप पद्धति, साथै दृश्यात्मक पद्धति, आन्तरिक दृष्टिकोण, सानो आकारको उपन्यास भएर पनि धेरै पात्र, व्यापक विषयवस्तु र विस्तृत परिवेशलाई अभिव्यक्त गर्न सक्नु पनि उपन्यासको शैलीगत विशेषताहरू हुन् ।

समग्रमा यस उपन्यासले मोदिआइन वा नारीको जीवनको केन्द्रीयतामा युद्धले निम्त्याउने मानव पीडा, मानव विनाश, र मानव दुर्दशालाई अभिव्यक्त गरेको छ । यसमा महाभारतको हिंसाले मानव जीवनमा विशेष गरी नारीको जीवनमा निम्त्याएको पीडालाई मात्र चित्रण गर्दै हिंसा अमानवीय हुने दृष्टिकोण प्रस्तुत गरिएको छ ।

### ३.४ 'मोदिआइन' उपन्यासमा प्रयुक्त मूल मिथक

'मोदिआइन' महाभारतको मिथकलाई आधार बनाएर रचना गरिएको उपन्यास हो । यसमा महाभारतको आदि पर्वदेखि सौप्तिक पर्वसम्मका घटनाहरू आएका छन् । मुख्य गरी यो भीष्म पर्वमा केन्द्रित छ । यसले सङ्क्षिप्त संरचनामा महाभारतको विस्तृत परिवेश र व्यापक घटनाक्रमहरूलाई आत्मसात् गरेको छ । धेरैजसो ठाउँमा महाभारतका घटनाहरूलाई सूक्ष्म रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा प्रयुक्त महाभारतको मूल मिथक निम्नानुसार रहेको छः

हस्तिनापुर राज्यको उत्तराधिकारीका लागि पाण्डव र कौरवका बिचमा विवाद उत्पन्न हुन्छ । धृतराष्ट्रले पाण्डवहरूलाई इन्द्रप्रस्थ नामक एक सानो राज्य दिन्छन् । पहिले खाण्डवप्रस्त नाम रहेको त्यो जङ्गलै जङ्गल र उबडखाबड भूमिलाई पाण्डवहरूले सुन्दर नगरमा रूपायित गर्दछन् । उनीहरूले राज्य विस्तार गर्दै आफ्नो राज्यलाई ठूलो, शक्तिशाली र वैभवशाली बनाउँछन् । त्यहाँ मय दानवले निर्माण गरेका विशाल र दिव्य सभा भवनको चर्चा चारै दिशामा फैलिन्छ (वशिष्ठ सन् २००३:८२,९२) । एक दिन दिव्य सभा भवन हेर्न इन्द्रप्रस्थ पुगेको दुर्योधन पानीलाई जमिन ठानेर हिँड्दा लड्न पुग्छ । त्यो देखेर भीम र द्रौपदी बेसरी हाँसि दिन्छन् । दुर्योधन लज्जित बन्दै हस्तिनापुर फर्कन्छ र मामा शकुनिसँग इन्द्रप्रस्थको वैभव र प्रसिद्धिबाट आफू आत्तिएको विचार प्रकट गर्दछ । शकुनिले छली

जूवाको आयोजना गरी पाण्डवहरूको सर्वस्व गर्नुपर्ने उपाय सुभ्काउँछ । मामाको प्रस्तावप्रति खुसी हुँदै दुर्योधनले पिता धृतराष्ट्र समक्ष जूवाको आयोजना गर्न अनुरोध गर्दछ । धृतराष्ट्रले जूवाबाट सर्वनाश हुने र आफ्ना बन्धुहरूसँग द्रोह गर्न नहुने भनेपछि दुर्योधन निकै रिसाउँछ । ऊ जसरी पनि पाण्डवहरूको सम्पत्ति खोस्ने भन्दै बाहिरिएपछि धृतराष्ट्र आत्तिन्छन् (वशिष्ठ, सन् २००३:१०८-१०९)।

धृतराष्ट्रले दुर्योधन प्रस्तावका बारेमा विदुरसँग छलफल गर्छन् । विदुरले नीति अनुसार जूवा खेल्नु राम्रो नहुने सुभ्काव दिए पनि धृतराष्ट्रले द्युतभवन बनाउन आदेश दिन्छन् । द्युतक्रीडाका लागि पाण्डवहरूलाई आमन्त्रण गर्न विदुरलाई खटाइन्छ । पाण्डवहरू हस्तिनापुर पुग्छन् । युधिष्ठिरले आफूलाई जूवा खेल्न पनि नआउने र इच्छा पनि नभएको विचार प्रकट गरेपछि शकुनिले लडाइँ गर्नु, जूवाखेल्नु नृपको कर्तव्य भएको भन्दै उक्साउने कार्य गर्दछ । तत्पश्चात् द्युतक्रीडा प्रारम्भ हुन्छ (वसिष्ठ, सन् २००३:११०-११३) ।

शकुनिको छलकपटका कारण पाण्डवहरूले सम्पूर्ण सम्पत्ति र राज्य हार्दछन् । जूवामा पाँच पाण्डव स्वयम् थपिँदा पनि पराजित भएपछि युधिष्ठिरले द्रौपदीलाई समेत थाप्छन् र हार्दछन् । दुर्योधनले द्रौपदीलाई सभामा ल्याउन विदुरलाई आदेश गर्दछ । उसले पाण्डवहरू आफ्नो दास भएको घोषणा गर्दछ । विदुरले यसप्रकारको छलकपटले कुलको संहार गर्नेभन्दै सम्भ्काए पनि दुर्योधन मान्दैन । द्रौपदीलाई लिन पितृण्यलाई पठाइन्छ । पहिले धर्म-सुतले आफ्नो शरीर दाउमा लगाए कि मलाई लगाए बुझ्केर आउनुपर्ने कुरो द्रौपदीले राखेपछि पितृण्य फर्कन्छ । तत्पश्चात् दुर्योधनले द्रौपदीलाई ल्याउनका लागि दुःशासनलाई पठाउँछ उसले लछार्दै पछार्दै द्रौपदीलाई सभामा ल्याउँछ । कसलाई पहिला जूवामा हारेको भन्ने द्रौपदीका प्रश्नले पाण्डवहरूको शिर निहुरिन्छ । द्रौपदीको दुःख देखेर क्रोधित भएका भीमले युधिष्ठिरको हात पोलिदिने भन्दै सहदेवलाई आगो ल्याउन आदेश दिन्छन् । अर्जुनले यसलाई रोक्दछन् । दुःशासनले द्रौपदीलाई निर्वस्त्र बनाउँछ । कृष्णले आफ्नो शक्तिका माध्यमबाट साडिको मात्रा बढाउँदै लैजाँदा दुःशासन थकित हुन्छ र लज्जित भएर बस्छ । कर्ण दुर्योधनलाई सय भाइकी पत्नीका रूपमा द्रौपदीलाई घर लिएर राख्ने सल्लाह दिन्छन् । त्यहाँ द्रौपदीलाई के गर्ने भन्ने विषयमा छलफल चल्छ । धृतराष्ट्रले द्रौपदीलाई श्रेष्ठ बुहारी भन्दै चाहेको वर माग्न भन्दछन् । द्रौपदीले पाँचपाण्डवहरूको मुक्ति र हारेको राज्य फिर्ता गर्ने वर माग्दछिन् । धृतराष्ट्रले द्रौपदीको इच्छा पूरा गरि दिन्छन् (वसिष्ठ, सन् २००३:११५-१२०,१२५) ।

धृतराष्ट्रले हारेको सम्पत्ति र राज्य फिर्ता गरिदिएपछि पाण्डवहरू इन्द्रप्रस्थ गएर बस्न थाल्दछन् । दुर्योधनले ज्यादै कर गरेपछि धृतराष्ट्रले पाण्डवहरूलाई जूवामा पुनः आमन्त्रण गर्नका लागि प्रतिकामीलाई इन्द्रप्रस्थ पठाउँछन् । जूवामा पुनः सहभागी हुँदा पाण्डवहरूले सर्वस्व गुमाउँछन् । उनीहरू वनबासतर्फ लाग्दछन् र बनवासका क्रममा उनीहरू काम्यक वन, द्वैत वन, हुँदै र तीर्थव्रत गर्दै राजा विराटकहाँ पुग्दछन् । उनीहरूको

वनबास र गुप्तबास सकिएपछि कृष्णको सल्लाहअनुसार एउटा सभा डाकिन्छ । त्यहाँ, सृञ्जन, वृष्णि यादव तथा  पाञ्चालका भूपतिहरूलाई पनि आमन्त्रण गरिएको हुन्छ । सभाले वचन अनुसार कौरवले पाण्डवहरूको राज्य फिर्ता गर्नुपर्ने र फिर्ता नमानेमा लडेर पनि फिर्ता लिनु पर्ने निष्कर्ष निकाल्छन् । उता दुर्योधन पनि युद्धको तयारी गर्न थाल्दछ । पाण्डवहरूले द्रुपदका पुरोहितलाई दूत बनाएर हस्तिनापुर पठाउँछन् । दुर्योधनले राज्य फिर्ता गर्न नमानेको भन्दै दूत फर्कन्छ । कृष्णलाई लिएर आउन अर्जुन द्वारका पुग्छन् । दुर्योधनपनि त्यहाँ पुगेको हुन्छ ।  दुवै जनाले युद्धका लागि सहयोग मागेपछि कृष्णले आफू र आफ्ना सैनिकमध्ये एक रोज्नका लागि पहिले अर्जुनलाई मौका दिन्छन् । अर्जुनले एक्ला कृष्णलाई रोज्छन् । सिङगो नारायणी फौज पाउँदा दुर्योधन दङ्ग पर्छ (वसिष्ठ,सन् २००३:१२९, ४९६-४९७)।

धृतराष्ट्रको चर भएर कृष्णकहाँ पुगेका सञ्जयले पाण्डवहरू ज्ञानी भएको र कौरवहरूझैं पापी नभएकोले उनीहरूलाई कृष्णले सम्झाएर युद्धबाट विरत गरिदिनु पर्ने धृतराष्ट्रको धारणा र अनुरोधलाई राख्दछन् । भाग नदिए युद्धको अवस्था नटर्ने भन्दै कृष्ण सञ्जयलाई विदा गर्दछन् । सञ्जयले कृष्ण र पाण्डवका कुरा सुनाएपछि कौरव पक्षमा युद्ध गर्ने नगर्ने भन्ने विषयमा  विवाद हुन्छ । भीष्म, द्रोण आदिले पाण्डवले भाग पाउनुपर्ने धारणा राखेपछि दुर्योधन, कर्ण आदि लडाइँतर्फ उद्दत हुन्छन् (वसिष्ठ, सन् २००३: ५३४-५३५) ।

सभामा युधिष्ठिरले आफूहरूलाई पाँचओटा गाउँ दिए पनि मान्ने धारणा कृष्ण समक्ष राख्दछन् । युद्धले वन्धुवान्धव लगायत सबैको विनाश गर्ने भएकोले मेलमिलापमा जोड दिनुपर्ने  विचार व्यक्त गर्दछन् । भीमको पनि यही धारणा रहन्छ । विषको लड्डु खुवाएर मार्न खोज्ने,द्युतक्रीडामा छल गरी अधिकार हडप्ने, द्रौपदीलाई निर्वस्त्र पारी बेइज्जत गर्नेहरूसँग मिल्ने कुरा गर्नु उपयुक्त होइन भन्दै कृष्ण पाण्डवहरूलाई युद्धका लागि प्रेरित गर्दछन् । हीन र त्रसित नहुन भन्दै आफूसाथमा रहेको विचार प्रकट गर्दछन् । नकुल, सहदेव, सात्यीकहरू हकका लागि लड्नु पर्ने धारणा व्यक्त गर्दछन् । द्रौपदीले कौरवहरूबाट गरिएको बद्नामी र दिएको पीडालाई सहन नहुने विचार राख्छिन् । उनी पतिहरूले सहे पनि आफ्ना छोराहरूले कौरवहरूसँग बदला लिने जस्तो कडा धारणा प्रकट गर्छिन् । द्रौपदीलाई सम्झाउँदै कृष्णले कि पाण्डवहरूले हक पाउनु पर्ने कि कौरवहरूलाई आफूले रणभूमिमा मार्ने भन्दै द्रौपदीलाई सान्त्वना दिन्छन् । (वसिष्ठ, सन् २००३:५३६, ५३९-५४०) ।

हस्तिनापुर गएका कृष्णको कुन्तीसँग भेट हुन्छ । आफ्ना छोराहरू माथि अन्याय गर्ने कौरवहरूसँग मिल्ने कुरा गरेकोमा कुन्ती कृष्ण समक्ष आपत्ति प्रकट गर्छिन् । कृष्ण उनलाई कौरवहरूले राज्य नदिए युद्धबाट पनि पाण्डवहरूले त्यसलाई लिने विचार सुनाउँछन् । त्यसपछि कृष्णले हस्तिनापुरमा कौरव सभा बोलाउन लगाउँछन् । उनले सभामा भाइको हक छिन्ने जस्तो निन्दित कार्य गर्नु उचित नभएको भन्दै मिलेर राज्य गरेमा सबै शत्रु नाश हुने

भनी धृतराष्ट्रलाई सम्झाउँछन् । उनले पाण्डवहरूको सन्देश सुनाउँछन् । परशुरामले दुर्योधनलाई गालवको कथाबाट सम्झाउने प्रयास गर्दछन् । ऊ उल्टै ऋषि-मुनिहरूलाई पाण्डवहरूको भाट भन्दै राज्य नटुक्र्याउने धारणा राख्दछ । धृतराष्ट्र, भीष्म, द्रोण आदिले सम्झाउँदा ऊ क्रोधित हुन्छ । कृष्णले भाइहरू मिलेर बस्नु उचित हुने, अर्जुनलाई कसैले जित्न नसक्ने भनी सम्झाउँदा ऊ आगो हुन्छ । उसले कृष्णलाई पाण्डवहरूको प्रसंशा धेरै नगर्न भन्दै आफू युद्धका लागि तयार भएको विचार व्यक्त गर्दछ । तत्पश्चात कृष्ण भाइको हक छिन्ने, द्रौपदीको फरिया तान्ने आदि जस्ता थुप्रै कुकर्म गरेको भन्दै दुर्योधनलाई व्यङ्ग्य गर्दछन् (वसिष्ठ, सन् २००३:५४५-५४६, ५६३)।

कौरव सभामा भीष्म, द्रोण र विदुरहरूले पनि कृष्ण र धृतराष्ट्रका कुरा ठीक भएकाले दुर्योधनले त्यसलाई पालना गर्नुपर्ने धारणा राख्दछन् । दुर्योधन तिनका कुरा सुनेको नसुन्यै गरी कर्णसँगै उठेर सभाबाट बाहिरिन्छ । धृतराष्ट्रले गान्धारीलाई बोलाएर दुर्योधनलाई सम्झाउन आग्रह गर्छन् । गान्धारी पुत्रले ठीक बेठीक जे गर्दा पनि माफी दिएकोले यस्तो परिस्थिति उत्पन्न भएको भन्दै अरू सम्झाउनुको कुनै अर्थ नहुने धारणा राख्छिन् । उनले आधा आधा हिस्सा लिई भाइ भाइ मिलेर बस्नु पर्ने भनी सम्झाउन खोज्दा दुर्योधन जवाफै नदिई निस्कन्छन् । दु:शासन कृष्ण,भीष्म, विदुर, द्रोणाचार्यहरू मिलेर कौरवहरूलाई बन्धनमा पार्न आँटेको भनी दुर्योधनलाई कुरा लगाउँछ । दुर्योधनको योजनाअनुसार कौरवहरू कृष्णलाई पक्रने प्रयास गर्दछन् । कृष्णले पेटभित्र सम्पूर्ण ब्रह्माण्ड देखाइदिएपछि उनीहरू सबै मुर्च्छा पर्दछन्(वसिष्ठ,सन् २००३:५६५-५६७) ।

कृष्ण हस्तिनापुरबाट प्रस्थान गर्दछन् । दुर्योधनले समय अझै भएकाले कालको मुखमा नपर्न भन्दै उलूकलाई दूत बनाएर पाण्डवहरू कहाँ पठाउँछ । कृष्णले वीरताको मापन युद्धभूमिमा हुने र पछि दुर्योधन जस्ता दुष्टलाई पछुतो हुने भन्ने सन्देशका साथ उलूकलाई फिर्ता पठाइदिन्छिन् । धृतराष्ट्र युद्ध टर्ने उपाय सुझाइदिन व्याससँग अनुरोध गर्दा उनले हरिको जे इच्छा छ त्यही हुन्छ भन्दै दु:ख मानेर केही नहुने बताउँछन् । उनले महाभारतको युद्धलाई प्रत्यक्ष हेर्न धृतराष्ट्रका लागि सञ्जयलाई बोलाई दिन्छन् । पाण्डव पक्षले विभिन्न बाजा बजाएर युद्धको तयारी गर्छ । भीम, काशीराज, धृष्टकेतु, सात्यकि, द्रौपदी आदि पाण्डव पक्षका द्रौणी, कर्ण, भीष्म, द्रोण आदि कौरव पक्षका योद्धाहरू भएको चर्चा गरिन्छ -वसिष्ठ, सन् २००३: ६०२,६१३)।

युद्धमा कृष्ण अर्जुनको रथको सारथी बन्छन् । युद्धको बिच भागबाट अर्जुनले कौरवका सेनालाई हेर्छन् । त्यहाँ उनले भाइ, पुत्र, मामा, काका लगायतका थुप्रै बन्धु वान्धवहरूलाई देख्छन् त्यो देखेर उनी आफ्ना अङ्गहरू शिथिल हुँदै गएको, घाँटी र मुख सुक्दै गएको, शरीर काम्न थालेको, गाण्डीव खस्तै जान थालेको कुरा कृष्णसमक्ष राख्दछन् ।उनी आफूले युद्ध गरी बन्धु वान्धवहरूलाई नमार्ने विचार व्यक्त गर्दछन् । सद्धर्म नाश हुने, पाप बढ्ने, विनाश हुने यस्तो युद्ध लडेर राज्यको सुखभोग नगर्ने भन्दै गाण्डीव फालेर उनी

रथमा चढ्छन् । कृष्ण यस्तो विचारले अपकृति फैलने र दुर्गति हुने भन्दै कायरता र नपुंशकतालाई त्यागेर रणमा शत्रुलाई मार्न तयार हुनुपर्ने भनी अर्जुनलाई सम्झाउँछन् । अर्जुन, भीष्म, द्रोणाचार्य आदिलाई बाण प्रहार गर्न नसक्ने बताउँछन् । अर्जुनका कुरा सुनिसकेपछि कृष्ण उनलाई इन्द्रियको क्षणिकता, देहको विनाशशीलता, आत्माको अमरता र क्षेत्रीय धर्मका बारेमा बताउँछन् । धीर मानिस मोक्षको अधिकारी हुन्छ । आत्मा कहिल्यै मर्दैन, यो नित्य भएकोले मर्नु र मार्नु एउटै कुरा हुन्, जीर्ण वस्त्रलाई बदले जस्तै बुढो शरीर त्यागिन्छ, तर आत्मा रहिरहन्छ भन्दै कृष्ण अर्जुनलाई सम्झाउँछन् । उनी मर्नेको जन्म हुन्छ र जन्मेपछि अवश्यै मरिन्छ त्यसैले शोक गर्नु व्यर्थ भएको बताउँछन् । योद्धा क्षेत्रीयलाई युद्ध भन्दा श्रेयष्कर अरू केही हुँदैन, उसका लागि युद्ध नै धर्महो, युद्धबाट नै स्वर्गको द्वार खुल्ला हुन्छ भनी कृष्ण अर्जुनलाई सम्झाउँछन् । उनी यद्धबाट विरत हुनाले दुनियाँले दुर्वाच्य बोल्ला, खिस्याउला भन्दै लडाइँ जितेर स्वर्ग प्राप्त गर्न पृथ्वीको वैभव भोग्नका लागि अग्रसर हुन आग्रह गर्दछन् । फलको आश नगरी कर्म गर्नु पर्दछ भन्दै जसले ममा अभ्यास गर्दछ त्यसले मलाई भेट्नेछ, स्थिति, उत्पत्ति, नाश आफ्नो हातको कुरा भएको भनी अर्जुनलाई सम्झाउँछन् (वसिष्ठ,सन् २००३:६१५-६२०,६४५)।

अर्जुनले हेर्ने इच्छा गरेपछि कृष्णले आफ्नो दिव्य विराटरूप धारण गर्दछन् । त्यस भित्र हजारौं नेत्र,बाहु,मुख, पद, गहना, नाना, शस्त्रास्त्रधारी अतुल बल तथा शौर्य,आश्चर्यमय शक्ति देखिन्छन् । यो सृष्टिमा भएका सारा प्राणी ब्रह्मा, शम्भु, फणीन्द्र, ऋषिमुनि, ज्ञानी, हजारौं थरिका सर्प अर्जुनले त्यहीँ देख्छन् । अर्जुनले त्यस्तो अग्नि जस्तै ज्वाजल्यमान रूप पहिले कहिल्यै नदेखेको विचार कृष्ण समक्ष प्रकट गर्दछन् । कृष्ण अर्जुनसँग आफू देवको पनि देव र कालको पनि काल भएको बताउँदै कौरवहरू आफैंद्वारा वध्य भएकाले डर र कुशङ्का त्यागेर युद्धका लागि तत्पर हुन आह्वान गर्दछन् । आफू अबुझ भएर बारम्बार प्रश्न गरेकोमा अर्जुन कृष्णसँग क्षमा माग्दछन् र उनलाई सामान्य रूपधारण गर्न अनुरोध गर्दछन् । त्यसपछि ज्ञान पाएर आफूचेतनामा स्थित भएको, संसयहरू सबै हटेको र कृष्णले भनेका सबै कुरा पालन गर्ने बताउँछन् (वसिष्ठ, सन् २००३:६५३,६८०)।

युद्धका लागि अर्जुन तयार भएपछि युधिष्ठिरले भीष्म लगायतका कौरव पक्षीय मान्यजनहरूसँग युद्धको आज्ञा माग्दछन् । तत् पश्चात् युद्ध प्रारम्भ हुन्छ । अट्ठार दिनसम्म भीषण युद्ध हुन्छ । विनाशको लीला चल्छ । युद्ध समाप्त भएपछि धृतराष्ट्रलाई युधिष्ठिर भन्दछन्- हे राजन ! महाभारतको युद्धमा जम्मा एक अरव छयसट्ठी करोड, वीस हजार १,६६,००,२०,००० मारिए । २४,१६५ सैनिक वेपत्ता (वसिष्ठ,२००३:९८७)।

'मोदिआइन' उपन्यासले महाभारतका उपर्युक्त घटनाहरूलाई सम्पूर्ण रूपले प्रस्तुत नगरी तिनलाई सूच्य वा साङ्केतिक रूपमा प्रस्तुत गरेको छ । उपन्यासमा महाभारतीय मिथकमा रहेका उपर्युक्त घटनाहरूलाई जस्ताको तस्तै प्रस्तुत नगरी नयाँ सन्दर्भ प्रदान गरिएको छ । हिंसा र युद्धको अन्त्य भई शान्ति र मानवता स्थापित भए मात्र सभ्यता

समुन्नत हुने विचारलाई अभिव्यक्त गर्नका लागि यसमा महाभारतको उपर्युक्त मिथकलाई विषयवस्तुको मूलआधार बनाइएको छ ।

### ३.५ 'मोदिआइन' उपन्यासको कथावस्तुमा मिथक

'मोदिआइन' उपन्यासको कथा वस्तुको मुलआधार महाभारतको मिथक हो । यसमा पृष्ठभूमिको रूपमा म पात्र र मिसिरजी दरभङ्गा गएको र मोदिआइन कहाँ बसेको प्रसङ्ग आएको छ । सुत्ने समयमा 'मोदिआइन' ले म पात्रलाई कथा सुनाउँछे । यस क्रममा पाण्डव र कौरवका बिच उत्पन्न भएको राज्यसम्बन्धी विवाद, कृष्णले अर्जुनलाई युद्धका लागि प्रेरित गरेको प्रसङ्ग दुई पक्ष विचको भयङ्कर युद्ध र त्यसको परिणामलाई चित्रण गरिएको छ । महाभारतको उपर्युक्त घटनाहरूको संयोजनबाट हिंसा, बर्बरताको विरोध एवम् मानवतावादी जीवन मूल्यको वकालत गरिएको छ । त्यसैले यस उपन्यासमा प्राचीन विषयवस्तुलाई नयाँ सान्दर्भिकताका साथ प्रस्तुत गरिएको छ । यसैबाट कथावस्तु निर्मित छ ।

#### ३.५.१ उपन्यासको कथासार

मिसिरजीलाई काम विशेषले दरभङ्गा जानुपर्ने हुन्छ । उनी जाने थाहा पाएपछि म पात्र उनीसँगै जाने इच्छा प्रकट गर्दछ । उसले दरभङ्गा महाराजको दरबार, हात्तिसार, अस्तवल, कचहरी, ठूलाठूला घर आदि हेर्न पाइने भएकोले जानका लागि जिद्दी गर्छ । त्यसपछि मिसिरजी उसलाई साथमा लिएर दरभङ्गा तर्फ लाग्दछन् । उनीहरू दरभङ्गाको स्टेशनमा पुग्दछन् । रेल स्टेशनभन्दा ठिक बाहिर विशाल पोखरी र स्टेशनको किनारातर्फ मोदिहरूको पसल हुन्छ । उनीहरू मोदिआइनकहाँ जान्छन् । त्यहाँ मोदि विरामी हुन्छ । 'मोदिआइन' कहाँ केहीबेर कुराकानी गरेपछि नुहाउनका लागि हडाहा तलाउमा जान्छन् र नुहाएर पुनः 'मोदिआइन' कहाँ फर्कन्छन् । 'मोदिआइन' म पात्रलाई खाना खान दिन्छे । उसले म पात्रलाई पढेर के गर्ने भनी सोध्दछे । म पात्रले पढेर ठूलो मानिस बन्ने जवाफ दिन्छ । त्यसपछि 'मोदिआइन' म पात्रलाई पढेर ठूलो मानिस होइन असल मानिस बन्नु पर्ने सल्लाह दिन्छे ।

म पात्र मिसिरजीसँग सहर निस्कन्छ । उनीहरू एक्कामा चढेर सहरका महत्त्वपूर्ण स्थानहरूमा हेर्दछन् । साँझपख उनीहरू मोदिआइनकहाँ फर्कन्छन् । मिसिरजी सरसफाईका लागि पोखरीतर्फ लाग्छन् । म पात्र 'मोदिआइन' को घरको पिँढीमा हातखुट्टा धुन्छ । साँझ पर्न थालेकाले पसलेहरू आ-आफ्ना पसलमा बत्ति बाल्दछन् । हडाहा पोखरी झन्झन् कालो हुँदै जान्छ । म पात्र'मोदिआइन'सँग पोखरी कालो हुने सम्बन्धमा जिज्ञासा राख्छ । त्यसपछि उसले हडाहा विशेष किसिमको पोखरी भएको बताउँछे । म पात्रमा जिज्ञासा

बढ्छ । ऊ पोखरीका बारेमा थप कुरा जान्न खोज्छ । उसको जिज्ञासा मेटाउनका लागि मोदिआइन हडाहा पोखरीको उत्पत्तिका बारेमा  बताउन थाल्छे  ।

हडाहा महाभारतको पालाको प्राचीन पोखरी हुन्छ । त्यसवखत त्यहाँ आटव्य जङ्गल हुन्छ ।  त्यसको बिचभागमा सानो पोखरी हुन्छ । पछि जङ्गल मासिँदै जान्छ । मानिसहरूले जङ्गल मासेर बस्ती बसाल्न थाल्छन् दरभङ्गा महाराजका पूर्खाहरूले त्यसलाई आफ्नो जमिन्दारी अन्तर्गत पार्दछन् । त्यसबखत तलाउ सानो वापीको रूपमा रहेको हुन्छ ।त्यो झारैझारले घेरिएको हुन्छ । त्यहाँ एउटी मछुवारिन माछा बेच्न बस्ने गरेकी हुन्छे । उसका माछा असल हुने भएकोले तुरून्तै बिक्रि भैहाल्छन् । एक दिन मछुवारिन तलाउको किनारमा आएर बस्छे । उसको डालोमा ठूलो रहु माछा हुन्छ । दरभङ्गा राजाको तान्त्रिक तलाउमा नुहाएर फर्कँदै गर्दा रहु माछा देख्छ र त्यसलाई किन्छ । सिङ्गै माछो किनिदिएकोमा मछुवारिन खुशी हुन्छे । माछा किनी सकेपछि तान्त्रिकले त्यो सुन्दर मछुवारिनलाई हेरिरहन्छ । त्यसैबेला एउटा चीलले त्यसका हातबाट माछोलाई टिपेर लैजान्छ । माछो गह्रौ भएकोले चीलले त्यसलाई धेरै टाढा  लैजान सक्दैन । अलिपर लगेर चीलले माछोलाई खसाली दिन्छ । त्यो देखेर मछुवारिन हाँस्छे । तान्त्रिकले हाँसिरहेकी मछुवारिनलाई गौर गरेर हेर्छ । उसलाई मछुवारिनको अनुहार वेदनाले भरिएको प्राचीन नारीको जस्तो लाग्दछ । त्यसको हाँसो मात्र अहिलेको जस्तो लाग्छ ।  तान्त्रिकले मछुवारिनसँग परिचय माग्छ । मछुवारिन उसलाई आफ्नो बारेमा चासो नराख्न भन्छे । चीलले माछोलाई लैजान नसकेकोले आफू हाँसेको बताउँछे । कलियुगमा मान्छे मात्र होइन, पशु पनि खिइसके भन्ने विचार व्यक्त गर्दछे । महाभारतको पालामा एउटा चीलले योद्धाको शरीर बोकेर त्यही वापीमा फ्याँकेको रहस्य बताउँछे । अकस्मात् मछुवारिनको मुखबाट मुस्कान निस्कन्छ । अनुहारमा विषाद्का रेखाहरू देखिन्छन् ऊ डालो समातेर हिँड्न थाल्छे । तान्त्रिक उसलाई रोक्न खोज्दै उसले परिचय दिनै पर्ने भन्छ । त्यत्तिकैमा मछुवारिन लोप हुन्छे । मछुवारिन लोप भैसकेपछि तान्त्रिक दरबारमा जान्छ र राजालाई मछुवारिनको वृत्तान्त सुनाउँछ । तान्त्रिक सल्लाहअनुसार वापीलाई खन्ने निर्णय गरिन्छ । त्यसलाई पाँचहजार ज्यामी  लगाएर रात दिन गरी ६ महिनासम्म खनिन्छ । त्यहाँ धेरै हाडखोड फेला पर्दछ । तिनलाई गङ्गाजीमा लगेर अनुष्ठानपूर्वक सेलाइन्छ । त्यसरी खनिएकाले सानोवापी ठूलो पोखरी बन्न पुग्दछ । खन्दा हाड पाइएको हुनाले त्यस पोखरीलाई हडाहा पोखरी भन्ने गरिन्छ । म पात्र अझै कथा सुन्नका लागि अनि भन्दै जिज्ञासा प्रकट गर्दछ । 'मोदिआइन' हडाहा तलाउको कथा सकिएको जानकारी दिन्छे । यत्तिकैमा  मिसिरजीसँग जाने इच्छा प्रकट गर्दछ  । रातको समय भएको र थकान धेरै भएकोले उसलाई नलिएरै मिसिरजी त्यहाँबाट बाहिरिन्छन् । मोदिआइन म पात्रलाई एकैछिनमा खाना तयार गरिदिन्छु भन्छे । म पात्र मोदिआइनले भनेको हडाहा कथाप्रति जिज्ञासा बाँकी नै रहेको हुन्छ । ऊ मोदिआइनसँग मानिसहरू त्यतिपछिसम्म बाँच्ने गरेको कुरा र मछुवारिन साँच्चै भए नभएको बारे प्रश्न गर्छ ।

जवाफमा मोदिआइन त्यस्ता मानिसहरू प्रेतात्मा भएर जुग जुगान्तरसम्म बाँचिरहन्छन् र आफ्ना प्रियजनहरूको नजिकै भइरहन खोज्छन् भन्छे ।

'मोदिआइन' म पात्रलाई खाना खुवाउँछे र सुत्न भन्छे । ऊ आफू नजिकैको कोठामा भएको आवश्यक परेमा बोलाउनु भन्छे । रात बढ्दै जान्छ । म पात्र डराउँदै जान्छ । उसले पानीमा कसैले छप्प गरेको आवाज सुन्छ र मिसिरजी भन्दै कराउँछ । मोदिआइनले के भयो भनी प्रश्न गर्दा पानीमा छप्प भएको भन्ने जवाफ दिन्छ । मोदिआइन उसलाई पानीमा माछा उफ्रिएकोले त्यस्तो हुन गएको हो डर नमानेर सुत्न भन्छे । अन्धकार बढ्दै जान्छ । बिरामी मोदि एकोहोरो ढङ्गले खोकिरहन्छ । निशाचरी कीराहरू कराउन थाल्छन् । म पात्र मोदिआइनले बताएका प्रेतात्माका कुरा सम्भन्छ । ऊ यी सबैकुराहरूबाट त्रसित बन्दै जान्छ । आँखामा निद्रा आउन खोजे पनि डरले ऊ निदाउन सक्दैन । डर त्रास बढ्दै जाँदा फेरि मिसिरजी भन्दै चिच्याउँछ । त्यसपछि उसले धेरै डर मान्यो भन्ने ठानेर मोदिआइन उनी र आएर बसि दिन्छे । कथा सुन्ने भए सुनाउँछु भन्छे । म पात्र कथा सुन्ने इच्छा प्रकट गर्दछ । मोदिआइन उसलाई कथा सुनाउन थाल्छे ।

हस्तिनापुरमा पाँच भाइ पाण्डव र सय भाइ कौरव हुन्छन् । राज्यलाई लिएर पाण्डव र कौरवका बिचमा वैमनस्यता सिर्जना हुन्छ । विवाद बढ्दै गएपछि धृतराष्ट्रले आफ्ना भतिजाहरूका लागि इन्द्रप्रस्थ नामक अलग्गै राज्य बनाई दिन्छन् । हस्तिनापुरभन्दा उत्तरपूर्वतर्फ रहेको ठूलो खाण्डवप्रस्थ जङ्गललाई फाँडेर इन्द्रप्रस्थको स्थापना गरिन्छ । इन्द्रप्रस्थको स्थापनाका क्रममा त्यहाँ पहिले भएका वस्तीहरू पनि मासिन पुग्छन् । त्यहाँ बस्ने मानिसहरू बेघर हुन्छन् । त्यसमा एउटा क्षेत्रीय परिवार पनि पर्न जान्छ । त्यस परिवारमा नारी नाम गरेकी एउटा बालिका पनि हुन्छे । इन्द्रप्रस्थको निर्माणसँगै ठूला-ठूला महलहरू खडा गरिन्छ । हात्ती, घोडा, रथ, शस्त्रास्त्रले सुसज्जित वीरहरूले इन्द्रप्रस्थ भरिभराउ हुन्छ । बालिका नारीले आश्चर्यका साथ त्यसलाई अवलोकन गर्छे । ऊ त्यो विस्मयका कुराहरूलाई सुनाउँदै हिँड्छे ।

बडो सजधजका साथ पाण्डवहरू इन्द्रप्रस्थ प्रवेश गर्छन् । त्यहाँ ठूलो यज्ञको आयोजना गरिन्छ, शस्त्रास्त्रको प्रदर्शन गरिन्छ । सैनिक र नागरिकहरूले पाण्डवहरूको जयजयकार गर्छन् । विस्तारै इन्द्रप्रस्थले सुन्दर राजधानीको रूप लिन्छ । पहिले बेघर भएकाहरू इन्द्रप्रस्थका स्थायी नागरिकका रूपमा स्थापित हुँदै जान्छन् । नारी पनि बालिकाबाट विस्तारै ठूली हुँदै जान्छे । इन्द्रप्रस्थ सुन्दर र वैभवशाली राज्यका रूपमा स्थापित भएकोमा दुर्योधनलाई असह्य हुन्छ । हस्तिनापुर र इन्द्रप्रस्थका बिचमा भित्रभित्रै प्रतिस्पर्धा सुरु हुन्छ । यस्तैमा दुर्योधनले जूवाको आयोजना गरी युधिष्ठिरलाई निम्तो पठाउँछ । द्युतलाई क्षेत्रीय धर्मका रूपमा लिइने भएको हुँदा युधिष्ठिर हार्दै जान्छन् । उनले मुद्रा हार्छन्, सबै चल सम्पत्ति हार्छन् । त्यसपछि उनले राज्य पनि हार्छन् र पागलजस्तै बनी

द्रौपदीलाई जूवामा थाप्छन् । उनले द्रौपदीलाई पनि हार्छन् । रजस्वला भएकी द्रौपदीलाई दु:शासनले सभामा निर्वस्त्र बनाउँछ । कौरवहरू पाण्डवहरूको बदनाम गर्दछन् ।

'मोदिआइन' कथा भन्दै जाँदा म पात्रको अचेतनमा इन्द्रप्रस्थकी नारीसँग मिस्सिन पुग्छे । अर्थात नारीमा रूपायित हुन्छे । नारी कथा सुनाउँछे, म पात्र कथा सुन्दै जान्छ ।

नारीका आमाबाबुहरूले द्रौपदीको चीरहरण नारीको अपमान मात्र नभएर अनिष्टको सङ्केत भएको विचार व्यक्त गर्दछन् । यसको चर्चा प्रत्येक घरमा हुन्छ । सबै त्रसित हुन्छन् । पाण्डवहरूलाई बाह्रवर्षका लागि वनबास जानु पर्ने हुन्छ । इन्द्रप्रस्थ विरानो बन्दै जान्छ । ठूलाठूला दरबारहरू रित्तिन्छन् । मानिसहरूको रोजगार खोसिन्छ । नागरिकहरू एकपछि अर्को गर्दै हस्तिनापुर लाग्दछन् । नारीका बाबु इन्द्रप्रस्थको दरबारमा रक्षकदलको तल्लो दर्जाको पदाधिकारी हुन्छन् । इन्द्रप्रस्थ कौरवहरू अधिनस्थ भएपछि नारीका बाबुको जागिर खोसिन्छ । नारीको परिवार विचल्लीमा पर्छ । त्यसपछि उनीहरूको परिवार अरूजस्तै हस्तिनापुर लाग्छ । त्यतातर्फ लाग्दा नारी आठ-नौ बर्षकी हुन्छे । उसको परिवार जमुनाको तटनिर छाप्रो हालेर बस्न थाल्छ । उसका बा दिनभरि काम गरेर परिवार पाल्न थाल्छन् । समय वित्दै जान्छ । नारी हुर्कंदै बढ्दै किशोरी हुन्छे । उसमा यौवन चढ्छ । उनीहरू बसेको जङ्गलमा हस्तिनापुरबाट मृगयाका लागि कहिले काहीँ राजकुमारहरू आउने गर्छन् । त्यस्तो समयमा उसकी आमा उसलाई छाप्राभित्र लुकाउने गर्छिन् । आफ्नी छोरीलाई नर्तकी बनाउन दरबारमा लैजालान् भन्ने उनलाई डर हुन्छ ।

एक दिन नारी जङ्गलमा डुलिरहेको बेला आफ्नो दलबाट छुट्टिएको एक आश्वारोही नजिकै आउँछ । नारी लजाउँछे र रूखको फेदमा पछिल्तिर लुक्छे । अश्वारोही युवकले उसलाई देख्छ । उनीहरूका आँखा जुध्छन् । उसले नारीको परिचय माग्छ नारीले आफूलाई एउटी क्षेत्रीयकुमारी भनेर परिचय दिन्छे र आँखा झुकाउँछे । परिचयसँगै उनीहरूका बिचमा प्रेमसम्बन्ध स्थापित हुन्छ । त्यसबेलाको चलन अनुसार जङ्गलमै उनीहरूको स्वयंवर हुन्छ । नारी त्यस युवकलाई आमासँग भेट गराउनका लागि घर लैजान्छे । युवकले नारीकी आमालाई आफू कौरवतर्फको क्षेत्रीय सैनिक भएको परिचय दिन्छ । उसले सुन्दरी छोरीको पति हुन पाएकोमा आफू निकै भाग्यमानी भएको कुरो राख्छ । साँझपख नारीका बा घर आउँछन् । युवकलाई देखेर उनी पनि खुशी हुन्छन् ।

स्वयंवर पश्चात् त्यस क्षेत्रीय युवकले नारीलाई घोडामा चढाएर आफ्नो घर लैजान्छ । आमालाई भेट्छ र नारीलाई देखाउँदै उनलाई कोसेली ल्याइदिएको भन्छ । आमाले पनि छोरा बुहारीलाई स्नेहका साथ स्वागत गर्छिन् । बुहारीलाई लक्ष्मीजस्तै भनी प्रशंसा गर्छिन् । नारी पतिगृहमा स्वर्गीय सुख अनुभव गर्न थाल्छे । उसका रमाइला दिनहरू सुरु हुन्छन् । उसको पति जागिरका क्रममा दिनभरी हस्तिनापुरमा हुन्छ भने रात परेपछि घोडा दौडाउँदै घर आइपुग्छ । दिनमा नारी गाउँका आइमाइसँगै सूर्यकुण्डमा जान्छे । त्यहाँ भेला भएका आइमाईहरूले निकै सुन्दर भनी उनको प्रशंसा गर्दछन् । प्रशंसाले ऊ गदगद

हुन्छे । उसलाई जीवन कहिल्यै समाप्त नुहने वसन्त झै लाग्छ । हस्तिनापुरमा शान्ति हुन्छ । पाण्डवहरूलाई सबैले बिर्सि सकेका हुन्छन् । नारीको पतिले नगर र दरबारको चर्चा गर्छ । पाण्डवहरूले वनबासको अवधि सकिएको र गुप्तबास बित्न धेरै दिन नलाग्ने बताउँछ । यसले नारीको मनलाई झस्काउँछ । शान्तिलाई खलबल्याउन पाण्डवहरू आउँदैनन् होला भन्दै ऊ चित्त बुझाउँछे । उसलाई लाग्छ आफ्नो सुख र आनन्दलाई बिथोल्ने कालो बादल कतै छैन नारीहरू सूर्यकुण्डमा जम्मा भएर युद्धको त्रासबाट मानिसले मुक्ति पाएको चर्चा गर्छन् । एक रात थकित अनुहार लिएर पति घरभित्र प्रवेश गरेपछि नारीलाई आशंकाले गाँज्छ । उसले पतिसँग हस्तिनापुरको हालखबर सोध्छे । उसको पतिले पाण्डवहरूको गुप्तवास सकिएको, उनीहरू विराट राजाकहाँ बस्ने गरेको र विराट राजाकहाँबाट आफ्नो हकका लागि एउटा दूतलाई दुर्योधनकहाँ पठाएको र दुर्योधनले उसलाई तिरस्कार गरेर फिर्ता पठाईदिएको सबै कुरा नारीलाई बताउँछ । त्यसपछि गाउँका सबै नारीहरू चिन्तित बन्छन् । उनीहरू दुश्चिन्तामा दिनहरू काट्न थाल्छन् र सूर्यकुण्डमा जम्मा भएर नगरबाट आफ्ना पतिहरूले ल्याएका खबरहरूका बारेमा चर्चा गर्छन् । उनीहरू कौरव र पाण्डवहरूका बिचमा मेलमिलापको प्रयत्न भइरहेको कुरा सुन्दा, दुर्योधनलाई बुढापाकाले सम्झाउन लागेको सुन्दा र युधिष्ठिरले पाँचओटा गाउँ भए मान्ने भएका छन् भन्ने सुन्दा खुशी हुन्छन् । फेरि भीम र द्रौपदीले अरू पाण्डवहरूलाई युद्धका लागि प्रेरित गरेका छन् भन्ने सुन्दा उनीहरू दुःखी हुन्छन् । कृष्ण मध्यस्तताका लागि द्वारकाबाट आइपुगेका छन् भन्ने खबरले उनीहरू राहत महसुस गर्दछन् । दुर्योधनले पाँच गाउँ त के सियोको टुप्पो जति पनि भूमि नदिने कुराले र कृष्णले पनि पाण्डवहरूलाई भित्रभित्रै लडाँइका लागि उक्साई रहेका छन् रे भन्ने खबर पतिबाट प्राप्त गर्दा नारीको रात भविष्यको भयले चीसो भएर वित्छ । कृष्णले छल गरिरहेको देवताको अवतार बनेर पृथ्वीको भूभार हर्नका लागि समर रचाउन आएको भन्ने आशङ्काले नारीहरू झनै ग्रसित बन्दै जान्छन् । पाण्डव र कौरव दुवै तर्फबाट युद्धको तयारी हुन्छ । कृष्ण, अर्जुन  र दुर्योधनलाई आफू र आफ्नो अक्षौहिणी सेनामध्ये एउटा रोज्न लगाउँदा अर्जुनले कृष्णलाई रोज्छन् भने दुर्योधनले अक्षौहिणी सेना रोज्छ । दुवै पक्षका सहयोगी, आफन्त र राजाहरू एकत्रित हुँदै जान्छन् । दुवैतर्फका सेना सुसज्जित बन्दै जान्छन् । फौजका बुट, रथका पाङ्ग्रा, हात्तिका पाईला र घोडाका टापका धुलाले आकाश ढाक्न थाल्छ । तुमुल घोष गर्दै भेरी बज्छ नगरा गड्किन्छ । डरले काम्दै आमाहरू बच्चालाई छातीमा च्याप्छन् । तैपनि नारीहरूले शान्तिको आशा मारेका हुँदैनन् । पाण्डवहरूसँग भने उनीहरूलाई आशा हुन्छ । कृष्णले धर्मयुद्धको व्याख्या गर्दा युधिष्ठिरले युद्ध धर्ममय नहुने भनी प्रकट गरेको विचारले उनीहरूको मनमा युद्ध टरिहाल्छ कि भन्ने आशाको त्यान्द्रो पलाउँछ ।

हस्तिनापुर युद्ध अवश्यम भावी बन्छ । नारीले लिएको शान्तिको आशा पुरा हुँदैन नारीको पतिले युद्धका लागि विदा माग्छ । गाउँमा युवा रहँदैनन् । नारीका पति र देवर

कौरव सेनाका तर्फबाट युद्धको मैदानमा होमिन्छन् भने बाबु र भाइ पाण्डव सेनामा भर्ती भएका हुन्छन् । कुरुक्षेत्रमा मानिसको बाढी आउँछ । नारीहरू सबैले आफ्ना पतिलाई युद्धका लागि बिदा गर्छन् । सबै नारीहरूमा केवल पीडाको क्रन्दन मात्र बाँकी रहन्छ । नारी विक्षिप्त जस्तै बन्छे । नारीहरू ढिस्को माथि बसेर युद्धको मैदानमा आफ्ना प्राण प्याराहरूको खोजी गरिरहेका हुन्छन् । उनीहरूले पाण्डव सेना कुरुक्षेत्रको पश्चिम दिशातर्फ लडाइँका लागि तम्तयार रहेको देख्छन् । सात अक्षौहिणी सेना, द्रुपद, विराट, धृष्टधुम्न, शिखण्डी, सात्यकि, चेकितान, भीमसेनजस्ता सात महारथीहरूलाई पनि देख्छन् । उता फूर्तिसाथ आफ्ना सेनाको निरीक्षण गरिरहेको दुर्योधन देखिन्छ । उसको पक्षमा कृपाचार्य, द्रोणाचार्य, अश्वत्थामा, जयद्रथ, सुदक्षिण, कृतवर्मा, कर्ण, भूरिश्रवा, शकुनि आदि देखिन्छन् । सेतै फुलेका भीष्म पितामहलाई देख्दा नारीहरू विरक्त हुन्छन् ।

भयङ्कर घोषका साथ युद्ध प्रारम्भ हुन्छ । शङ्ख, भेरी,नगरा बज्न थाल्छन् । जयध्वनि गर्जिन्छ । आमाका काखमा रहेका बालबालिकाहरू निस्सासिन्छन् । नारीका सहेलीहरू भागाभाग गर्दछन् । ऊ युद्धको मैदानमा रहेको आफ्नो पतिलाई रक्षा गरिदिन ईश्वरसँग प्रार्थना गर्छे । यत्तिकैमा युद्ध मैदानको मध्यभागमा अर्जुनको रथ अडिन्छ । रथका सारथी कृष्ण हुन्छन् । अर्जुनले आफ्ना अघिल्तिर विपक्षी बनेर उपस्थित आफ्ना स्वजनहरूलाई देख्छन् । उनले ती आफन्तहरूलाई मारेर आफू विजय, राज्य र सुख नचाहने विचार प्रकट गर्दछन् । उनीहरूले आफूलाई मार्छन् भने पनि ठिकै छ, तर तिनका विरुद्धमा गाण्डीव नउठाउने हस्तिनापुर मात्र होइन तीनै लोकको राज्य पाए पनि आफूले नरहत्या नगर्ने धारणा उनी कृष्ण समक्ष राख्दछन् । त्यसपछि उनले गाण्डीव फ्याँक्छन् । अर्जुनका कुरा सुनेर नारी गद्‌गद् हुन्छे । त्यसपछि कृष्ण अर्जुनलाई सम्झाउँछन थाल्छन् । उनी अर्जुनलाई मोहले आक्रान्त पारेको कुरा गर्छन् । गाण्डीव समातेर युद्धमा प्रविष्ट हुन र विजयी भए पृथ्वीको भोग गर्ने कथंकदाचित् मारिएमा स्वर्गको भोग गर्ने बताउँछन् । अर्जुनको मानव हृदयले त्यसलाई स्वीकार गर्दैन । नारीलाई कुरुक्षेत्रमा मानवताले दैवत्वका अघिल्तिर विजय प्राप्त गर्न आँटेको जस्तो लाग्छ । कृष्णले अर्जुनलाई अनेकौं तर्क र व्याख्याबाट सम्झाउँदै जान्छन्, युद्धमा प्रेरित गर्दै जान्छन् । उनी शरीर थोत्रो टालो भएकोले त्यसलाई मनुष्यले त्याग्छ, कसैले कसैलाई मार्दैन भन्दछन् । जसले मार्छ भन्छ त्यो मिथ्या हो भन्दै आफू परब्रह्म परमेश्वर भएकोले आफूमाथि विश्वास राख्न उनी अर्जुनसँग आग्रह गर्दछन् । आफू अर्जुनको आदर्श, प्रार्थनाको हेतु लक्ष्य भएकोले आफूले भने बमोजिम गर्न अर्जुनलाई भन्दछन् । अर्जुन देवताको प्रभाव अघिल्तिर कमजोर बन्दै जान्छन् । कृष्णले मुख बाएर आफ्नो ईश्वरीय विराट स्वरूपको दर्शन गराउँछन् । तत्पश्चात् अर्जुन मानव रहँदैनन् । उनमा ईश्वरारूढ हुन्छ । उनी युद्धका लागि तयार हुन्छन् र गाण्डीव समात्दछन् । रणक्षेत्रको निस्तब्धता भङ्ग हुन्छ । सैनिकहरूको हुङ्कारले कुरूक्षेत्र थर्किन्छ । अट्ठार दिनसम्म घनघोर युद्ध हुन्छ मान्छेका गर्धन कचकच काटिँदै जान्छन् । लासको थुप्रो

लाग्दै जान्छ। युद्ध रोकिँदा केवल सात जना पुरुषमात्र बाँकी रहन्छन् । युद्धमा नारीको पति पनि मारिन्छ । ऊ विधवा बन्छे । ऊ जस्तै लाखौं नारीहरू वैधव्य धारण गर्न पुग्छन् । मृतशरीरलाई स्याल, कुकुरहरूले तान्दै लुछ्दै घिसार्दै टाढा टाढा पुऱ्याउँछन् । तिनलाई चीलले उडाएर उत्तर भारतको विभिन्न ठाउँमा छरी रहेका हुन्छन्। ती सबै लास नारीहरूकै प्रेमी तथा पतिहरूका हुन्छन्।

नारी म पात्रलाई आफ्नो एउटा मृत्यु कुरुक्षेत्रमा भएको अर्को मृत्यु कहिले भएको भनी थाहा नभएको तर आफूजस्तै नारीहरूको प्रेतात्मा चौधै भुवनमा आफ्ना पतिलाई खोज्दै भौंतारी रहेको कुरा बताउँछे। उसले आफू युगयुगदेखि आफ्नो पतिको शरीर खसेको ठाउँ आएर बसी रहेको र आफ्ना प्यारालाई पर्खि बसेको भन्छे। कथा सुन्दा सुन्दै म पात्र निदाउँछ र यहीँनिर 'मोदिआइन'को कथा पनि समाप्त हुन्छ।

मिसिरजी झिसमिसेमै म पात्रलाई उठाउँछन् । ऊ आँखा मिच्दै उठ्छ । मिसिरजी 'मोदिआइन' सँग बिदा माग्छ। मोदिआइन अनुमति दिन्छे। उनीहरू स्टेशन पुग्छन्, रेलमा चढ्छन् र जयनगर उत्रन्छन्। घरमा पुगेपछि म पात्रलाई सबैले दरभङ्गामा के देख्यौ भनी प्रश्न गर्दछन्। उसले मोदिआइन भनेर जवाफ दिन्छ। उपन्यासको कथा यहीँ टुङ्गिन्छ।

### ३.५.२ कथा वस्तुको आदि, मध्य र अन्त्य भाग

मिसिरजी र म पात्र दरभङ्गा घुम्न निस्किएदेखि सानो वापीलाई खन्दा धेरै हाडखोड पाइएकोले उक्त वापीको नाम हडाहा हुन गएको भनी मोदिआइनले म पात्रलाई कथा सुनाएसम्मका घटनाहरूले कथावस्तुको आदि भागको प्रतिधित्व गर्दछन्। पानीमा छप्पछप्प आवाज आएकोले म पात्र डराएपछि मोदिआइनले हस्तिनापुरको कथा आरम्भ गरेदेखि अठ्ठार दिनसम्म भयङ्कर युद्ध चलेर त्यो युद्ध समाप्त भएको अवधीसम्मका घटनाहरू कथावस्तुको मध्य भागअन्तर्गत आएका छन्। त्यसै गरी युद्धमा आफ्ना पतिहरू मरेर नारीहरूले वैधण्य धारण गरेको प्रेतात्मा रूप धारण गरी प्रेमी र पतिको खोजी गर्दै यताउती भड्किरहेको, त्यसमध्ये एक मोदिआइन आफू स्वयं भएको भन्दै म पात्रलाई कथा सुनाएको, कथा सुन्दासुन्दै म पात्र निदाएको देखि अर्को दिन बिहानै झिसमिसेमा मिसिरजी र म पात्र'मोदिआइन'सँग विदामाग्दै घरतर्फ फर्किएको र घर पुगेको सम्मका घटनाहरू कथावस्तुको अन्त्य भाग बनेर आएका छन्।

### ३.५.३ मूल मिथकसँग सम्बद्ध घटना र प्रसङ्गहरू

मोदिआइन र म पात्रलाई कथा सुनाउने क्रममा आएका धृतराष्ट्र, पाण्डव, कौरव, कृष्ण र तिनका युद्धसंग सम्बद्ध घटनाहरू महाभारतको मिथकसँग सम्बन्धित छन् । हस्तिनापुरमा धृतराष्ट्र नामका राजा हुनु, उनका सयभाइ छोरा र पाँच भाइ भतिजा हुनु, उनका छोराहरू कौरव र भतिजाहरू पाण्डव भनेर चिनिनु, राज्यको विषयलाई लिएर

पाण्डव र कौरवका विचमा विवाद उत्पन्न हुनु, धृतराष्ट्रले इन्द्रप्रस्थ राज्यको स्थापना गरी पाण्डवहरूलाई दिनु, पाण्डवहरू इन्द्रप्रस्थ प्रवेश गर्नु, इन्द्रप्रस्थ सुन्दर, समृद्ध र वैभवशाली राज्यका रूपमा स्थापित हुनु दुर्योधनमा  इन्द्रप्रस्थको समृद्धि र वैभव देखेर इर्ष्या जाग्नु, हस्तिनापुर र इन्द्रप्रस्थका बिचमा प्रतिस्पर्धा हुनु । दुर्योधनले जुवाको आयोजना गरी युधिष्ठिर(पाण्डवहरू) लाई हस्तिनापुर आमन्त्रण गर्नु युधिष्ठिर लावालस्करका साथ जूवाका लागि हस्तिनापुर जानु, शकुनिको छलबाट युधिष्ठिरले जूवामा सम्पत्ति, राज्य द्रौपदीलाई समेत हार्नु, दुःशासन द्रौपदीलाई सभामा निर्वस्त्र पार्नु, जूवा हारेपछि पाण्डवहरू बाह्र वर्षको वनबास र एकवर्षको गुप्तवासमा निस्कनु, पाण्डवहरूको वनवास र गुप्तवासको समय सकिनु, पाण्डवहरूले राज्यको माग गर्दै विराट राजाकहाँबाट हस्तिनापुरमा दूत पठाउनु, दुर्योधनले पाण्डवहरूको मागलाई लत्याउनु, द्रौपदीले पाण्डवहरूलाई युद्धका लागि प्रेरित गर्नु, पाण्डव र कौरवको विवाद मिलाउन कृष्णले मध्यस्तता गर्नु, युद्धको भीषण तयारी हुनु युद्धमा अर्जुनको रथ युद्ध प्राङ्गणको मध्य भागमा पुग्नु, अर्जुनले आफ्नो नजिकै युद्धका लागि उपस्थित भएका आफन्तहरूलाई देखेर तिनै लोक प्राप्त गरे पनि नलड्ने विचार गर्नु, उनले गाण्डीव फ्याँक्नु, कृष्णले मोह, देह, आत्मा, मोक्ष, धर्म आदिका बारेमा व्याख्या गर्दै अर्जुनलाई युद्धमा प्रेरित गर्नु, अर्जुन आफ्नो विचारमा अडिग रहनु, कृष्णले मुख बाएर अर्जुनलाई आफ्नो विराट ईश्वरीय स्वरूपको दर्शन गराउनु, कृष्णको विराट ईश्वरीय रूपको दर्शन गरेपश्चात् अर्जुन गाण्डीव समातेर युद्धका लागि तयार हुनु कुरुक्षेत्रमा अट्ठार दिनसम्म भयङ्कर युद्ध चल्नु, धेरै ठूलो धनजनको क्षति हुनु आदि जस्ता घटना र प्रसङ्गहरू महाभारतको मिथकसँग सम्बन्धित घटना प्रसङ्गहरू हुन् । यी 'मोदिआइन' उपन्यासको संरचना र कथावस्तुको प्रमुख आधार बनेर आएका छन् । चाहे मोदिआइन होस चाहे मछुवारिन या नारी सबैको पीडा महाभारतको युद्धजन्य विभीषिकाले जन्माएको छ । त्यस युद्धमा आफ्ना पति गुमाएका नारीहरूले चीरकालसम्म प्रेतात्मा रूप धारण गरेर पतिको प्रतिक्षा गरिरहेका छन् । पाण्डवहरूको वनवास र गुप्तवास सकिने समाचारले मात्र पनि नारीलाई झस्काएको छ । ऊ पाण्डवहरूद्धारा दूत पठाएर हक मागिएको प्रसङ्गले निकै चिन्तित बनेकी छ । ऊ मात्रै नभएर तमाम नारीहरू युधिष्ठिरले पाँच गाउँ भए पुग्ने भनेका छन् रे भन्ने खबरले खुशी हुन्छन् भने द्रौपदीले पाण्डवहरूलाई युद्धका लागि उकासिरहेकी छन् रे भन्ने खबर सुन्दा दुःखी हुन्छन् । युद्ध अवश्यंभावी भएपछि तिनका पतिहरू युद्धमा सामेल हुनुपर्ने हुन्छ । तत्पश्चात् उनीहरू घोर निराशा र दुःखमा दिन विताउन वाध्य हुन्छन् । तिनका सुखद र रमणीय क्षणहरू समाप्त हुन्छन् अर्जुन युद्धबाट विरक्त भए भन्ने समाचारले उनीहरू युद्ध टर्छ कि भन्ने आशाले खुशी हुन्छन् अन्ततः युद्धलाई कसैले टार्न सक्दैन । अट्ठार दिनसम्मको भयङ्कर युद्धले ठूलो क्षति पुऱ्याउँछ ।  त्यसमा नारीका पतिहरू पनि पर्दछन् । त्यसैको परिणामस्वरूप ती आफ्ना प्रेमीहरूको प्रतीक्षा गर्दै युगयुगसम्म प्रेतात्मा रूपधारण गरी भड्की रहेका छन् । यसरी महाभारतको युद्ध लाखौं नारीको पीडाको

कारण रहेको विचारलाई औपन्यासीकरण गरिएकोले उपन्यासको कथावस्तु मुख्य रूपले महाभारतका यिनै घटनाहरूबाट निर्मित भएको छ ।

### ३.५.४ मूल मिथकसँग असम्बद्ध घटना र प्रसङ्गहरू

म पात्र र मिसिरजी दरभङ्गा गएको, सहर घुमेको, मोदिआइनकहाँ बसको देखी मछुवारिन, रहु माछा, तान्त्रिक, हडाहा पोखरीको उत्पत्तिको सन्दर्भसम्मका घटनाक्रमहरू प्रत्यक्ष रूपमा मूल मिथकसँग सम्बद्ध छैनन् । त्यसैगरी उपन्यासको अन्त्यमा म पात्र मिसिरजी 'मोदिआइन'सँग बिदा मागेर घरतर्फ लागेको र घर पुगेको घटना पनि मूल मिथकसँग सम्बद्ध छैन । त्यसैगरी महाभारतको युद्धले नारीहरूमा उत्पन्न भएको अनुभूति, सोचाई र कुराकानीको सन्दर्भ पनि मूल मिथकमा रहेको छैन । महाभारतको स्त्री पर्वमा गान्धारीले सञ्जय कुरु, पाञ्चालका रानीहरू र छोरी बुहारीहरूले युद्ध समाप्त भएपछि कुरुक्षेत्रमा गएर आफ्ना पतिहरूको खोजी गरेको पीडित भएको, विलाप गरेको घटना कृष्णलाई बताएकी छन्(वसिष्ठ,सन् २००३ः ९८४) । तर युद्धको प्रारम्भ र युद्धको क्रममा नारीहरू जम्मा भएर युद्धका कुरा गर्ने गरेको प्रसङ्ग मूल मिथकमा छैन । त्यसैले उपन्यासमा नारीको सन्दर्भ मिथकको पुनर्व्याख्याका क्रममा जोडिएर आएको छ । उपन्यासको प्रारम्भदेखि हडाहा पोखरीको उत्पत्तिको सन्दर्भ सम्मका घटनाक्रमहरू उपन्यासकारले महाभारतको युद्धबाट प्रताडित नारीहरूको अवस्थालाई देखाउने क्रममा त्यसको पृष्ठभूमि बनेर आएका छन् भने म पात्र मिसिरजी घर फर्किएपछि उपन्यास टुङ्गिएको छ । मूल मिथकमा यिनको चर्चा नभएपनि मोदिआइन, मछुवारिन र हडाहा पोखरीको सन्दर्भलाई उपन्यासकारले महाभारतको युद्धसँग जोडेर हेर्न खोजेका छन् । 'मोदिआइन' कथा भन्दै जाँदा नारीमा रूपायित हुनु, मछुवारिन हाँस्दा तान्त्रिकलाई उसको अनुहार प्राचीन नारीको जस्तै लाग्नु र कुरा गर्दागर्दै मछुवारिन लोप हुनुजस्ता घटनाहरू अवास्तविक लागे पनि औपन्यासिक कथ्यलाई मर्मस्पर्शी बनाउने क्रममा यी प्रसङ्गहरूको संयोजन गरिएको छ । यिनको सम्बन्ध अप्रत्यक्ष रूपमा महाभारतको युद्धसँग गाँसिएर आएको छ । हडाहा पोखरीलाई महाभारतकालसँग जोड्दै उपन्यासमा मोदिआइन भन्छे 'यो बडो प्राचीन पोखरी हो, महाभारतको पालाको जब कि यो ठाउँ आटव्य जङ्गल थियो, जसको बिचमा एउटा सानो पोखरी थियो'(कोइराला,२०६४:१३) । तान्त्रिकले किनेको रहु माछालाई चीलले टिपेर लैजान्छ, तर पचास डेग परपुगेपछि त्यो रहु माछा भुइँमा खस्छ । त्यसपछि मछुवारिन हास्छे र तान्त्रिकलाई भन्छेः

> *...हाँसेको किनभने कलियुगमा मानिस मात्र खिइएनन् कि पशुपंक्षी पनि खिइसके । हेर न त्यो रहुलाई चीलले उडाएर लैजान सकेन । पहिले-पहिले मानिसहरू पराक्रमी र हात्तीजस्ता शक्ति राख्ने हुन्थे र पशुपंक्षी पनि त्यस्तै बलिया । महाभारतको पालामा कुरुक्षेत्रबाट एउटा योद्धाको शरीरलाई टिपेर उडेको चीलले*

*यही वापीमा आएर त्यस शवलाई फ्याँकेको थियो । कहाँ कुरुक्षेत्र र कहाँ दरभङ्गा । त्यत्रो दूरी ! र योद्धाको भारी शरीरलाई बोकेर उड्नु यति टाढा । कत्रा चील हुँदा हुन्, कति शक्तिशाली, तिनताका (कोइराला,२०६४:१४-१५)।*

मछुवारिनकोअनुहारमा प्राचीन नारीको झलक देखिनु, त्यसले तान्त्रिकलाई महाभारतको युद्धमा चीलले एउटा योद्धाको मृत शरीरलाई वापीमा फालेको बताउनु र कुरा गर्दागर्दै मछुवारिन लोप भएको प्रसङ्गले तान्त्रिकलाई उक्त वापीमा महाभारत कालीन योद्धाका अवशेष प्राप्त हुन्छन् कि भन्ने आश जाग्छ र राजालाई उक्त वापी खन्नु पर्ने सल्लाह दिन्छ । 'मोदिआइन'म पात्रलाई  कथा सुनाउँदै भन्छे:

*.... तान्त्रिक कै सल्लाहले वापीलाई खन्ने निर्णय भयो महाभारतको योद्धाको शरीरको हाड केही फेला पर्छ कि भनेर । पाँच हजार ज्यामीले छ महिनामा रात दिन गरेर यसलाई खने । धेरै हाडखोड पाइयो । तिनलाई गङ्गाजीमा लगेर अनुष्ठानपूर्वक सेलाए । त्यहाँको यो सानो वापी खनिएर यत्रो ठूलो पोखरी भयो र यहाँबाट हाड पाइया हुनाले यसलाई  हडाहा पोखरी भन्छन् (कोइराला,२०६४:१५) ।*

म पात्रले महाभारतकालका मानिसहरू पछिसम्म बाँच्थे र भन्ने जिज्ञासा राख्दा 'मोदिआइन' भन्छे: 'किन बाच्दैनन् ?' प्रेतात्मा भएर जुगजुगान्तर सम्म बाँचिराख्छन् । आफ्ना प्रियजनहरूको नजिकै भइरहन खोज्छन् । कुनै वाञ्छाले, कुनै न कुनै पूर्ति नभएको कामनाले, उनीहरूलाई अमर पारेर मृत्युलोकमा दृश्य-अदृश्य आकार रूपमा घुमाइरहन्छ' (कोइराला, २०६४:१६) । यसरी यी प्रसङ्गहरू अप्रत्यक्ष ढङ्गले महाभारत कालसँग जोडिएर आएका छन् ।

क्षेत्रीय परिवार र बालिकाको प्रसङ्ग, पाण्डवहरूको वनवास पश्चात् अरूजस्तै क्षेत्रीयपरिवार पनि हस्तिनापुर जानु, नारी र सैनिक युवकको स्वयंवर हुनु, नारीहरू युद्धको आशंकाले त्रसित हुनु, नारीको पति युद्धकालागि बिदा मागेर हिँड्नु आदि जस्ता घटना र प्रसङ्गहरू मूल मिथकमा उल्लेख भएका छैनन् । उपन्यासमा भने हस्तिनापुरको विवाद र कुरुक्षेत्रको युद्धसँग अभिन्न बनेर यी घटनाहरू आएका छन् । मिथकको विषयलाई लिएर समसामयिकतामा ढाल्न, त्यसका माध्यमबाट युद्धपीडित मानव मनोदशा, पीडा र परिणामको अभिव्यक्त दिन उपन्यासभित्र यिनलाई समेटिएको छ । यो उपन्यासको महत्त्वपूर्ण पक्ष बनेर आएको छ ।

म पात्र र मिसिरजी दरभङ्गा गई'मोदिआइन'कहाँ बसेदेखि मछुवारिन र हडाहा पोखरीको प्रसङ्ग, युद्धबाट प्रभावित नारीहरूको अवस्था र म पात्र र मिसिरजी दरभङ्गाबाट घर फर्किंदा सम्मका घटनाहरू मूल मिथकमा नरहे पनि यिनले उपन्यासकारको मूल

मिथकलाई पुनर्व्याख्या गरी अभिव्यक्त गर्न खोजेको विचारलाई मार्मिक, कलात्मक र प्रभावकारी बनाउन सहयोग गरेका छन् ।

### ३.५.५ कथावस्तुमा द्वन्द्व र कुतूहल

उपन्यासको कथावस्तु द्वन्द्व, संशय र कुतूहलले भरिएको छ । महाभारतको युद्ध भएमा आफ्ना पतिहरूको मृत्यु हुने र त्यसले सुखद र रमाइला दिनहरू समाप्त हुने चिन्ताले नारीहरूमा ठूलो अन्तर्द्वन्द्व सिर्जना गरेको छ । यस्ता कुरा उनीहरूले भेटघाट भएको बखतमा एक अर्कामा साटासाट गरेका छन् कृष्णले मध्यस्तता गरी पाण्डव र कौरवलाई मिलाउन लागेका छन् भन्ने र युधिष्ठिरले पाँच गाउँ भए पुग्ने भनेका छन् भन्ने खबरले एवम् अर्जुनको आफन्तसँग युद्ध नगर्ने विचारले उनीहरूको अन्तर्मनमा खुशी ल्याएको छ । त्यसैगरी दुर्योधनको पाण्डवहरूसँग नमिल्ने बरु युद्ध गर्ने हठ, भीम र द्रौपदीका बदलाको भावनाबाट प्रेरित उत्तेजनापूर्ण कुरा र कृष्णले अर्जुनलाई युद्धका लागि प्रेरित गरिरहेको स्थितिले उनीहरूले अर्न्तमन त्रसित भएको छ । यसले नारीहरूलाई अन्तर्द्वन्द्व फसाएको छ । जूवा खेल्नका लागि इन्द्रप्रस्थबाट हस्तिनापुर गएका पाण्डवहरूले जूवामा हार्लान कि जित्लान, जूवा हारि सकेपछि उनीहरूको के अवस्था होला, उनीहरूको वनबास र गुप्तवास सकिएपछि राज्य पुनः पाऊलान् कि नपाऊलान्, कृष्णले मध्यस्तता गरी दुई पक्षलाई मिलाउन सक्लान् कि नसक्लान्, नलड्ने विचार गरेका अर्जुनलाई कृष्णले युद्धका लागि तयार गर्न सक्लान् कि नसक्लान्, नारीहरूको चाहना पूरा होला कि नहोला, युद्धमा कसले जित्ला आदि जस्ता थुप्रै संशय र कुतूहलले कथावस्तु भरिएको छ । उपन्यासमा पात्रहरूको आन्तरिक द्वन्द्वमात्र होइन बाह्य द्वन्द्व पनि त्यत्तिकै प्रबल बनेर आएको छ । पाण्डव र कौरवका बिचमा तयार हुन लागेको युद्धको वातावरण, युद्धको तयारी र अठ्ठार दिनको भयङ्कर युद्धले उपन्यासमा बाह्य द्वन्द्वको सिर्जना गरेको छ । महाभारतको युद्ध र त्यसको परिणामसँग सम्बन्धित विषयवस्तु भएकोले उपन्यासको कथावस्तुमा द्वन्द्व र कौतुहल पक्ष सशक्त बन्न पुगेको छ । यसले पाठकलाई उपन्यास पढ्न सुरु गरेपछि नसकिने बेलासम्म पढूँ पढूँ लाग्ने बनाएको छ, उपन्यासलाई रोचक र कलात्मक बनाएको छ ।

### ३.५.६ कथावस्तु र भाषा

'मोदिआइन' उपन्यास पूर्वदीप्ति शैलीमा संरचित छ । म पात्रले गरेको घटना स्मरणमा महाभारतको कथालाई मोदिआइन र म पात्रको अचेतनमा मोदिआइन नारीमा रूपायित भएपछि नारी मार्फत् प्रस्तुत गरिएको छ । जीवनको विस्तृत आयामलाई लघु संरचनाको उपन्यासमा व्यक्त गरिएकोले घटनाक्रमहरू सरसर्ती रूपमा आएका छन् । यसमा कथावस्तुको सघन विन्यासभन्दा पनि विचार प्रक्षेपणलाई जोड दिइएको छ । मिथकलाई मूल

आधार बनाएर आएको कथावस्तुलाई संवहन गर्ने भाषाको प्रयोग गरिएको छ । अर्जुनलाई सम्भाउने क्रममा कृष्णले प्रयोग गरेको  भाषाको रूप यस्तो छः

> *हे परंतप अर्जुन, तिमी अहिले अज्ञानको अन्धकारमा छौ । ज्ञानको चक्षु उघारेर हेर, यहाँ कसले कसलाई मारिरहेको छ र ? यो तिम्रो शरीर त एउटा थोत्रो टालो हो, जसलाई मरेंभन्दा तिमी त्याग्छौ मात्र । न तिमी मर्छौ न मार्छौ कसैलाई । यो तिमीले देखेका कुरा सबै मिथ्या हुन्, महावाओ (कोइराला, २०६४:३८) ।*

उपन्यासमा कथावस्तुलाई गति दिनमा म पात्र र मोदिआइन, मछुवारिन र तान्त्रिक, अर्जुन र कृष्णका संवादहरूको महत्त्वपूर्ण सहयोग गरेका छन् । विशेष गरी अर्जुन र कृष्णको संवादले युद्धको वातावरण तयार गरेको छ र कथावस्तुलाई चरमोत्कर्षतिर लैजाने कार्य गरेको छ ।

'मोदिआइन' उपन्यासले पाण्डव  कौरवको राज्य सम्बन्धि विवाद, त्यसमा कृष्णको भूमिका, कुरुक्षेत्रको युद्ध र त्यसको परिणामसँग सम्बन्धित घटनालाई मुख्य रूपले प्रस्तुत गरेको हुँदा यसमा महाभारतको मिथक कथावस्तुको मूल आधार बनेर आएको छ ।

### ३.६ 'मोदिआइन' उपन्यासको पात्रमा मिथक

'मोदिआइन' उपन्यास संरचना दृष्टिले सानो भए पनि महाभारतको व्यापक विषय वस्तुलाई सरसर्ती प्रस्तुत गरेकोले यसमा धेरै पात्रहरू आएका छन् । यसमा प्रमुख, सहायक, गौण, स्त्री, पुरुष, सत्, असत्, वर्गीय, व्यक्तिगत, बद्ध, मुक्त, मञ्चीय, नेपथ्य, गतिशील, स्थिर आदि सबै प्रकारका पात्रहरूको प्रयोग भएको छ । यसरी आएका कतिपय पात्रहरू महाभारतको मिथक अन्तर्गतका छन् भने कतिपय पात्रहरू मिथक बाहिरका पनि छन् । यिनमा धेरै जसो पात्रहरूको उल्लेख मात्र भएको छ, चारित्रिक विकास भएको छैन उपन्यासमा 'मोदिआइन', नारी, म पात्र, कृष्ण, अर्जुन, मिसिरजी, युधिष्ठिर, द्रौपदी, दुर्योधन, मछुवारिन, धृतराष्ट्र, तान्त्रिक, भीम, दुःशासन, नारीको पति नारीको बा, नारीकी आमा, नारीको भाइ, सासु, देवर, सहेलीहरू, मोदी, दरभङ्गाको राजा, विराटराजा, विराट राजाको दूत, कुन्ती, कर्ण, द्रुपद, धृष्टधुम्न,शिखण्डी, सात्यकि, चेकितान-भिमसेन, नकुल, सहदेव, कृपाचार्य, द्रोणाचार्य, अश्वत्थामा, जयद्रथ, सुदक्षिण, कृतवर्मा, भूरिश्रवा, शकुनि, भीष्म, आमाहरू र तिनका काखमा भएका बच्चा बच्चीहरू जस्ता थुप्रै पात्रहरूको उल्लेख गरिएको छ । यिनमध्ये सबैपात्रहरूको प्रत्यक्ष कार्यव्यापार देखाइएको छैन । यिनीहरू कतिपय प्रत्यक्ष भूमिकामा आएका छन् भने कतिपय अप्रत्यक्ष भूमिकामा आएका छन् । प्रत्यक्ष भूमिकामा आएका पात्रहरूभन्दा साङ्केतिक पात्रहरूको संख्या बढी छ ।

उपन्यासमा महाभारतको मिथकसँग सम्बन्धित भएर अर्थात् महाभारतमा उल्लेख भएका पात्रहरू हुन्: कृष्ण, अर्जुन, युधिष्ठिर, धृतराष्ट्र, दुर्योधन, भीम, द्रौपदी, दुःशासन,

विराट राजा, विराट राजाको दूत, कुन्ती, कर्ण, द्रुपद, धृष्टधुम्न, शिखण्डी, सात्यकि, चेकितान-भीमसेन, नकुल, सहदेव, कृपाचार्य, द्रोणाचार्य, अश्वथामा, जयद्रथ, सुदक्षिण, कृतवर्मा, भूरिश्रवा, शकुनि र भीष्म । त्यसैगरी महाभारतको मिथकसँग असम्बन्धित अर्थात् महाभारतमा उल्लेख नभएका पात्रहरू हुन्: मोदिआइन, नारी म पात्र, मिसिरजी, मछुवारिन, तान्त्रिक, नारीको पति,बा, आमा, सासु, भाइ, देवर, सहेलीहरू, मोदी, दरभङ्गाको राजा, आमाहरू र तिनका काखमा भएका बच्चाबच्चीहरू । यसरी उपन्यासमा धेरै पात्रहरू उल्लेख गरिएपनि उपन्यासकारले थोरै पात्रहरूका माध्यमबाट औपन्यासिक उद्देश्य प्रस्तुत गरेका छन् । अर्थात् विचार प्रतिपादन गर्नका लागि उपन्यासकारले थोरै पात्रहरूलाई उपयोग गरेका छन्(पाण्डे, २०६२:२४२)। 'मोदिआइन' र नारी प्रमुख भूमिकामा छन् भने कृष्ण, अर्जुन म पात्र सहायक भूमिकामा रहेका छन् । अन्य पात्रहरू गौण भूमिकामा आएका छन् ।

## ३.६.१ मोदिआइन (मुख्य पात्र)

'मोदिआइन' उपन्यासले मोदिआइनको जीवनलाई केन्द्रमा राखेर औपन्यासिक कथ्यलाई अभिव्यक्त गरेको छ । त्यसैले उपन्यासमा मोदिआइनको भूमिका केन्द्र विन्दुमा रहेको छ ।  तलाउको  नजिकै माछा बेच्ने मछुवारिन होस् वा मोदिआइन दुवै नै नारीका प्रेतात्माका रूपमा रहेको उपन्यासले सङ्केत गरेको छ । मछुवारिन हडाहा पोखरीको उत्पत्ति भन्दा अघि सानो वापीको किनारामा माछा बेच्ने पेशा गर्थी, मोदिआइनको पेसा पनि माछा बेच्ने रहेको छ । त्यसैगरी हस्तिनापुरको कथा भन्दाभन्दै म पात्रको अचेतनमा मोदिआइन नारीमा रूपायित भएकी छ र घटनाक्रमहरूको भोक्ता र द्रष्टाका रूपमा प्रस्तुत भएकी छ । ऊ महाभारतको युद्धमा कौरवका तर्फबाट लड्ने योद्धाको पत्नीका रूपमा रहेकी छ । त्यसैले मछुवारिन र मोदिआइनलाई महाभारतकी नारी कै युगयुगका प्रेतात्माका रूपमा उपन्यासले चित्रण गरेको छ । उपन्यासमा म पात्रले मछुवारिनका बारेमा सुनेपछि महाभारत कालका मानिसहरू पछिसम्म बाँच्ने विषयमा 'मोदिआइन' सँग जिज्ञासा प्रकट गर्दछ । मोदिआइनले त्यस्ता नारीहरू अतृप्त कामनाले गर्दा प्रेतात्मा भएर युगयुगसम्म बाँचिरहने, आफ्ना प्रियजनहरूको नजिक हुन खोज्ने र ती अहिले पनि  हुनसक्ने बताउँछे । यस विषयमा नारी भन्छे:

> *...युगयुगदेखि मेरो प्राणनाथको शरीर खसेको थलोमा आएर बसिरहेकी छु, अनन्तसम्म बसिरहने छु । यस तलाउका किनारामा, जुन थलोलाई मेरा लागि मेरो प्रेमीको शरीरको  अन्तिम स्पर्शले प्रिय बनाएको छ हामी लाखौं नारी महाभारतको युद्धमा विधवा भएका, ठाउँ-ठाउँमा युगयुगदेखि पर्खी बसेका छौं मरेका प्याराका लागि ... ...(कोइराला, २०६४:४१)।*

उपन्यासमा मूलरूपमा मोदिआइन मार्फत् विचारलाई प्रक्षेपण गरिएको छ । त्यसको आधार महाभारतको युद्ध बनेर आएको छ । मोदिआइन मूल मिथकमा प्रत्यक्ष रूपमा देखिने

वा  वर्णित चरित्र नभएपनि नारीले भोग्नु परेका पीडाको कारण रूपमा महाभारतको युद्ध रहेकोले त्यस युद्धमा संलग्न पुरुषहरूको मृत्यु पश्चात् नारीहरूको जुन दुर्दशा भयो तिनै नारीहरूको प्रतिनिधित्व गर्ने पात्र हो । महाभारतको स्त्रीपर्वमा गान्धारी युद्धबाट नारीहरू पीडित भएको  दुःखेसो कृष्णसामु प्रकट गर्छिन् । उनी सृञ्जन, कुरु र पाञ्चालका रानीहरू आफ्ना पतिहरू खोज्दै रणभूमिमा विलाप गरिरहेको, भर्खरै यौवनमा प्रवेश गरेका छोरी बुहारी रोइरहेको र कतिले युद्धभूमिमा आफ्ना दाजुभाइ, बन्धुवान्धवका अङ्गहरू खोजिरहेको कुरा कृष्णलाई भन्छिन् । महाभारतको युद्धपछि गान्धारी मार्फत् प्रकट भएको यस्तो विचारले उपन्यासकारलाई पनि छोएको र त्यसै आधारमा  मोदिआइन, मछुवारिन र नारीको चरित्र सृष्टि भएको देखिन्छ । त्यसैले मिथकमा वर्णित नभएपनि मोदिआइन महाभारतको युद्धसँग सम्बन्ध राख्ने चरित्रका रूपमा चित्रित भएकी  छ ।

उपन्यासकारको दृष्टिकोण प्रक्षेपण गर्ने प्रमुख पात्र 'मोदिआइन' भएपनि दृष्टिकोण निर्माणको मूल आधार महाभारतको मिथक हो  । यस मिथक अन्तर्गत रहेका कृष्ण, अर्जुन, युधिष्ठिर, दुर्योधन, भीम, द्रौपदी आदि पात्रहरूको व्यवहार र क्रियाकलापबाट नै उपन्यासको केन्द्रीय तथ्य निर्मित हुन सहयोग पुगेको छ ।

## ३.६.२ नारी

नारी महाभारतको युद्धको पृष्ठभूमि, युद्ध र त्यसको परिणामको द्रष्टा र भोक्ता पात्रका रूपमा रहेकी छ । ऊ उपन्यासमा हिंसा र युद्धको विपक्षमा रहेकी पात्र हो । महाभारतको युद्धले दिएको मानव पीडाको अभिव्यक्तिका सन्दर्भमा उसको भूमिका महत्त्वपूर्ण रहेको छ । उसको पति कौरवपक्षको सेना भएकोले उसमा पाण्डव र कौरवका वीचमा युद्ध नहोस् भन्ने भावना प्रबल रूपमा रहेको छ । उसले कृष्ण, अर्जुन, दुर्योधन, युधिष्ठिर, द्रौपदी आदिसँग सम्बन्धित भएर आउने हरेक घटनाक्रम र गतिविधिलाई सूक्ष्मतरिकाले नियालेकी छ र त्यसप्रति आफ्नो प्रतिक्रिया व्यक्त गरेकी छ । उपन्यासमा कृष्णकै कारण महाभारत मच्चिएको, विनाशको लीला चलेको र लाखौंलाख मानिसले दुःखद परिणति भोग्नु परेको सन्दर्भलाई नारीमार्फत् अभिव्यक्त गरिएको छ । उपन्यासमा युद्धका कारण पतिहरूको मृत्यु पश्चात् प्रेतात्मा रूप धारण गर्दै युगयुग भड्कीरहेकी पात्रका रूपमा उसलाई चित्रित गरिएको छ । ऊ लगायतका नारीहरूमा उत्पन्न भएको दुश्चिन्ताको कारण पाण्डवहरूको आगमन, द्रौपदीको ईख र कृष्णप्रति उनीहरूको आशा समाप्त हुनु हो (क्षेत्री, २०५३:२५३)। उसको पछिल्लो अवतरणका रूपमा 'मोदिआइनलाई देखाइएको छ'। अर्थात् मोदिआइन कथा भन्दा भन्दै म पात्रको अचेतनमा महाभारतकी नारीमा रूपायित भएको देखाइएको छ । त्यसैले मोदिआइन र नारीलाई एक मान्दै उपन्यासको केन्द्रीय चरित्रका रूपमा 'मोदिआइन'लाई लिइएको हो । यसरी नारी महाभारतको मिथकमा उल्लिखित नाम नभए पनि महाभारतको विषयवस्तुलाई प्रस्तुत गर्ने मुख्य भूमिकामा आएकी छ । त्यस

युद्धको प्रभावमा परेका र मिथकले छुटाएका अनेकौं मानिसहरू मध्ये एक पात्रका रूपमा नारीलाई पनि लिन सकिन्छ । त्यसैले नारीलाई मिथकसँग असम्बन्धित पात्र भन्न मिल्दैन । उसले महाभारतको मिथकबाट उपन्यासकारले देखाउन खोजेको हिंसा विरोधी र मानवतावादी विचारलाई अभिव्यक्त गर्न सहयोग गरेकी छ । यति भएर पनि प्रेतात्मा रूप धारण गर्दै युगयुग भड्कि रहने पात्रका रूपमा प्रस्तुत गरिएकाले उसको चरित्रमा विश्वसनीयताको अभाव छ । यो चरित्र संयोजनका दृष्टिले उपन्यासको कमजोर पक्ष बनेर आएको छ ।

### ३.६.३ कृष्ण

उपन्यासमा कृष्ण असत् र हिंसाप्रेमी चरित्रका रूपमा चित्रित छन् । उनलाई दिव्यशक्ति भएको मानिसका रूपमा प्रस्तुत गरिनुले चरित्रको एउटा पाटो अविश्वसनीय बन्न पुगेको छ । उनी पाण्डव र कौरवका बिच विवादले उत्कर्ष रूप लिने वखतमा उपन्यासमा देखा पर्दछन् । दुई पक्षका बिच युद्ध भए आफ्ना पतिहरू युद्धभूमिमा जानुपर्ने चिन्ताले नारीहरूलाई सताइरहेको समयमा उनी द्वारकाबाट मेलमिलाप गराउन आए भन्ने समाचारले निकै खुशी तुल्याउँछ । कृष्णको उपस्थितिलाई लिएर उपन्यासमा नारी भन्छेः

> *त्यसैवखतमा एउटा आश्वासन दिने समाचार आयो कि द्वारकाबाट श्रीकृष्ण मध्यस्तताको प्रयत्नका लागि आइपुगेका छन् रे । यदुवंशका शिरोमणी समुद्र पर्यन्त जुन वृष्णि वंशको राज्य फैलिएको थियो त्यसका नेता, ती प्रतापी वीर पुरुषको कसले नाम सुनेको थिएन ? हामी स्वास्नी मानिसहरू त झन् उनले मथुरा-गोकुलमा गरेका लीलाहरूको कथा सुनेर हृदयमा उनकाप्रति उत्सुकता राख्थ्यौं ( कोइराला, २०४६:२९-३०) ।*

कृष्णलाई नारीहरू सम्भावित युद्ध टारेर हस्तिनापुरमा शान्ति कायम गरिदिने आशाका रूपमा हेरेका छन् । पाण्डवका नाता पर्ने भएकोले उनीहरूलाई कृष्णप्रति अलिकति शंका उत्पन्न हुन्छ, तर उनलाई देवता मानेर पूजा गरिने र उनले जस्तोसुकै काम पनि गर्न सक्ने भएकोले विवाद मिलाउलान् भन्नेमा नारीहरू विश्वस्त हुन्छन् । त्यसै गरी सूर्यकुण्डमा जम्मा भएका कृष्णले छल गरिरहेको र समर रचाएर पृथ्वीको भार हर्न आएको भन्ने हल्ला चल्छ यसरी कृष्णको उपस्थितिले युद्ध हुने र नहुने दुवै सम्भावनातर्फ सोच्न नारीलाई बाध्य बनाएको छ ।

पाण्डव र कौरवको युद्ध हुने निश्चित हुन्छ । अर्जुन र दुर्योधन युद्धका लागि सहयोग माग्न कृष्णसमक्ष उपस्थित हुन्छन् । उनले आफू र आफ्नो सेनामध्ये कुन रोज्ने भन्दा दुर्योधन उनको अक्षौहिणी सेना रोज्छ भने अर्जुन एक्लो कृष्णलाई रोज्छन् । तत्पश्चात् कृष्ण पाण्डव पक्षबाट युद्धमा होमिन्छन् र अर्जुनको रथ सारथी बन्दछन् । अर्जुनले आफ्ना अघिल्तिर आफ्नै स्वजन र इष्टमित्र देखेपछि हस्तिनापुर होइन तीनै लोक पाए पनि नलड्ने

भन्दै गाण्डीव फ्याँक्छन् ।  त्यसपछि कृष्णले उनलाई देह, आत्मा, मोह, अज्ञानता, धर्म, निष्काम कर्मआदिका बारेमा व्याख्या गर्दै सम्झाउँछन् । यतिले पनि अर्जुन युद्धका लागि तयार नभएपछि उनले आफ्नो विराट ईश्वरीय स्वरूपको दर्शन गराउँछन् । दिव्य स्वरूपको दर्शन पाएपछि अर्जुन युद्धका लागि तयार हुन्छन् र गाण्डीव समाउँछन् । यसपछि नै कुरुक्षेत्रमा भीषण युद्ध चल्छ, ठूलो नरसंहार हुन्छ ।

महाभारतका कृष्ण पनि पाण्डव र कौरवका बिचमा द्वन्द्व सिर्जना भएपछि द्वारकाबाट हस्तिनापुर आएका हुन्छन् । उनले पाण्डवहरूसँग युद्ध नगर्न र उनीहरूको राज्य सम्बन्धी हक प्रदान गर्न दुर्योधनलाई निकै सम्झाउँछन् । उनले धृतराष्ट्र,भीष्म, द्रोणाचार्य आदिलाई पनि उसलाई सम्झाउनका लागि अनुरोध गर्दछन्, तर कसैले सम्झाउँदा पनि नमानेपछि युद्ध अनिवार्य हुन्छ । तत् पश्चात् कृष्ण पाण्डवहरूलाई युद्धका लागि प्रेरित गर्छन्  आफू स्वयम् पाण्डव पक्षमा संलग्न हुँदै युधिष्ठिर र अर्जुनलाई युद्धका लागि तत्पर गराउँछन् । अर्जुनले हिंसा विपरित भई नलड्ने विचार गरेपछि उनलाई अनेक तरहले सम्झाउँछन् । त्यसबाट पनि उनी डेरा नचलेपछि कृष्णले विराट ईश्वरीय स्वरूपको दर्शन गराउँछन् र अर्जुनलाई गाण्डीव समाउने स्थितिमा पुऱ्याउँछन् । त्यसपछि महाभारतको भीषण युद्ध प्रारम्भ हुन्छ र त्यो अठार दिन सम्म चल्छ । त्यसले ठूलो विनाश र नरसंहारको लीला रच्छ । यसरी उपन्यासमा देखापर्ने कृष्ण र महाभारतका कृष्णको  भूमिका र चरित्रमा मेल पाइन्छ । महाभारतमा उनी पाण्डव पक्षलाई सहयोग गर्दै अर्जुनलाई युद्धका लागि प्रेरित गरेका छन् भने उपन्यासमा पनि उनी त्यही भूमिकामा रहेका छन् । महाभारतमा कृष्णलाई कौरवहरूको अन्याय, अधर्म र पापको अन्त्य र पाण्डवहरूलाई न्याय दिलाउन तथा  अन्याय र असत्य हटाई न्याय र सत्य स्थापना गर्ने पात्रका रूपमा उभ्याइएको छ । उपन्यासमा कृष्णलाई हिंसा र क्रुरताका लागि पाण्डवहरू विशेष गरी अर्जुनलाई उकासेर विनासको लीला रचना गर्ने पात्रको रूपमा स्थापित गरिएको छ । यदि उनले अर्जुनलाई निरन्तर युद्धका लागि दवाव नदिएको भए सायद पाण्डव र कौरवका बिचमा लडाइँ हुने थिएन । अनेकन तर्क र विचारबाट पनि अर्जुन डेरा नचलेपछि कृष्णले आफ्नो ईश्वरीय स्वरूप देखाएका छन् र मानव अर्जुनलाई देवत्वमा रूपायित गरेका छन् । अनि मात्र युद्ध प्रारम्भ भएको छ । नारीहरूले आफ्ना पति गुमाउनु परेको छ वैधव्य जीवन बिताउनु परेको छ । यो परिस्थितिको निर्माणमा कृष्णको उक्साहटले महत्त्वपूर्ण भूमिका खेलेको छ । यसैले कृष्ण युद्ध र हिँसाका पक्षपाती चरित्र बनेर देखा परेका छन् । उपन्यासमा उनलाई संहारका प्रेरकका रूपमा चित्रण गरिएको छ (न्यौपाने,२०५३:७३) । उनी महाभारतको युद्धमा प्रमुख कारक बनेका छन् । उनले पाण्डवहरूलाई युद्धका लागि प्रेरित नगरेको भए महाभारतको युद्ध हुने थिएन र विनाशको लीला सिर्जना हुने थिएन । उपन्यासमा उनलाई विध्वंशकारी, विघटनकारी, संवेदना नभएका पात्रका रूपमा चित्रित गरिएको छ (ढकाल, २०५०:५५) । त्यसैले उनी प्रतिकूल पात्र हुन् । उनको भूमिका र चरित्रले निम्त्याएको परिणामका

माध्यमबाट हिंसा र युद्धले मानव सभ्यतालाई फलाउन फुलाउन सक्दैन, विनाशतिर धकेल्छ, सत्य स्थापनाको माध्यम हिंसा हुन सक्दैन भन्ने औपन्यासिक कथ्य प्रकट गर्न उपन्यासकार सफल भएका छन् । यसरी उपन्यासकारले महाभारतका एक महत्त्वपूर्ण पात्र कृष्णलाई मिथकीकरण गरी प्रस्तुत गरेका छन् । व्याख्याको सहारा लिन्छन् तर समर्थ हुँदैनन् । अन्ततः उनले विराट ईश्वरीय रूप प्रकट गर्नुपर्ने हुन्छ । तत्पश्चात् ईश्वरारुढ अर्जुन मानव रहँदैनन् र गाण्डीव समातेर युद्धमा अग्रसर हुन्छन् । कृष्णको ईश्वरीय स्वरूपको दर्शनपश्चात् अर्जुनले आफ्नो विचारलाई लत्याएका छन् । यसले अठार दिनको हिंसा र बर्बरताको जन्म दिएको छ । हिंसा गर्ने ईश्वर भन्दा शान्ति मानवतामा दृढमान नै ठिक भन्ने सन्देश अर्जुनको चरित्रबाट प्रष्ट हुन्छ । महाभारतको मिथकका अर्जुन पनि युद्ध भूमिमा आफन्तजन र ईष्टमित्र देखेर युद्ध नगर्ने विचारमा पुगेका छन् । मानवहत्याबाट प्राप्त हुने हस्तिनापुर त के तीनै लोक प्राप्त भए पनि हिंसा नगर्ने भन्दै गाण्डीव फ्याँक्न पुगेका छन् । यसरी युद्ध र हिंसाबाट टाढै रहन चाहने अर्जुनलाई कृष्णले अनेकन तरहले सम्झाएका छन् । क्षेत्रीय धर्म, मोह, कर्म आदिका बारेमा व्याख्या गर्दै सम्झाएका छन् । त्यत्तिले पनि नसम्झिए पछि वा युद्धका लागि तत्पर नभएपछि कृष्णले आफ्नो विराट ईश्वरीय रूपको दर्शन गराएका छन् । यसपछि भने अर्जुन युद्धका लागि तत्पर हुन्छन् । उनले गाण्डीव समात्छन् र महाभारतको विनाश प्रारम्भ हुन्छ । मिथकका अर्जुनको चरित्रलाई उपन्यासमा पनि तदनुकूल चित्रण गरिएको छ ।

### ३.६.४ युधिष्ठिर

युधिष्ठिर युद्धका पक्षमा नभएका चरित्रका रूपमा चित्रित छन् । उनी पाण्डवहरूमध्ये जेठा हुन् । राज्य सम्बन्धी विषयमा छोरा र भतिजाहरूको वैमनस्यता बढ्दै गएपछि धृतराष्ट्रले इन्द्रप्रस्थ राज्य स्थापना गरी पाण्डवहरूलाई दिन्छन् । त्यस राज्यका राजा युधिष्ठिर हुन्छन् । दिन प्रतिदिन इन्द्रप्रस्थको वैभव र प्रसिद्धि बढ्दै जान्छ । यो देखेर दुर्योधनलाई इर्ष्या हुन्छ । त्यसैले ऊ युधिष्ठिरलाई जूवा खेल्नका लागि हस्तिनापुर बोलाएर मामा शकनिले सिकाएको छलबाट सर्वस्व हरण गर्ने विचार गर्छ । यो कुरा बुझ्न नसक्नु युधिष्ठिरको कमजोरी भएको छ । हस्तिनापुर र इन्द्रप्रस्थको बिचमा बढेको प्रतिस्पर्धा र दुर्योधनको डाहा बुझेर दुर्योधनले पठाएको द्युतक्रिडा सम्बन्धी निम्तो तिरस्कार गर्न नसक्दा युधिष्ठिर शकुनिको छलमा परी सम्पत्ति र राज्य सबै हार्छन् । द्रौपदीको बदनामी टुलुटुलु हेर्छन् । तिनका द्युतक्रिडा क्षेत्रीय धर्म अन्तर्गतको मर्यादापूर्ण मनोरन्जनात्मक खेल मानिए पनि र निम्तो पाइसकेपछि क्षेत्रीय धर्म निर्वाह गर्न अग्रसर हुनुपरे पनि निम्तो भित्रको यथार्थलाई खोतल्ने प्रयास नगर्दा युधिष्ठिर लगायत सबै पाण्डवहरूलाई बाह्र वर्ष वनबास र एक वर्ष गुप्तवास वस्नुपर्छ । उनका कारण सबै पाण्डवले दुःख पाउनु परेको छ ।

युधिष्ठिर पनि अर्जुनजस्तै युद्धको पक्षमा देखा परेका छैनन् । उनले पाँच गाउँ भए पनि चित्त बुझाउने भन्दै दुर्योधनकहाँ प्रस्ताव पनि पठाएका छन् । उपन्यासमा उनलाई नारीबाट धर्मात्मा भनी सम्बोधन गरिएको छ र उनले लडेर राज्य नलिने विचार गरेका छन् रे भनेको सुन्दा नारीहरू युद्ध हुँदैन कि भनी उनीप्रति आशावादी भएका छन् । उनको स्वभाव र विचारले युद्धको सम्भावित खतरा रोकिन सक्ने आशा उपन्यासकी नारीमा पलाएको छ । युधिष्ठिरको पाँच गाउँ दिए पनि मान्ने सर्तलाई हेर्दा उनी युद्धका पक्षमा नभई शान्ति र मेलमिलापका पक्षमा भएको बुझिन्छ । उनले कृष्णलाई युद्ध कुनै पनि अवस्थामा धर्ममय नहुने भनेकोबाट पनि युधिष्ठिर युद्धको पक्षमा नभएको प्रष्ट पार्दछ । उनको विचारलाई बुझेर कौरवहरूले पाँच गाउँ दिएको भए वा युद्ध धर्ममय नहुने विचारलाई कृष्णले आत्मसात् गरिदिएको भए हस्तिनापुरको युद्ध टर्न सक्ने थियो । यसबाट हिंसाले प्रोत्साहन नपाई शान्ति र मानवताको जित हुन्थ्यो र नरसंहार रोकिन गई नारीहरूले पीडित हुनुपर्ने अवस्था आउने थिएन । तर युधिष्ठिरले कृष्णलाई आफ्ना विचारबाट परिवर्तन गर्न सक्दैनन्, युद्धलाई रोक्न सक्दैनन् । उनले क्षत्रीय धर्मको पालना भन्दै जूवामा सर्वस्व गरेकोले पाण्डवहरूले वनबास जस्तो दुःखपूर्ण जीवन भोग्नु परेको र युद्धमा होमिनु परेको हो । महाभारतको मिथक पनि युधिष्ठिरले दुर्योधन र शकुनिको छलकपटपूर्ण जूवाको आयोजनालाई बुझ्न नसकी त्यसमा सहभागी भएका छन् र वनबास र युद्धजस्तो दुःखदायी र भयावह परिणाम भोग्न बाध्य भएका छन् । उपन्यासमा पनि युधिष्ठिरले त्यही भूमिका र कार्यलाई संवहन गरी दुःखदायी र भयावह परिणामलाई भोगेका छन् ।

## ३.६.५ दुर्योधन

दुर्योधनलाई ईर्ष्यालु र अरूको उन्नति सहन नसक्ने चरित्रका रूपमा चित्रित गरिएको छ । ऊ इन्द्रप्रस्थको वैभव र समृद्धि देखेर चिढिएको छ । उसले त्यो वैभव समृद्धि आफ्नो पोल्टामा पार्नका लागि मामा शकुनिको छलकपटलाई हतियार बनाएर युधिष्ठिरलाई जूवामा आमन्त्रण गर्दछ । जूवाको आयोजना गरी कपटपूर्ण पासाबाट इन्द्रप्रस्थको सम्पत्ति, राज्य र द्रौपदीलाई समेत आफ्नो अधिनस्थ पार्न ऊ सफल हुन्छ । यसबाट दुर्योधन छली, कपटी र षडयन्त्रकारी र इर्ष्यालु चरित्र भएको प्रष्ट हुन्छ । पाण्डवहरूलाई बाह्र वर्षको वनबास र एकवर्षको गुप्तबास पठाउन मुख्य भूमिका खेल्ने पात्र दुर्योधन हो । उनीहरूले वनबास र गुप्तबासको अवधि समाप्त भएपछि राज्यमा आफ्नो हकको दावी गर्दै विराट राजाकहाँबाट दूत पठाउँदा दुर्योधनले तिरस्कारका साथ फिर्ता गरेको छ । पाण्डवहरूलाई उनीहरूको भाग दिनु पर्छ भनी बूढापाकाहरूले सम्झाउँदा पनि उसले टेरपुच्छर लगाएको छैन । उसले एक्लो कृष्ण भन्दा उनको अक्षौहिणी सेनालाई शक्तिशाली ठान्दै रोजेको छ । युद्धतर्फ उन्मुख भएको छ । नारीहरूले पनि दुर्योधनसँग भन्दा पाण्डवहरूसँग नै शान्तिको अपेक्षा बढी गरेका छन् । उसका बारेमा उपन्यासमा नारी यसरी टिप्पणी गर्छे । :

*तैपनि, मृत्युको यत्रो व्यापक आयोजना देख्तादेख्तै पनि जबसम्मन् सास छ तबसम्म आस छ भनेको जस्तो साना साना कुरामा हामीलाई आशा लाग्न थाल्यो । दुर्योधन, हाम्रो राजाका तर्फबाट त हामीलाई आशा थिएन, कनिभने ऊ भयानक हठी र अभिमानी व्यक्ति थिए, जो आफ्नो हठमा सारा संसारलाई अग्निमा होम्न सक्थ्यो ( कोइराला, २०६४:३२) ।*

नारीको उपर्युक्त टिप्पणीले दुर्योधनलाई हठी र अभिमानी स्वभावको मानिसमा दर्ज गरेको छ । ऊ हठी र अभिमानी नभएको भए आफ्नै दाजुभाइले शासन गरेको इन्द्रप्रस्थप्रति इर्ष्यालु बन्ने थिएन, मान्यजनहरूले भनेको मान्ने थियो, छल गरेर जूवाको आयोजना गर्ने थिएन र दाजुभाइलाई वनबास पठाउने थिएन । त्यति मात्र होइन वनबास र गुप्तबास समाप्त गरेपछि पाण्डवहरूलाई राज्य दिन दुर्योधनले अस्वीकार गरेको कारणले नै युद्ध अवश्यम्भावी बन्न गएको छ । पाँच गाउँ होइन सियोको टुप्पो जतिपनि भूमि नदिने उसको हठ र व्यवहार महाभारतको विनाशकारी युद्धको प्रमुख कारण बनेको छ । त्यसैले उपन्यासमा दुर्योधनलाई ईर्ष्यालु, दम्भी, छली, हठी, अविवेकी र प्रतिकूल चरित्रका रूपमा चित्रित गरिएको छ । उसको चरित्र महाभारतको युद्ध र त्यसले जन्माएको नारी पीडाको कारक देखापरेको छ । महाभारतको मिथकमा पनि दुर्योधनले युधिष्ठिरलाई जूवामा आमन्त्रण गरेको छ, छली पासाको मद्दतले सम्पत्ति, राज्य र द्रौपदीलाई जितेको छ, पाण्डवहरूलाई बनबास पठाएको छ र वनबास र गुप्तबास पश्चात् पाण्डवहरूले आफ्नो हक माग्दा दिएको छैन । आफूभन्दा ठूला र ज्ञानीहरूले सम्झाउँदा पनि उसले टेरपुच्छर लगाएको छैन र अभिमानी, हठी र क्रोधी स्वभावका कारण युद्धलाई निम्त्याएको छ । यसरी महाभारतको मिथकको दुर्योधन र उपन्यासको दुर्योधनको स्वभाव र चरित्रमा मेल पाइन्छ ।

### ३.६.६ द्रौपदी

द्रौपदी बदलाको भावनाले ग्रसित चरित्रका रूपमा चित्रित छन् । उनी आफ्ना पतिहरूलाई युद्धका लागि उक्साएर विनाशको कारक बन्न पुगेकी छन् । पाँच पाण्डवकी पत्नीका रूपमा रहेकी द्रौपदी सुन्दरी छन् । युधिष्ठिर जूवामा सम्पत्ति र राज्यसँगै द्रौपदीलाई पनि हार्दछन् । त्यसपछि हस्तिनापुरको सभामा दुःशासनले निर्वस्त्र पार्दा उनीप्रति पाठकको सहानुभूति जान्छ । युधिष्ठिरले जूवामा हार्छन्, द्रौपदीको भारि सभामा बेइज्जत गरिन्छ । यही बेइज्जतीले गर्दा द्रौपदीमा ईख र बदलाको भावना प्रबल बन्न पुगेको छ । त्यसैकारण उनले आफ्ना पतिहरूको कौरवहरूसँग मेलमिलाप गर्नुपर्ने धारणाप्रति तीव्र असहमति प्रकट गरेकी छन् । वीर भएर पनि पत्नीको बेइज्जतीको बदला लिने आँट नगरेकोमा उनले पतिहरूलाई धिक्कारेकी छिन् । द्रौपदीको यस्तो व्यवहारप्रति उपन्यासमा नारी यसरी टिप्पणी गर्छः 'हामीलाई द्रौपदीका यस्ता वचन नारीको मर्यादाको अनुरूप लागेन । भन्थ्यौं-तेह्र

वर्षभन्दा अघिको एउटा असम्मानलाई सम्झेर आफ्नो  सुलभ नारीत्वलाई तिलाञ्जली दिँदै के कुनै नारीले पुरुषलाई युद्धका लागि उत्तेजित गर्ने हो'(कोइराला, २०६४:२९) । नारीमा बदला र आक्रोशको भावना नभएर धैर्य र क्षमशीलता हुनुपर्ने हो, तर द्रौपदीमा यस्तो भावना देखिँदैन । उनले आफ्ना वीर पतिहरूलाई युद्धका लागि उकासेकी छन् । त्यसैले द्रौपदीमा स्वाभाविक मानवीय कमजोरी रहेको छ र बाह्रवर्ष पछि पनि उनमा कौरवहरूप्रति बदलाको भावना रहेको छ । महाभारतको मिथककी द्रौपदी पनि युधिष्ठिरको जूवाबाट प्रताडित छन् । उनलाई जूवामा हारेपछि हस्तिनापुरको सभामा दुःशासनले निर्वस्त्र बनाउँछ । उनले ठूलो दुःख व्यहोर्नु पर्छ । त्यसैले उनमा कौरवहरूप्रति बदलाको भावना रहेको छ र युद्ध गरेर आफ्नो अधिकार स्थापित गर्नुपर्नेमा उनले पतिहरूलाई दबाब दिएकी छन् । यसरी महाभारतकी द्रौपदी र उपन्यासकी द्रौपदीको स्वभाव, चरित्र र परिस्थितिमा मेल पाइन्छ ।

### ३.६.७ भीम

भीम पाँच पाण्डवहरू मध्ये माहिला हुन् । युधिष्ठिरले जूवामा हारेपछि त्यसलाई स्वीकार गरेर  दाजुभाइसँगै वनबासतिर लागेका हुन् । उपन्यासमा उनको दुई विपरित स्वभावलाई देखाइएको छ । उनी मूल रूपमा कौरवहरू प्रति आक्रोशित देखिन्छन् । उनको स्वभावलाई एकाध ठाउँमा टिप्पणी गरिएको भए पनि पाँच पाण्डवहरू मध्ये उनी नै बढी उत्तेजित देखिन्छन् । उपन्यासमा नारीले भीम उफ्री-उफ्री उत्तेजनाका कुरा गर्छन् रे भनी गरेको टिप्पणीबाट उनमा कौरवहरूप्रति तीब्र आक्रोश देखिन्छ । त्यसैगरी उनले कृष्णसँग शान्तिको पक्षमा कुराकानी गरेकोबाट उनी शान्तिको पक्षमा रहेको देखिन्छ । द्रौपदीको बेइज्जतीलाई सहन नसकी कौरवहरूप्रति आक्रोशित भीमको चरित्र महाभारतको मिथक र उपन्यासमा समान रूपले चित्रित गरिएको छ ।

### ३.६.८ शकुनि

महाभारतयुद्धको एउटा कारकको रूपमा शकुनि प्रतिकूल पात्र हो । ऊ कपटपूर्ण सूत्राधारका रूपमा देखापर्दछ । उसकै रणनीति र सल्लाह बमोजिम दुर्योधनले जूवाको आयोजना गरेको छ । उसले पाण्डवहरूलाई जूवामा आमन्त्रण गरी सम्पत्ति र राज्य सबै हात पार्न सफल भएको छ । द्रौपदीलाई निर्वस्त्र पार्न लगाई पाण्डवहरूको बदनाम गरेको छ । दुर्योधनका यी सबै गलत कार्यहरूको पछिल्तिर शकुनिको हात रहेको छ । त्यसमा पनि उसको छली पासाको कारणले नै दुर्योधन आफ्नो अभीष्ट पूरा गर्न सफल भएको छ ।

उपन्यासमा द्रौपदीलाई निर्वस्त्र गर्ने प्रतिकूल पात्र दुःशासन लगायत पाण्डवहरूले आफ्नो गुप्तवास जीवन व्यतीत गरेको देश विराट राजा, कुन्ती, कर्ण, भीष्म, द्रुपद, धृष्टधुम्न,

शिखण्डी, सात्यकि, चेकितान भीमसेन, नकुल, सहदेव, कृपाचार्य, द्रोणाचार्य, अश्वत्थामा, जयद्रथ, सूदक्षिण, कृतवर्मा, भूरिश्रवा आदि जस्ता थुप्रै पात्रहरू आएका छन् । यी मूल मिथकसँग सम्बन्धित पात्रहरूको उल्लेख महाभारतको युद्धका सन्दर्भमा नारीले गरेकी छ ।

### ३.६.९ पात्र र भाषा

उपन्यासमा मिथकका सम्पूर्ण पात्रहरूलाई स्वाभाविक रूपमा प्रस्तुत गरिएको छ । म पात्र उपन्यासको समाख्याता भए पनि महाभारतको घटना मोदिआइन मार्फत् प्रस्तुत गरिएकोले ऊ केन्द्रीय चरित्रका रूपमा रहेकी छ । उपन्यासमा जीवनको केन्द्रीयता 'मोदिआइन' भएकोले यसमा परिधीय आन्तरिक दृष्टिकोण रहेको छ । चरित्रको वर्णन, विश्लेषणमा र पात्रहरूको संवादमा ओजपूर्ण भाषाको प्रयोग गरिएको छ । उपन्यासमा प्रयुक्त भाषाले मिथकका पात्रहरूलाई जीवन्त बनाएको छ । उदाहरणका रूपमा कृष्णले प्रयोग गरेको भाषाको यस्तो रूपलाई हेर्न सकिन्छ- "हे कान्तेय, तिमीले आफ्नो कर्तव्य पूरा गर्नुपर्छ निस्पृह भएर, अनासक्त भएर निष्काम कर्मले पाप लाग्दैन । स्थितप्रज्ञ भएर मार सबै वैरीलाई" (कोइराला,२०६४:३७-३८) । तर एउटी झिल्ली मरी बेच्ने मोदिआइनले प्रयोग गरेको भाषा पात्र अनुकूल बन्न सकेको छैन । चेतना निम्नस्तरको भएको पात्रले उच्च स्तरको भाषा प्रयोग गरेको स्थिति खट्किन पुगेको छ । यति भएर पनि उपन्यासमा प्रयुक्त मिथकका पात्रहरू युद्ध र हिंसाको विपक्षमा, शान्ति र मानवताको पक्षमा उपन्यासकारले प्रकट गर्न खोजेको विचारलाई पाठक सामु पुऱ्याउन सफल छन् ।

'मोदिआइन' उपन्यासमा महाभारतको विषय र त्यसभित्रका चरित्रहरूको भूमिकालाई आधार बनाएर रचना गरिएको छ । कृष्ण, अर्जुन, युधिष्ठिर, दुर्योधन, द्रौपदी, धृतराष्ट्र, भीम, दुःशासन, शकुनि, आदि पात्रहरूको प्रयोग गरी तिनका स्वाभाव, व्यवहार,कार्य र चरित्रबाट हिंसा र युद्धको विरोध, शान्ति र मानवताको पक्षमा विचारहरू प्रकट गरिएको छ । सभ्यतालाई संपुष्ट पार्न र मानवतालाई स्थापित गर्न हिंसा र युद्ध त्यागी शान्ति र सद्भावनाको बाटो अवलम्बन गर्नुपर्ने सन्देशलाई पात्रहरूले बोकेका छन् । त्यसैले यो उपन्यास महाभारतको मिथक पात्रहरूलाई प्रमुख आधार बनाएर रचना गरिएको उपन्यास हो ।

## ३.७ 'मोदिआइन' उपन्यासको परिवेशमा मिथक

'मोदिआइन' उपन्यासको विषयवस्तुको मूलआधार मिथक भएकोले परिवेश पनि मूल रूपमा मिथकीय रहेको छ । 'म'पात्र मिसिरजीको घर रहेको नेपालको पूर्वी तराई क्षेत्र र दरभङ्गा बाहेक अन्य परिवेशहरू मिथकीय परिवेश हुन् । उपन्यासमा प्रयुक्त परिवेश यसप्रकार छः

### ३.७.१ स्थानगत र कालगत परिवेश

'मोदिआइन' उपन्यासले व्यापक परिवेशलाई आत्मसात् गरेको छ । सङ्क्षिप्त संरचना तर व्यापक परिवेश यस उपन्यासको विशेषता हो । यसमा नेपालको पूर्वी तराईको कुनै स्थान स्पष्ट रूपमा सङ्केत नभएपनि जयनगरबाट रेल चढ्नु र दरभङ्गाबाट फर्कंदा जयनगरमै ओर्लेर घर पुग्नुले म पात्र र मिसिरजी पूर्वी तराईको कुनै स्थानका बासिन्दा हुन् भन्ने बुझिन्छ । यसरी हेर्दा साङ्केतिक रूपमा आएको नेपालको पूर्वी तराई, दरभङ्गा सहर, हडाहा पोखरी हुँदै महाभारतकालीन हस्तिनापुर, इन्द्रप्रस्थ, कुरुक्षेत्र, विराट राजाको देश आदि उपन्यासको स्थानगत परिवेशका रूपमा आएका छन् । कालगत परिवेशलाई हेर्दा म पात्रले वर्तमानमा टेकेर चालिस वर्षअघिको घटनालाई सम्झिएको र उसले महाभारतकालीन समयको कथा सुनेको हुँदा उपन्यासको रचनाकालदेखि महाभारतको युद्ध सुरु भई समाप्त हुँदा सम्मको समयावधि आएको व्यापक र विस्तृत कालखण्डलाई उपन्यासले आधार बनाएको छ ।

उपन्यासमा आएका दरभङ्गाको लालदरबार, हात्तिसार, घोडसार, असबाब खाना, टोलमुहल्ला, खेतवारी, खबडाका छाना भएका झोपडीहरू, हडाहा पोखरी जस्ता भौतिक तथा स्थानगत परिवेशहरू उपन्यासको पृष्ठभूमिका रूपमा आएका छन् । प्रमुख परिवेशका रूपमा हस्तिनापुर र इन्द्रप्रस्थ जस्ता महाभारतकालीन परिवेश आएका छन् । धृतराष्ट्रले इन्द्रप्रस्थ पाण्डवहरूलाई दिएपछि उनीहरू इन्द्रप्रस्थ जान्छन् । हस्तिनापुर कौरवको हुन्छ । इन्द्रप्रस्थ पाण्डवहरूको हुन्छ । जमुना नदीको पारिपट्टि र हस्तिनापुरको उत्तरपूर्वमा पर्ने ठूलो खाण्डवप्रस्थ जङ्गललाई फँडानी गरेर इन्द्रप्रस्थको निर्माण गरिएको हुन्छ । इन्द्रप्रस्थको निर्माण भन्दा पहिले त्यस ठाउँमा धेरै प्रकारका जातिहरू बस्ने ती मध्ये आर्य परिवारहरू पनि रहेको कुरा उपन्यासमा भनिएको छ । इन्द्रप्रस्थको निर्माण हुन थालिएपछि पहिलेका बासिन्दाहरू खेतवारी र घरविहिन बन्न पुग्छन् । उनीहरूको बिचल्ली हुन्छ । त्यसैमध्ये एक क्षेत्रीय परिवार पनि हुन्छ । त्यस परिवारमा नारी नाम गरेकी सानी बालिका पनि हुन्छे । उपन्यासमा त्यहाँ बसोबास गर्ने आदि जातिहरू उत्तरतिरका जङ्गलतर्फ लागे भनिएको छ । इन्द्रप्रस्थको नयाँ परिवेश निर्माणका सम्बन्धमा मोदिआइन भन्छेः

> *... इन्द्रप्रस्थको राजधानी बनाउँदा असङ्ख्य मानिसहरूको भीड त्यहाँ लाग्न थाल्यो । रात दिन गरेर विस्तार-विस्तार ठूला-ठूला महलहरू खडा हुन थाले । बगैंचा-बाटिका लगाइए- कारीगरीहरूले सुन्दर सुन्दर मूर्तिहरू गढेर ठाउँ-ठाउँमा उभ्याएर राखिदिए । इन्द्रप्रस्थको शोभाले इन्द्रपुरीलाई पनि मात गर्न थाल्यो । ... गानाबजानाले बजार रमाइलो भयो । हात्ती आए, घोडा आए, आए रथ ठूला-ठूला,सिंगारिएका अस्त्रशस्त्रले सुसज्जित वीर रक्षकीहरू आए (कोइराला,२०६४:२०-२१) ।*

माथिको वर्णनले तत्कालीन इन्द्रप्रस्थ निर्माण हुँदाको मिथकीय परिवेशलाई प्रकट गरेको छ । यसरी मोदिआइन उपन्यासमा प्रमुख स्थानगत परिवेशका रूपमा महाभारतकालीन मिथकीय परिवेश आएको छ ।

## ३.७.२ साँस्कृतिक परिवेश

उपन्यासले साँस्कृतिक परिवेशलाई पनि चित्रण गरेको छ । विशेष गरी उपन्यासमा तत्कालीन दरबारिया संस्कृतिको उल्लेख गरिएको छ । भव्य रूपले निर्माण गरिएको इन्द्रप्रस्थमा पाण्डवहरू बडो सजधजकासाथ प्रवेश गर्दछन् । एकातिर महल, बाटिका, कलात्मक मूर्तिहरू, हात्ती, घोडा, रथ, गानाबजानाले इन्द्रप्रस्थ इन्द्रपुरीभन्दा पनि सजिसजाउ हुन्छ भने अर्कोतिर गृहप्रवेश गर्दा यज्ञ लगाइन्छ । वेदपाठ गरिन्छ । शस्त्रअस्त्रको प्रदर्शन हुन्छ । शस्त्रअस्त्रको प्रदर्शनले दरबारको राजकीय संस्कृति झल्काएको छ । नयाँ घरमा प्रवेश गर्दा पाठपूजाका साथ प्रवेश गर्नुपर्ने हिन्दू संस्कृतिको अबलम्बन गरिएको छ । यसले संस्कृतिक परिवेशलाई व्यक्त गरेको छ । उपन्यासमा 'मोदिआइन' को टिप्पणीबाट संस्कृतिक परिवेश यसरी प्रकट भएको छ ।

> *एक दिन बडो सजधज र आयोजनाकासाथ पाण्डवहरूले आफ्नो सहर प्रवेश गरे त्यत्रो हुल थियो त्यहाँ त्यस दिन, जुन दिन उनीहरू गृहप्रवेश गरिरहेका थिए । ठूलो यज्ञ भयो, ब्राह्मण र पुरोहितहरूले उच्च कण्ठले वेद पाठ गरे शस्त्रअस्त्रको प्रदर्शन भयो र भेलाभएका सैनिक र नागरिकहरूले ठूलो स्वरमा पाण्डवहरूको जयजयकार गरे । यज्ञ धूमले व्याप्त आकाश धेरै बेरसम्म जयध्वनीले प्रकम्पित भइरह्यो ( कोइराला, २०६४:२१)।*

इन्द्रप्रस्थको सम्पन्नता र सुन्दरताप्रति दुर्योधनलाइ असह्य भएपछि उसले युधिष्ठिरलाई जूवा खेल्नका लागि हस्तिनापुर बोलाउँछ । त्यस समयमा जूवा खेल्नुलाई क्षेत्रीय धर्मका रूपमा स्वीकारिन्थ्यो । यस बारेमा मोदिआइन भन्छे: "एकदिन दुर्योधनले ठूलो जूवाको आयोजना गरेर युधिष्ठिरलाई निम्ता पठाए । तिनताका द्युत क्षात्रधर्म अधीनको मर्यादापूर्ण मनोरञ्जन गरिन्थ्यो । युधिष्ठिर लावा लस्कर लिएर हस्तिनापुर आए । दुर्योधनले ढोकासम्म आएर उनको स्वागत सत्कार गऱ्यो "(कोइराला,२०६४:२२) । यसबाट तिनताकाको जूवा खेल्ने सांस्कृतिक परिवेश झल्किएको छ । यसरी उपन्यासमा महाभारतको मिथकमा रहेको यज्ञ गर्ने शस्त्रस्त्रको प्रदर्शन गर्ने पूजापाठका साथ नयाँ घरमा प्रवेश गर्ने, जूवालाई मर्यादापूर्ण मनोरञ्जनका रूपमा लिने आदि जस्ता मिथकीय साँस्कृतिक परिवेश चित्रित भएको छ ।

### ३.६.३ प्राकृतिक र भौगोलिक परिवेश

उपन्यासले प्राकृतिक र भौगोलिक परिवेशलाई पनि अभिव्यक्त गरेको छ । यस्तो परिवेशलाई उल्लेख गर्ने कार्य नारीले गरेकी छ । वनबास र गुप्तबास जीवन समाप्त गरेपछि पाण्डवहरूले राज्यमाथि आफ्नो अधिकार दाबी गर्दै हस्तिनापुरमा दूत पठाउँछन् । विराट राजाकहाँ आएको उक्त दूतलाई दुर्योधन तिरस्कार गरी फिर्ता पठाउँछ । यसबाट नारीहरू युद्ध र अशान्तिको सम्भावना देख्छन् । उनीहरू खुशी र रमाइलोको साथ वितिरहेको आफ्नो जीवनमा दु:खद क्षणआउने सम्भावनाले चिन्तित र निराश बन्दछन् । सूर्यकुण्डभन्दा दक्षिण तर्फको फाँटबाट उम्लेर आएको देखाउँदै दुर्दिनको कल्पना गर्न थाल्दछन् । त्यो फाँटको प्राकृतिक र भौगोलिक परिवेशका बारेमा नारी यसरी टिप्पणी गर्छे:

> *... एउटा ठूलो फाँट थियो सानासाना ढुङ्गै-ढुङ्गाले भरिएको, जसमा काँडा भएका साना झुपडीहरू, घाँस र कुश मात्र उम्रिएका थिए । ... गर्मीकाताका त्यहाँको सुख्खा भूमि तातेर रन्किन्थ्यो र टाढाबाट हेर्दा लाग्थ्यो, माटो तल कुनै प्रज्वलित अग्निकुण्ड हरहर गरेर बलिरहेछ । जसको रापको लपट जमिनबाट उठेर वायुमा टल्किन्थ्यो । ... ... त्यस विराट बञ्जर भूमिखण्डदेखि हामी त्यसै तर्सिन्थ्यौं, र भन्थ्यौं- त्यो पापी ठाउँ हो, त्यसो हुनाले बन्ध्या माटो छ त्यहाँको । त्यहाँ कसैले आफ्नो घर बनाएन, कसैले हलो जोतेन, त्यहाँ, फलफूल उमारेन, त्यसलाई कसैले आफ्नो तुल्याएन । त्यसो हुनाले त्यसै थलोलाई राजाको थलो भन्थे, कुरु राजाको सरकारी भूमि, कुरुक्षेत्र (कोइराला, २०६४:२८-२९) ।*

उपर्युक्त वर्णनले महाभारतकालीन भौगोलिक र प्राकृतिक परिवेशलाई चित्रण गरेको छ ।

### ३.७.४ युद्धजन्य परिवेश

उपन्यासले युद्धजन्य परिवेशलाई पनि चित्रित गरेको छ । यसमा सङ्क्षिप्त ढङ्गले महाभारतको भयानक युद्ध आएको छ । युद्ध प्रारम्भ हुन्छ । युद्ध मैदानमा योद्धाहरू जम्मा भएपछि हातहतियारको प्रदर्शन नै हुन्छ । उनीहरू हातहतियारले सुसज्जित हुन्छन् र तरबार, वाण, खुँडा, भाला आदि हतियार चम्किन थाल्छन् । यस्तो हातहतियारले सुसज्जित भई युद्ध मैदानमा उपस्थित भएको योद्धा र हातहतियारको युद्धजन्य परिवेशलाई नारी यसरी वर्णन गर्छे-"सूर्यको प्रथम किरण कुरुक्षेत्रमा पर्ने वित्तिकै त्यो विशाल मैदान धप्प गरेर प्रज्वलित भयो । रथका शिखर, योद्धाहरूको कवच, हातहतियार, तरबार, तरकश, वाण, खुँडा, भाला, सेनापतिका मुकुट, घोडा, हात्तीका साजशृङ्गार सबै एकैचोटी विस्फोटित भएजस्तै सूर्यको किरणले धप्प भए"(कोइराला, २०६४:३३) ।

तत्पश्चात् युद्ध मैदानमा शङ्ख फुकिन्छ, भेरी बज्न थाल्छ, नगरा गड्किन्छ, जयध्वनि गुन्जिन्छ । कृष्ण अर्जुनको रथका सारथी हुन्छन् । रथलाई युद्धभूमिको मध्यभागमा लैजान्छन् । अर्जुनले आफन्तहरूलाई देखेर नलड्ने विचार गरेपछि नारीहरू युद्धको विभीषिका टर्ने भयो भनी खुसी हुन्छन् । तर कृष्णले उनलाई बारम्बार सम्झाएपछि र विराट स्वरूपको दर्शन गराएपछि उनी लड्न तयार भई गाण्डीव समातेर युद्धभूमिमा युद्धका लागि तयार हुन्छन् । त्यसपछिको युद्धको भयानक र डरलाग्दो परिवेशलाई उपन्यासमा यसरी वर्णन गरिएको छ ।

> *अचानक रणक्षेत्रको निस्तब्धता भङ्ग भयो, सङ्ख र भेरीको निनाद  र सैनिकहरूको हुङ्कारले कुरुक्षेत्र कम्पित भयो । चारै दिशाबाट प्रबल वेगसँग वायु बग्न थाल्यो । आकाशमा घनगर्जन भयो । उन्मत्त भएका दैवीशक्ति सम्पन्न अर्जुनको गाण्डीव टङ्कारका साथ युद्ध जुध्यो, दुवै सेनामा समरमा मिस्सिए, दुई विशाल पर्वत पनि सरेर अगाडि बढ्दै आकाशमा टकराउन पुगे । ... ... युद्ध जुध्यो, अठा्र दिनसम्म अनवरत मृत्यु यन्त्र चालित भइरह्यो, असङ्ख्य मानिसका कोमल गर्धन कच कच कच काटिँदै गए (कोइराला, २०६४:३०-४०)।*

उपर्युक्त टिप्पणीले कुरुक्षेत्रमा भएको महाभारतकालीन डरलाग्दो र भीषण जन्य परिवेशलाई प्रस्तुत गरेको छ ।

### ३.७.५ आन्तरिक वातावरण

बाह्य वातावरणका साथसाथै उपन्यासमा आन्तरिक वातावरणको पनि जीवन्त संयोजन गरिएको छ । यसले औपन्यासिक उद्देश्य प्राप्तिलाई सहज बनाएको छ । उपन्यासमा नारीहरूको  जीवन कहिले सुखद छ त कहिले दुःखद छ,  कहिले निराश छ त कहिले कारुणिक छ । युद्ध नभएको बखतमा शान्तिको समयमा जब आफ्ना पतिहरू दिनभर काममा व्यस्त रहन्थे र साँझ परेपछि घर आउँथे नारीहरूको जीवन सुखद, रमणीय र कहिल्यै पनि समाप्त नहुने वसन्त जस्तै हुन्छ । पाण्डव र कौरवका बिचमा राज्य सम्बन्धी विवाद शुरु हुन्छ । पाण्डवहरूले राज्यको माग गर्दछन्, बुढापाकाहरूले सम्झाएको दुर्योधन मान्दैन, उसले पाण्डवहरूलाई एक टुक्रा पनि जमीन नदिने विचार गर्दछ । यस्ता खबरहरू सुन्दा नारीहरू निराश र दुःखी बन्दछन्  । पाण्डव र कौरवमा मेलमिलापको प्रयत्न भइ रहेको भन्ने खबर सुन्दा नारीहरू खुशी हुन्छन् भने भीमको उत्तेजना  र  द्रौपदीले आफ्ना पतिहरूलाई धिक्कारेको सुन्दा दुःखी र त्रस्त हुन्छन् । विशेष गरी नारीको यस्तो भोगाई र अनुभूतिले पाठकलाई पनि प्रभावित पार्दछ । उपन्यास पढ्दै जाँदा नारीको सुख-दुःख र आशा निराशाले पाठकको मनस्थितिलाई पनि प्रभाव पार्दछ । नारीको भावनासँग पाठकको भावना एकाकार हुन पुग्दछ । युद्ध नभइदिएको भए हुन्थ्यो सँधै सुख र शान्तिमै निश्चित जीवन विताउन पाए हुन्थ्यो भन्ने नारीका विचारसँग पाठकको विचार मिल्न पुग्छ ।

पाण्डवहरू वनबासतर्फ लागेपछि दुर्योधन निश्चित रूपमा शासन सञ्चालन गर्न थाल्दछ । उसले आफ्ना शत्रुहरूलाई पराजित गर्दै जान्छ । नारीको पति दिनमा नोकरीका लागि हस्तिनापुर जान्छ भने रातमा घर फर्कन्छ ।  युद्ध र विनाशको कल्पना कसैमा हुँदैन । नारीले शान्त वातावरणमा रमाइला दिन विताउन थाल्छे । जीवनको यस्तो सुखद अनुभूतिलाई नारी यसरी व्यक्त गर्दछे:

*मलाई लाग्यो जीवन एउटा कहिले पनि समाप्त नहुने वसन्त हो । तिनताका देशभरि अमनचैन थियो । दुर्योधनको प्रतापले चारैतिर शान्ति थियो उनका सबै शत्रु पराजित थिए । पाण्डवहरूको कुरा सबैले बिर्सिसकेका थिए र म कहिले पनि नअघाउने प्रेममा  परेर बेलुकीपख घरको संघारमा बसेर पतिका लागि पर्खिरहन्थें । क्या रमाइला रात थिए तिनताका, प्रेमका आनन्दले टलपल गर्दै वित्ने रात ( कोइराला, २०६४:२७) ।*

उपन्यासमा युद्ध प्रारम्भ भएपछिको वातावरण अत्यन्त दुःखद बन्न पुगेको छ । कृष्णको मध्यस्थताले युद्ध टर्छ कि भन्ने आशामा बसेका नारीहरू उनले छल गरिरहेको र पाण्डवहरूलाई युद्धमा उकासि रहेको हल्ला सुन्दा निराश र पीडित हुन्छन् । उपन्यासमा यस्ता, आशा, निराशा, दुःख, पिडा र त्रासको वातावरण व्याप्त रहेको छ । नारीहरूले सीमान्त पीडाको अनुभूति गरेका छन् । उपन्यासमा नारी भन्छे:

*समरको शब्द सुन्नासाथ हामी नारीहरू भयले काँप्न थाल्यौं । मन मनैमा आफ्ना पति, भाइ, दाजु, बा, काकाहरूलाई सम्झेर ईश्वरसँग पुकार गर्न थाल्यौं- हे ईश्वर, सबैको रच्छे गर ।  म भरखर यौवनको प्रथम प्रहरमा उभिएकी नारी वाण लागेकी हरिणीजस्तै  छटपटाउँदै भन्थें- मेरो ललाटको सिन्दूर, परमात्मा, कहिले पनि नपुछ ( कोइराला, २०६४:३१) ।*

*म विधवा भएँ र म जस्तै लाखौं नारी वैधव्यका सिकार भए । विधवा मरिसकेकी नारी हो, जसको देह कालान्तरमा जलेर समाप्त हुन्छ । कुरुक्षेत्रको त्यो शवपर्वतामा कहीँ मेरो  पतिको मृत शरीर पनि हुँदो हो, जहाँ म जस्तै अरू विधवा नारीका पतिहरूका शरीर थिए । ... ती सबै लाश हाम्रा प्रेमी, हाम्रा पतिका लाश थिए, हामी विधवाका....*

*(कोइराला, २०६४:४०-४१) ।*

पाण्डव र कौरवको द्वन्द्वले नारीमा चिन्ता, आशङ्का र डर उत्पन्न गरेको छ भने युद्धले सीमान्त पीडा दिएको छ । उनीहरूका लागि जीवनका सुखद र रमाइला क्षण केही समयका लागि मात्र हुन्छन् । युद्धको भयमा बाँच्दा बाँच्दै नारीका पतिहरूले कुरुक्षेत्रको युद्धमा सहभागी बन्नु पर्ने हुन्छ र परिणति मृत्युलाई व्यहोर्नु पर्ने हुन्छ । नारीले चिन्तै चिन्तामा डुबेर गरेको शान्ति र सुखको वातावरण निर्माण होस् तथा पतिको रच्छे होस् भन्ने कामना पूर्ण हुँदैन । अन्ततः नारी विधवा बन्छे । उसले युगयुगसम्म अतृप्त कामना

लिएर,पति मिलनको आशा राखेर प्रेतात्मा रूप धारण गर्नु परेको छ । नारीले भोग्नु परेका यस्ता दुःख, निराशा र पीडाले पाठकको हृदयलाई पनि द्रविभूत बनाउन उपन्यास सफल भएको छ । त्यसैले यसको आन्तरिक परिवेश दुःखान्त, सन्त्रस्त निराश र कारुणिक रहेको छ । यसले उपन्यासको परिवेशलाई जीवन्त तुल्याएको छ । उपन्यासमा मोदिआइनले हस्तिनापुरको कथा भन्नुभन्दा अगाडि र पछाडिको परिवेश चित्रण भिन्नता रहेको छ । अगाडि स्थान, दृश्य र घटनाको रफ्तार ढिलो रहेको छ भने पछाडिकोमा द्रुत रहेको छ । महाभारतको व्यापक परिवेशलाई सानो संरचनाको उपन्यासमा प्रस्तुत गर्दा सङ्क्षेप र दृश्यात्मक दुबै पद्धतिको प्रयोग गरिए पनि यसमा मूल रूपमा सङ्क्षेप पद्धतिलाई अबलम्बन गरिएको छ । यसले गर्दा पाण्डव र कौरवको विवाद, इन्द्रप्रस्थको निर्माण, त्यहाँ पाण्डवहरूको प्रवेश, हस्तिनापुरमा जूवाको आयोजना, पाण्डवहरूको बाह्र वर्षको वनबास र एक वर्षको गुप्तवास, पाण्डवहरूबाट राज्यमा आफ्नो अधिकारको माग, त्यसमा विवाद, कृष्णको उपस्थिति र भूमिका, महाभारतको भयानक युद्ध र परिणाम आदि जस्ता विस्तृत परिवेशमा घटित घटनाहरूलाई सङ्क्षिप्त संरचनामा एकपछि अर्को गर्दै द्रुत रफ्तारमा अभिव्यक्त गर्न सजिलो भएको छ ।

### ३.७.६ परिवेश र भाषा

उपन्यासमा महाभारतको परिवेश सुहाउँदो भाषाको प्रयोग गरिएको छ । स्थान, समय र अवस्था अनुकूलको भाषा प्रयोगले महाभारतको मिथकलाई स्वाभाविक र विश्वनीय ढङ्गले स्थापित गरेको छ । उदाहरणका रूपमा पाण्डव पक्षीय सेनाको वर्णनमा आएको भाषाको तलको प्रयोगलाई हेर्न सकिन्छः

> *सातअक्षौहिणी सेना, सात महारथी-द्रुपद, विराट, धृष्टधुम्न, शिखण्डी, सात्यकि, चेकितान-भीमसेनकापछि युद्धकौशलद्वारा विभिन्न रूपमा सङ्गठित भएर उभिएका थिए । बिचबिचमा लाग्थ्यो, कुनै असह्य उत्ताउलोपनले त्यहाँको सेवामा हलचल हुन थाल्यो, चारैतिर शङ्ख र दुन्दुभिको तुमुल ध्वनि गुञ्जन थाल्यो । लाग्दथ्यो, रथ पैदल र हात्तीहरूबाट भरिएको त्यो भयङ्कर सेना उत्ताल तरङ्गले व्याप्त महासागरको समान क्षुब्ध भइरहेछ । (कोइराला, २०६४:३४)।*

उपन्यासमा महाभारतको मिथक अन्तर्गत आएको परिवेशका लागि तदनुकूलको भाषा र मिथकसँग असम्बन्धित परिवेशका लागि तदनुकूलको स्वाभाविक भाषाको प्रयोग गरिएकोले भाषाको सार्थक प्रयोग भएको छ ।

मूल मिथकमा आएका हस्तिनापुर र इन्द्रप्रस्थ राज्य, नवनिर्मित इन्द्रप्रस्थको भव्यता, जूवाको आयोजना, युद्धको तयारी, सेनापति, सैनिक, हात्ती, रथ, घोडा, शस्त्रअस्त्र, बाजानगरा आदिको व्यवस्था, अर्जुनको युद्धविरत विचार, र व्यवहार, कृष्णको भूमिका, उनको दिव्य स्वरूपको दर्शन, भयङ्कर युद्ध आदिको परिवेशलाई नै उपन्यासले पनि आफ्नो मूलपरिवेश

बनाएको छ । महाभारतको युद्धमा पुरुषहरू जति लडाइँमा सकिएकोले रानीहरूले आफ्ना पति र अरूले दाजुभाइ आदि खोज्दै विलाप गरेको कारुणिक परिवेश महाभारतको स्त्री पर्वमा चित्रण गरिएको छ । उपन्यासमा मोदिआइन र मोदिआइन नारीमा रूपायित भएपछि नारी आफै महाभारतको युद्धको पृष्ठभूमि,युद्ध र त्यसको परिणामको द्रष्टा र भोक्ताका रूपमा रहेकी छ । ऊ आशङ्का, चिन्ता,डर, र त्रासको मनस्थितिबाट गुज्रँदै अन्ततः दुःखद र पीडादायी परिणति प्राप्त गर्दछे । त्यो ज्यादै कारुणिक बनेर आएको छ । यसले पाठकलाई पनि अत्यन्त आर्द्र, दुःखी र कारुणिक बनाउँछ । उपन्यासको प्रमुख पात्र र नारीका सहेलीहरू एवम् पाठकमा यस्तो मनस्थितिको निर्णय उपन्यासको शक्ति बनेर आएको छ । यस्तो आन्तरिक वातावरणले महाभारतको मिथकलाई जीवन्त बनाएको छ । महाभारतीय परिवेश उपन्यासको प्रमुख आधार बनेर आएको छ । त्यसैले 'मोदिआइन' मिथकीय परिवेशमा संरचित उपन्यास हो ।

## ३.८ 'मोदिआइन' उपन्यासमा प्रयुक्त मिथकको सान्दर्भिकता

महाभारतको मिथकमा रहेको कौरव र पाण्डवको विवाद र युद्धलाई मूल विषय बनाएको 'मोदिआइन' उपन्यासले त्यसलाई समसामयिक सान्दर्भिकतामा ढालेर प्रस्तुत गरेको छ । यसले महाभारतको युद्धमा कृष्णले खेलेको भूमिकाप्रति असहमति जनाउँदै मिथकको पुर्नर्व्याख्या गरेको छ । यसमा मिथकका माध्यमबाट हिंसा र युद्ध होइन शान्ति र मानवता सभ्यता संयुक्त हुन्छ भन्ने सन्देश प्रमुख औपन्यासिक कथ्य बनेर आएको छ । यस उपन्यासमा प्रयुक्त मिथकको सान्दर्भिकतालाई यसप्रकार देखाउन सकिन्छ ।

### ३.८.१ कृष्णको भूमिका र दर्शनप्रति असहमति

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले 'मोदिआइन' उपन्यासमा महाभारतमा रहेको पाण्डव र कौरवको राज्यविवाद र त्यसले जन्माएको भयङ्कर युद्धको चर्चा गर्दै त्यस युद्धमा केन्द्रिय भूमिकामा देखा पर्ने कृष्णको भूमिका र दर्शनप्रति गम्भीर असहमति प्रकट गरेका छन् । महाभारतमा कृष्णलाई दिव्यशक्तिले भरिपूर्ण ईश्वरीय अवतारका रूपमा चर्चा गरिएको छ । उनलाई धार्मिक दृष्टिकोणले गरिएको युग विभाजन अन्तर्गत द्वापर युगमा जन्मिएको मानिन्छ । त्यस युगको असत्य र अन्याय हटाई सत्य र न्याय स्थापना गर्न उनको जन्म भएको स्वीकारिन्छ । त्यसै क्रममा उनी हस्तिनापुरको पाण्डव र कौरवको राज्य सम्बन्धी झै-झगडामा देखापर्दछन् । शकुनिको छली पासाले गर्दा पाण्डवहरूले सम्पत्ति, राज्य र द्रौपदीलाई समेत गुमाउनु परेको, उनीहरूलाई वनबास जान वाध्य पारिएको, वनबासको अवधि सकिएपछि राज्यको हक माग्दा अस्वीकार गरिएको, पाँच गाउँ मात्र भए पनि पुग्ने प्रस्ताव गर्दा सियोको टुप्पो जति पनि भूमि नदिने भनी दुर्योधनले अड्डी लिएकोले कौरव पक्ष अन्यायी भएको ठहर गरिएको छ । यस क्रममा आफ्नो अधिकार प्राप्तिको लागि

युद्धभन्दा अर्को विकल्प नरहेको स्थिति उत्पन्न भएको छ । कौरवहरू पापी, अधर्मी र अन्यायी भएकोले क्षेत्रीय हुनुको नाताले युद्धको मैदानमा वीरता देखाएर पाण्डवहरूले आफ्नो हक प्राप्त गर्नु पर्ने विचार कृष्णको रहेको छ । उनी पाण्डवका तर्फबाट युद्धमा होमिएका छन् । युद्धको मैदानमा आफ्ना अघिल्तिर आफ्नै बन्धुवान्धवलाई देखेर युद्ध नगर्ने विचार गरी अर्जुनले हातको गाण्डीव फ्याँकेपछि कृष्णले उनलाई आत्मा, देह, निष्काम कर्म, क्षेत्रीय धर्म आदिको विस्तृत व्याख्या गर्दछन् र अन्ततः आफ्नो दिव्य स्वरूपको दर्शन गराई युद्धमा प्रेरित गर्दछन् । तत्पश्चात् युद्ध हुन्छ र कौरवमाथि पाण्डवको विजय हुन्छ । कौरवको पराजयसँगै अन्याय,पाप, र असत्वृत्तिहरूको अन्त्य भई सत्य र धर्मको स्थापना भयो र त्यसमा कृष्णको महत्त्वपूर्ण भूमिका रह्यो भनी महाभारतमा स्वीकारिएको छ । महाभारतमा रहेको पाण्डव र कौरवको मिथकसँग जोडिएर आएको कृष्णको यही मिथकलाई उपन्यासकार कोइरालाले 'मोदिआइन' उपन्यासमा केन्द्रमा राखेका छन् र नयाँ दृष्टिकोणका साथ प्रस्तुत गरेका छन् ।

महाभारतको युद्ध सञ्जयले हेरेका थिए र धृतराष्ट्रलाई त्यसको वर्णन गरेका थिए । 'मोदिआइन' उपन्यासमा साधारण स्वास्नी मानिस मोदिआइन र मोदिआइन नारीमा रूपायित भएपछि नारीले युद्ध हेरेकी छ र त्यसको वर्णन गरेकी छ । यसमा नारीको आँखाबाट महाभारतको पाण्डव कौरवको विवाद, तिनका युद्ध र कृष्णको भूमिकालाई हेरिएको छ । पाण्डवहरू वनबासतिर लागेपछि दुर्योधनको एकछत्र राज्य चल्छ । ऊ आफ्ना सबै शत्रुहरूलाई वशमा राख्न सफल हुन्छ । पाण्डवहरूलाई सबैले बिर्सिसकेका हुन्छन् । नारीका दिन पनि बडो रमाइलोका साथ बितिरहेका हुन्छन् । ऊ र उसका सहेलीहरू सूर्यकुण्डमा गएर नानाथरीका कुरा गर्दै जिस्किँदै खुशीका साथ दिन बिताउने गर्दछन् । उनीहरूलाई जीवन कहिल्यै पनि नसकिने वसन्त जस्तै लाग्छ । जब पाण्डवहरूको राज्यमा आफ्नो हकको माग गर्दै विराट राजाकहाँबाट दूत हस्तिनापुर पठाएको र दुर्योधनले दूतलाई तिरस्कार गरी फर्काइदिएको घटना पतिका माध्यमबाट नारीले थाहा पाउँछे तब उसका दिन दुश्चिन्तामा कट्न थाल्दछन् । नारी मात्रै होइन उसका सबै सहेलीहरू सूर्यकुण्डमा जम्मा भएर त्यसको दक्षिणतर्फ रहेको फाँटबाट उम्लेर उडिरहेको हावालाई दुर्दिनको लक्षण भन्दै सम्भावित दुष्परिणामको चर्चा गर्छन् । पाण्डव र कौरवको विवाद बढ्दै गए एकदिन ठूलो भीडन्त हुने र त्यसमा आफ्ना पतिहरूले पनि ज्यान गुमाउनु पर्ने सन्त्रासले नारीहरूलाई पीडित बनाउँछ । उनीहरू बुढापाकाहरूले मेलमिलाप गराउन खोज्दै छन् र युधिष्ठिरहरूले पाँचओटा गाउँ भए मान्ने भएका छन रे भन्ने सुन्दा खुसी हुन्छन् भने भीम र द्रौपदीका उत्तेजनापूर्ण कुराबाट दुःखी हुन्छन् । मेलमिलापको प्रसङ्ग आउँदा द्रौपदीले आफ्ना वीर पतिहरूलाई राजसभामाभएको आफ्नो बेइज्जतीलाई सम्झाउँदै युद्धका लागि उकास्ने गरेको खबरले उनीहरू निराश र चिन्तित बन्छन् ।

उपन्यासमा नारीहरू पाण्डव र कौरवका बिचमा युद्ध नभएर मेलमिलाप भएको हेर्न चाहन्छन् । उनीहरू शान्तिको पक्षमा छन् । शान्ति भयो भने सुख र रमाइलोको साथ जीवन

बाँच्न पाइएला भन्ने उनीहरूको आशा छ । यसै पृष्ठभूमिमा उपन्यासमा कृष्ण देखापर्दछन् । कृष्ण पाण्डव र कौरवका बिचमा उत्पन्न विवादको मध्यस्तता गर्न आएको हल्ला चल्छ । नारीहरूमा यसले आशाको सञ्चार गर्दछ । यदुवंशका शिरोमणि, वृष्णि वंशका नेता, वीरपुरुष, मथुरा, गोकुल, लीलाहरूका नायकका रूपमा नारीहरूले कृष्णका बारेमा धेरै सुनेका हुन्छन् । उनको मध्यस्तताले अवश्य नै युद्ध टर्नेछ भन्ने नारीहरूलाई लाग्दछ । तर नारीहरूको यस्तो आशा धेरै समय रहन पाउँदैन । केही समयपछि उनीहरू कृष्णले युद्धका लागि पाण्डवहरूलाई उकासिरहेका छन् रे भन्ने हल्ला सुन्छन् । यसबारेमा उपन्यासमा नारीहरू यस्तो भन्छन्- 'कृष्णले छल गरिरहेका छन् । साँचो किसिमबाट मध्यस्तता गर्न थालेका छैनन् रे । कोइकोइ त यहाँसम्म पनि भन्न थालेका छन् रे कि कृष्ण देउताका अवतार हुन् । भूभार हर्न ठूलो समर रचाउन आएका हुन् पृथ्वीमा' (कोइराला,२०६४:३१) । अन्ततः युद्ध टर्न सक्दैन, नारीका आकांक्षा पूरा हुँदैनन् कुरुक्षेत्रमा युद्धको व्यापक तयारी हुन्छ । कृष्णले अर्जुन र दुर्योधनलाई आफू र आफ्नो सेनामध्ये एक रोज्न लगाउँछन् । अर्जुनले कृष्णलाई रोज्छन् भने दुर्योधनले कृष्णको अक्षौहिणी सेनालाई रोज्छ । कृष्ण र उनको सेना युद्धमा बाँडिन्छ । युद्ध अवश्यम्भावी बन्दै गएको परिप्रेक्ष्यमा युद्धको मैदानबाट अर्जुनको युद्धविरोधी वाणी सुनिन्छ । अर्जुन भन्छन्: 'मधुसूदन, सामुन्ने उपस्थित भएका युद्धका लागि आएका यी मेरा स्वजन समुदायलाई मारेर न विजय चाहन्छु न राज्य, न कुनै प्रकारको सुख' (कोइराला, २०६४:३६-३७)। यसले नारीलाई दैवत्वमाथि मानवताको विजय हुन आँटेझैं लाग्छ । तर कृष्ण अर्जुनको यस धारणाप्रति सहमत छैनन् । उनी अर्जुनलाई सम्झाउँदै भन्छन्: 'हे पार्थ, तिमीलाई मोहले आक्रान्त गरेको छ । उठाऊ गाण्डीव र प्रविष्ट होऊ युद्धमा यसमा विजयी भयौ भने पृथ्वीको भोग गरौला र कथंकदाचित मारियौ भने स्वर्गको भोग गर्न पुगौला' (कोइराला, २०६४:३७) ।

यसरी कृष्णले युद्धका लागि अर्जुनलाई प्रेरित गरिरहेका छन् । पाण्डवहरूलाई राज्याधिकार दिन नचाहने कौरव पक्षलाई हिंसाको लीला रचेर समाप्त पार्ने योजनामा कृष्ण लागिरहेका छन् । तर अर्जुनको मानव हृदयले मुन्टो हल्लाएर कृष्णको उपदेशलाई इन्कार गर्छ । कृष्णले अनेक तरहबाट अर्जुनलाई सम्झाउँछन् । तर स्वजन हत्याको अमानवीय र क्रुर कार्यबाट टाढै रहने अर्जुनको छाँटकाँट देखेपछि कृष्ण अर्जुनलाई अनासक्त र निस्पृह भई सबै वैरीहरूलाई मार्ने उपदेश दिन्छन् । कृष्णको यस्तो उपदेशलाई नारी निर्मम ठान्छे । मानव भनेको सानातिना आशाबाट परिचालित हुने प्राणी भएकोले मानव र देवतामा भिन्नता भएको कुरा गर्दछे । देवता करुणाहीन हुन सक्छ, अजम्बरी हुन सक्छ, निष्काम हुन सक्छ, तर मानव यस्तो हुन सक्दैन भन्दै कृष्णलाई नारी भन्छे-

> *... कृष्ण यो कस्तो कर्तव्यको प्रेरणा हो तिम्रो, समरका लागि आफ्नो सखा अर्जुनलाई बारबार उकासि रहने । के मानव जीवन त्यसै मृत्युको दुर्दमनीय सिमानामा चारैतिरबाट सङ्कुचित भएको छैन र तिमी मृत्युलाई अस्वाभाविक*

*किसिमबाट आह्वान गरेर त्यसलाई कर्तव्यको संज्ञा दिन्छौ ? अर्जुन तमाम मनुष्य नारीका हृदयको आशीर्वाद लेउ तिमी । तिमी देवसम्मुख मानवीय सत्य स्थापित गरिरहेका छौ निर्भय भएर । अडिरहु अर्जुन, तिमी अडिरहु (कोइराला,२०६४:३८)।*

मानव जीवन आफै पनिअमर छैन, मृत्यु अवश्यम्भावी छ, उसले जति जीवन पाएको छ वा बाँच्छ, त्यसलाई सुख र आनन्दका साथ बाँच्न दिनुपर्दछ भन्ने भावना यहाँ प्रकट भएको छ । तर कृष्णको युद्धप्रतिको चाहनाले त्यसो हुन दिँदैन । उनी युद्धको आयोजना गरी मानिसलाई अस्वाभाविक मृत्युतर्फ धकेल्न उद्यत छन् । त्यसको ठीक विपरीत मानवसत्य वा मानवता स्थापित गर्नका लागि अग्रसर हुन उपन्यासकार नारी मार्फत् अर्जुनलाई आग्रह गरिरहेका छन् । यहाँनिर कृष्णको विचार हिंसामुखी र अमानवीय भएकोले ठीक होइन भन्ने सन्देश प्रकट भएको छ ।

अर्जुन आफ्ना विचारमा अडिग भइ रहेपछि कृष्ण उनलाई अनेकौं तर्क र व्याख्याबाट सम्झाउने प्रयत्न गरि रहन्छन् । उनी अर्जुन अन्धकारमा रहेकोले ज्ञानको चक्षु उघारेर हेरेमा सत्य कुरो थाहा पाइन्छ भन्दछन् । उनले शरीर र थोत्रो टालोको तुलना गर्दै मान्छे मर्दैन उसले शरीरलाई त्याग्ने मात्र गर्दछ भन्दछन् । न कोही मरेर जान्छ न त यहाँ कसैले कसैलाई मार्दछ, देखिएका सबै कुराहरू मिथ्या हुन् भनी कृष्ण अर्जुनलाई सम्झाउँछन् । कृष्णका यस्ता विचारप्रति नारी बिलकुल सहमत हुँदिन । मान्छेले प्राप्त गरेको जीवनगत अस्तित्वलाई मिथ्या कदापि भन्न सकिँदैन र मानिसको जीवन र कमिलाको जीवन एकै हुन सक्दैन भन्ने नारीको धारणा छ । स्वर्गको उच्चताबाट मृत्युलोकका प्राणीहरूलाई तुच्छ र वाहियात भन्न नमिल्ने भन्दै नारी यस्तो  विचार प्रकट गर्दछे:

*के यो सबै कुरा मिथ्या हो, भ्रम हो ? यो विशाल जन समुद्रमा प्यारो पतिलाई खोजेर हिँडिरहेको मेरो आँखाले देखेका यी दृश्य सारा के माया हुन् । हृदयमा अहिले केवल वाञ्छा भएर रहिरहेको मेरो नजन्मेको सन्तानका मसिना रसिला ओठमा राखिन उन्मुख भएका मेरा ऊर्ध्वस्तन-युगल युग के मात्र मायाका लघु मांस-शिखर हुन् ? समुद्रको  गर्भमा स्वातीको दृष्टिविन्दुलाई चाहना गरेर खुल्ने र बन्द हुने सीपी सम्पुट जस्तो  सन्तानको तीव्र कामनामा स्पन्दित हुने मेरो मातृगर्भ के त्यो पनि मिथ्या हो ? (कोइराला,२०६४:३८-३९) ।*

अर्जुन मानव अवस्थाबाट विचलित हुँदैनन् । उनलाई स्वजन हत्या मानव हत्या गरेर प्राप्त हुने हस्तिनापुर मात्र होइन तिनै लोक पनि तुच्छ लाग्छ  । लासको थुप्रो लगाएर प्राप्त हुने राज्य, सुख र वैभव उनलाई अमान्य हुन्छ । उनी हिंसा विरोधी विचारमा अडिग रहन्छन् । आफूपरब्रह्म परमेश्वर, आदर्श, लक्ष्य र प्रार्थनाको हेतु भएकोले आफूमाथि विश्वास राख्नुपर्ने भन्दै कृष्ण अर्जुनलाई सम्झाउँछन् । यसरी बारम्बार कृष्णका उपदेशहरू श्रवण गर्दै जाँदा अर्जुन शिथिल बन्दै जान्छन् । ईश्वरीय शक्तिका अघिल्तिर उनी कमजोर

बन्दै जान्छन् । उनमा कृष्णको उपदेशले प्रभाव पार्दै जान्छ । अन्तमा कृष्ण अर्जुनलाई आफ्नो ईश्वरीय विराट स्वरूपको दर्शन गराउँछन् । तत्पश्चात् अर्जुनको मानव ईश्वरारूढ हुन्छ । उनी मानव रहँदैनन्, देवतामा रूपायित हुन्छन् । उनको बलियो भुजा काँप्छ । उनी पहिले फ्याँकेको गाण्डीव उठाउँछन् र त्यसमा प्रत्यञ्चा चढाउँछन् । रणक्षेत्रको निस्तब्धता भङ्ग हुन्छ । शङ्ख र भेरीको निनाद एवम् सैनिकहरूको हुङ्कारले रणभूमि कम्पित हुन्छ । अर्जुनको गाण्डीव टङ्कारका साथ कुरुक्षेत्रमा जुध्न थाल्छ । फलस्वरूप कुरुक्षेत्रमा अठार दिनसम्म मर्ने मार्ने खेल चलि रहन्छ । जीवनको अर्थ र मूल्य मृत्युसँग साटिन्छ । युद्धको उन्मादले एकैदिनमा हजारौं योद्धा काटिन्छन् । हिंसा र पाशविकताले सभ्यतालाई कलङ्कित बनाउँछ । युद्धको दृश्य हेरिरहेकी नारी भन्छे: ।

> *युद्ध जुध्यो, अठार दिनसम्म अनवरत मृत्यु यन्त्र चालित भइरह्यो, कच कच कच कच, मानिसका असंख्य मानिसका कोमल गर्दन कच कच कच कच काटिँदै गए, काटिँदै गए । तुमुल युद्ध घोषका साथ प्रतिदिन सहस्रौंसहस्र योद्धा काटिन्थे । ईश्वरारूढ भएको सहस्रौं कण्ठको रणहुङ्कार ज्वालामुखी जस्तो विस्फोटित हुन्थ्यो तर मानव पात्र मर्दा प्रत्येकले आफ्नो-आफ्नो विश्वास छाड्थे, आफ्नो एकान्तको निजी उच्छ्वास, शिर भूमिमा लडे पनि प्रत्येक कवन्ध एकचोटी आफ्नो-आफ्नो गोडामा नृत्य गरेर पछारिदिन्थ्यो (कोइराला, २०६४:४०)।*

नारीको उपर्युक्त वर्णनले पाठकको शरीरलाई सिरिङ्ग बनाउँछ, कपाउँछ । युद्धमा काटिने अरू कोही नभएर मानव थिए । चाहे कौरव पक्षको होस् चाहे पाण्डव पक्षको कच कच कच कच गर्दै पशु होइन मान्छे काटिएका थिए । कृष्णले पाण्डव र कौरवको वैमनस्यताको बीजका रूपमा रहेको राज्याधिकारको विवाद मिलाउने शान्तिपूर्ण प्रयत्नको बाटो रोजेनन् । युधिष्ठिर र भीमले पाँचओटा गाउँ मात्र भए पनि पुग्ने भनी राखेको प्रस्तावलाई उनले गम्भीरतापूर्वक लिएर कौरवहरूसँग छलफल गराएनन् । उनले चाहेको भए कुरुक्षेत्रमा युद्ध रोकिन सक्थ्यो र शान्तिले विजय प्राप्त गर्ने थियो । तर उनी विध्वंशकारी, हृदयहीन र मानव विनाशमा क्रियाशील हुन पुगे(२०५०:५६)। उनी विनाशको लीला रच्ने ईश्वरमा दर्ज हुन पुगे । ईश्वर भएर पनि हिंसाको प्यासी बनेर कृष्ण महाभारतमा प्रस्तुत भए । हिंसालाई प्यारो ठान्ने देवत्वमाथि व्यङ्ग्य गर्दै उपन्यासमा भनिएको छ:'स्वर्गको कुन थलामा भोकाएको ईश्वर बसिरहेका थिए, उनको क्षुधा अझै निवारण भएको छैन । नरमुण्डमाथि नरमुण्ड चढाउ उनलाई,मानिसका लासको हिमालय उनका सम्मुख खडा गर, बगाउ शोणितको रक्तिम गङ्गा उनको प्यास मेटाउन'(कोइराला, २०६४:४०) नरहत्या नगर्ने विचार गरी गाण्डीव फ्याँकेका अर्जुनलाई युद्धका लागि कृष्णले बारम्बार उकासिरहे । ईश्वरीय शक्तिले कमजोर बनाउँदै उनलाई हिंसातर्फ उन्मुख गराए । यदि अर्जुनको विचारले विजय प्राप्त गरेको भए न त कुरुक्षेत्रमा युद्ध नै हुन्थ्यो, न त

मानिसहरूको लासको थुप्रो लाग्थ्यो । त्यसैगरी लाखौं लाख स्त्रीहरूले वैधव्य धारण गर्नुपर्ने थिएन र प्रेतात्मा रूप लिई कहिले मछुवारिन त कहिले मोदिआइन बनेर आफ्ना पतिहरूको प्रतिरक्षा गरेर बस्नु पर्ने थिएन । कृष्णको भूमिकाले नै नारीका आकांक्षाहरू पूरा हुन सकेनन्, विनाशकारी युद्ध भयो र मानिसले आफूलाई नचाहाँदा नचाहँदै मृत्युको बलिवेदीमा होम्नुपर्ने अवस्थाको सिर्जना भयो । लाखौं लाखको मृत्युपश्चात् काटिने गर्धन समाप्त भएपछि युद्ध रोकियो । यो विनाशकारी हिंसाका कारण नारीहरू पागल जस्तै भएर बाँच्न वाध्य भए । युद्धले निम्त्याएको विकराल र दर्दनाक परिस्थितिलाई उपन्यासमा नारी यसरी प्रकट गर्दछे-

> *अन्तमा मृत्युको यन्त्र थामियो, छेदित हुने ग्रीवाको अभावमा युद्धमा केवल सातजना बाँकी रहे, लाखौ पुरुष मारिए । पृथ्वी पुरुषबाट शून्य भयो । केवल विधवा नारी आफ्ना असहाय बाल सन्तानलाई आफ्नो पागल छातिमा टाँसेर बाँचि रहे यस लोकमा (कोइराला,२०६४:४०) ।*
>
> *कुरुक्षेत्र लाखौं मृत शरीरले पाटियो । त्यसपछि कुरुक्षेत्र श्वान, श्रृङ्गाल, गिद्ध तथा अरू मांसभक्षी पशुपक्षिंहरूको अमङ्गलकारी क्रिडा र स्वले मुखरित भईरह्यो दुर्गन्धिले भरियो ( कोइराला,२०६४:४०) ।*

महाभारतको युद्ध पश्चात् पृथ्वीमा केवल सात पुरुषमात्र बाँकी रहने, नारीहरू सन्तान काखमा राखी पागल बनेर हिंड्नुपर्ने, गिद्ध र स्यालहरूले मान्छेका लासहरूलाई लुछ्नु पर्ने अवस्थाको कारक कृष्ण भएको ठहर उपन्यासकार कोइरालाले गरेका छन् अर्जुनलाई उक्साएर युद्धमा होम्ने कृष्णकै कारण कुरुक्षेत्रमा बर्वरता र पाशविकताले स्थान पाएको हो भन्ने उनको विचार रहेको छ । ईश्वरको विवेक गुमेकाले मानवको विनाश भयो सभ्यतामा कहिल्यै नमेटिने कलङ्क लाग्यो । मूल मिथकका अनुसार सत्य धर्म स्थापनाका लागि कृष्णले महाभारतको युद्धमा आफूलाई पाण्डवको तर्फबाट होमे र कौरवको अन्याय परास्त गरे भनिन्छ । तर उपन्यासले यस धारणाप्रति असहमति जनाएको छ । यदि कृष्णले पाण्डव रकौरवका बिचमा राम्रो ढङ्गले मध्यस्तता गरेको भए युद्धको स्थिति आउने थिएन । युधिष्ठिरले पाँचओटा गाउँ भए पुग्ने विचार व्यक्त गरेकै थिए भने अर्जुनले आफन्तहरूसँग युद्ध नगर्ने धारणा प्रष्टसँग कृष्णका सामु राखेका थिए । पाण्डवहरूले अधिकतम लचकता अपनाएका छन् भन्दै कृष्णले कौरव पक्षलाई समझदारीमा ल्याउने प्रयत्न गर्नुपर्थ्यो । तर उनले यसो नगरी उल्टै अर्जुनलाई युद्धका लागि उकासे । उनले आफ्नो दिव्य स्वरूप अर्जुनलाई मात्र नदेखाएर दुर्योधनलाई पनि देखाउनु पर्थ्यो । यसले दुर्योधनको घमण्डलाई निस्तेज गर्न सक्थ्यो । उसको घमण्ड निस्तेज भएको भए मिलापको वातावरण सिर्जना हुन सक्थ्यो । यतातर्फ कृष्णले ध्यान दिएनन् । उनी केवल अर्जुनलाई उचालेर युद्धको लीला रच्न उद्यत भइरहे । अन्ततः युद्ध भयो र त्यसले विनाश गऱ्यो । यसरी उपन्यासमा महाभारतको युद्ध र विनाशको प्रमुख कारक कृष्ण भएको विचार प्रकट गरिएको छ ।

उनलाई धर्म र सत्यका संस्थापक नमानी हिंसा र विनाशका कारक मानिएको छ । उनको भूमिका र दर्शनका कारण नै भीषण युद्ध र बर्बर हिंसा भएको भन्दै उपन्यासले त्यसप्रति असहमति प्रकट गरेको छ । यसरी उपन्यासमा कृष्णको मिथक पुनर्व्याख्या पनि भएको छ ।

## ३.७.२ हिंसाको विरोध, शान्ति र मानवताको वकालत

'मोदिआइन' उपन्यासमा हिंसाले सभ्यतालाई विनष्ट गर्ने भन्दै शान्ति र मानवताका पक्षमा विचारहरू प्रकट गरिएको छ । यसमा मानवीय गरिमाप्रति हार्दिक समवेदना प्रकट गरिएको छ । (गृहस्थी, २०५३:२८८) । यसले महाभारतको युद्धले लाखौंलाख मानिसको विनाश गरेर मानवताको खिल्ली उडाएको सन्दर्भलाई अघिसारेको छ । यसमा कृष्ण जस्ता ठूला देवता, अर्जुन जस्ता वीर, भीष्म, द्रोण, भीम जस्ता महारथीहरूको युद्ध युधिष्ठिर जस्ता सन्यासीको कर्म आदिलाई मानवीय चेतनाले नकारेको देखाइएको छ (न्यौपाने,३२१)।

त्यो युद्ध अमानवीय र क्रुर थियो । त्यस युद्धमा लाखौं नारीहरू पतिको मृत्यु पश्चात् सिन्दूर पुछ्न बाध्य भएका थिए । दाम्पत्य सुखमा जीवन विताउने तिनका आशा चकनाचुर भएका थिए । उनीहरू प्रेतात्मा बन्दै प्रेमीहरूको खोजीमा युगयुग भड्कि रहेका छन् । उपन्यासमा मोदिआइन कथावाचन गर्दागर्दै इन्द्रप्रस्थको एक नारीका रूपमा रूपायित भएको भान हुनु र मछुवारिन तान्त्रिकसँग कुराकानी गर्दागर्दै लोप हुनुले सुखभोगबाट बञ्चित नारीहरू प्रेतात्मा भएर दुःख भोगी रहेको देखाइएको छ । कृष्णको उक्साहटले महाभारत युद्ध भयो र दुःखद अवस्था सिर्जित हुन पुग्यो । बरु मानवरूप अर्जुनमा नै देखिन्छ । उनी हिंसा र बर्बरताबाट सुख र वैभव प्राप्त गर्न नसकिने विचार अडिग देखिन्छन् । वास्तवमा नारीहरू चाहन्थे, प्रत्येक मानव चाहन्थ्यो पाण्डव कौरवको युद्ध नहोस्, आफन्तजनहरूको विनाश नहोस् । युद्ध होइन, शान्तिले नै सभ्यता सम्पुष्ट हुन सक्छ, विनाश होइन सिर्जनाले नै मानवीय दृष्टिको विकास हुन सक्छ । तर यी चाहनाहरू पूरा हुन सकेनन् । कुरुक्षेत्रमा युद्ध रोकिएन । अर्जुन मानव रहेनन् कृष्णको दिव्यदर्शन गरे पश्चात् अर्जुन मान्छेको चोलाबाट देवत्वमा परिणत भए उनले गाण्डीव समाते । युद्धभूमिमा हाहाकार मच्चियो । कुरुक्षेत्रमा युद्ध सुरु भयो । के आफन्त, के गुरु के स्वजन, के इष्टमित्र एक आपसमा मारामार भयो, भयानक अवस्थाको सिर्जना भयो । मान्छेका लासहरू ढल्न थाले, मर्ने र मार्ने खेल प्रारम्भ भयो । युद्धमा रगतको खोलो बग्यो, मानवजातिको ठूलो सर्वनाश भयो, निर्मम, क्रुर र अमानवीय इतिहास रगतले लेखियो । अर्जुनलाई उक्साउँदै रगतले लपेटिएको इतिहास रचना गरी मानवताको चीरहरण गर्ने कृष्णको दर्शनप्रति 'मोदिआइन' उपन्यासले विमति जनाएको छ ।

महाभारतको युद्ध मानवजातिको हित होइन सर्वनाशका लागि रचिएको थियो भन्ने नवीन व्याख्या उपन्यासले गरेको छ । मानवको विनाश र नारीको व्यथाले के प्रष्ट पार्दछ भने मान्छेको सुख र चाहनालाई कुठाराघात गर्ने गरी सत्यको खोजी गर्नु उपयुक्त हुँदैन । हिंसा र बलले केवल विनाशलाई निम्त्याउँछ । जसरी महाभारतको युद्धले निम्त्यायो । लाखौं लाख मानिसलाई मारेर प्राप्त भएको न्याय वास्तविक न्याय होइन । महाभारतको युद्धले हस्तिनापुरको स्वाहा भयो । त्यस युद्धमा थोरै पुरुष मात्र बाच्न सके । त्यसरी प्राप्त भएको न्यायले कसैको पनि भलो गर्न सकेन । लासको थुप्रो लगाएर पाण्डवले राज्य प्राप्त गरे तर त्यसको औचित्य कतैबाट पनि पुष्टि हुन सक्दैन । त्यसैले हिंसा र युद्धबाट न त महाभारत कालमा नै सत्य स्थापित हुन सक्यो न त वर्तमानमा नै त्यो बाटो उपयुक्त छ भन्दै उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले मेलमिलाप, शान्ति र सद्‌भावलाई जोड दिएका छन् । उनले यसमा मानव सभ्यता र उसको मूल्यलाई संरक्षण गर्ने हो भने युद्ध होइन अहिंसात्मक बाटोको खोजी गर्नु अनिवार्य भैसकेको धारणा राखेका छन् (नेपाल,२०५३:२८१)। कृष्णको विनाशलीला क्रुर र अमानवीय भएको ठहर गर्दै उनले सभ्यता स्पष्ट हुनका लागि शान्ति र मानवीयता आवश्यक भएको मत प्रकट गरेका छन् । यसरी उनले युद्ध र हिंसाको विरोध गर्दै शान्ति र मानवताको वकालत गरेका छन् । उपन्यासमा मानवतावादी विचारलाई प्रतिपादन गरिएको छ (भण्डारी, २०६१:६१) ।

मूल मिथकका अनुसार कृष्ण अन्याय हटाई न्यायको स्थापना गर्न, असत्यको अन्त्य गरी सत्यको स्थापना गर्न मानव चोला धारण गरेका ईश्वरका अवतार हुन् भनिएको छ । त्यसै गरी उनले कौरवहरूको अन्याय र अत्याचार हटाई पाण्डवहरूलाई न्याय दिलाए र सृष्टिबाट असत्यको अन्त्य गरे भनिएको छ । तर 'मोदिआइन' उपन्यासमा कोइराला अन्याय हटाउने आधार हिंसात्मक युद्धलाई बनाएर मानव विनाशको लीला रचना गर्ने कृष्णका विचार र व्यवहार प्रति सहमत छैनन् । उनका विचारमा महाभारतको युद्ध मानवताको विरुद्धमा थियो । त्यस युद्धले हस्तिनापुरलाई चिहानमा परिणत गरेको थियो । असङ्ख्य मानिसहरूको बध गरेर प्राप्त राज्यले कसैलाई पनि खुशी तुल्याउँन सक्दैन । महभारत अन्याय, अत्याचार र असत्यको अन्त्यको विकल्प अन्याय, अत्याचार र असत्यलाई नै बनाइयो जुन ठीक थिएन भन्ने दृष्टिकोण उपन्यासकारको छ । उनका विचारमा मानवताको विनाश गर्ने देवत्व भन्दा असल मानिस नै जाती हुन्छ । उनले हर समाज र युगमा हिंसा र बर्बरताले विनाश मात्र गर्ने भएकाले शान्ति र मानवताको बाटोमा हिँड्नु पर्ने सन्देश दिएका छन् । यही बाटोले नै समाज र सभ्यतालाई उन्नत बनाउन सक्छ भन्दै उदात्त मानवतावादी विचार प्रकट गरेकोले 'मोदिआइन' सशक्त वैचारिक उपन्यास बन्न पुगेको छ । यसरी उपन्यासले महाभारतको मिथकबाट विषय चयन गरे पनि त्यसलाई नयाँ अर्थवत्ता प्रदान

गरी समसामयीकतामा ढालेको छ । यसमा हिंसा र युद्धले कुनै पनि सभ्यता सम्पुष्ट हुन सक्दैन, अन्याय र असत्यलाई शान्तिपूर्ण उपाय अपनाएर समाधान गर्नुपर्दछ भन्दै महाभारतको मिथकलाई समसामयिक मूल्य प्रदान गरिएको छ । यसमा महाभारतको युद्धले अमानवीय स्थितिको सिर्जना गरे पनि अबका दिनमा त्यस्तो विध्वंसात्मक र सर्वनाशकारी चपेटाबाट मानव समाजलाई जोगाउनु पर्छ भन्ने विचार आएको छ (भण्डारी,२०६१:६१)।

यसरी महाभारतको विषय, पात्र र परिवेशलाई मूल आधार बनाएर रचना गरिएको उपन्यासले त्यसको माध्यमबाट युद्ध र हिंसाको विरोध गर्दै शान्ति र मानवताको वकालत गरेको छ र यसैबाट सुखी जीवन र समुन्नत सभ्यता प्राप्त हुने सन्देश दिएको छ । यसरी उपन्यासमा मिथक समसामयिक सान्दर्भिकताका साथ प्रयुक्त छ ।

## ३.८.३ ठूलो होइन असल बन्ने सन्देश

'मोदिआइन' उपन्यासले ठूलो होइन असल मानिस बन्नु पर्ने सन्देश दिएको छ । यसमा सुन्दर सिर्जना क्षणभर मै विनष्ट गर्ने ईश्वरभन्दा असल मान्छे बन्नु कता हो कता श्रेयस्कर हुन्छ । भन्ने विचार व्यक्त गरिएको छ । यो विचार मोदिआइन र म पात्रका बिचमा भएको कुराकानीका सन्दर्भमा आएको छ । मोदिआइनले पढेर के गर्ने भनी गरेको प्रश्नमा म पात्रले ठूलो मानिस बन्ने भन्ने जवाफ दिन्छ । तत्पश्चात् मोदिआइन म पात्रलाई भन्छे: "ठूला मानिस थरिथरिका हुन्छन् । असल मानिस भने एकथरिका मात्र हुन्छन् । ठूलो हुन पट्टि नलाग्नु, असल हुन पट्टि लाग्नु नानी"(कोइराला, २०६४:१०)यस भनाइले एउटी प्रताडित नारीको वेदनालाई मात्र अभिव्यक्त गरेको छैन, मानवको प्रार्थनाको हेतु, लक्ष्य र उद्देश्य हुँ भन्ने कृष्णको घमण्ड र ईश्वरमाथि ठूलो चुनौति दिएको छ । कृष्ण ठूला थिए देवता थिए तर कुरुक्षेत्रमा विनाशको लीला रचे । जति ठूलो भए पनि उनले मानव र उसको सभ्यतालाई हिंसा र विनाश बाहेक अरू केही दिन सकेनन् । त्यसैले ठूलो होइन असल भएमात्र मानवीय दृष्टि र व्यवहारको विकास हुन सक्छ, मानवताको रक्षा हुन सक्छ भन्ने भाव मोदिआइन मार्फत् उपन्यासमा व्यक्त भएको छ । उपन्यासले महाभारतको भीषण युद्धले निम्त्याएको धनजनको विध्वंश र लाखौंलाख नारीले व्यहोर्नु परेको दुःखदायी वैधव्यको व्यथाबोध गराउँदै त्यस्ता क्रुर महायुद्धहरूप्रति कडा विरोध गरेको छ । यसले ठूलो होइन असल बन्ने सन्देश दिएको छ (कोइराला,२०५३:९१) । यसबाट प्रत्येक मानव असल भएमात्र समाज र सभ्यता समुन्नत बन्ने विचार प्रवाहित भएको छ ।

## ३.९ निष्कर्ष

'मोदिआइन' उपन्यासको संरचना सानो छ । यसले महाभारतको मिथकलाई विषय वस्तुको मूल आधार बनाएको छ । पृष्ठभूमिका रूपमा म पात्र र मिसिरजीसँग सम्बन्धित घटना र प्रसङ्गहरू आए पनि यसको मुख्य विषय महाभारतमा रहेको पाण्डव र कौरवको विवाद, तिनका बिचमा भएको भीषण युद्ध र त्यो युद्धमा कृष्ण र अर्जुनले निर्वाह गरेको भूमिका हो । यिनै घटनाहरूसँग सन्दर्भित गरेर नारी मनोदशा र तिनको अवस्थालाई चित्रित गरिएको छ । यही नै उपन्यासको कथावस्तु विन्यासको आधार हो । यसका कारण उपन्यासको कथावस्तु, द्वन्द्व,संशय र कौतुहलताले भरिएको छ । यति भएर पनि महाभारतकालीन नारीहरूले विभिन्न युगमा प्रेतात्मा रूप धारण गरेको, कृष्णले विराट स्वरूप लिएको यस्तो स्वरूप देखेर अर्जुन युद्धका लागि तम्तयार भएको भन्ने जस्ता घटना र प्रसङ्गहरूले उपन्यासको कथावस्तुलाई अविश्वसनीय बनाएका छन् । ती एकाध प्रसङ्गहरू उपन्यासको कमजोर पक्ष बनेर आएको छ । लघु संरचनाको उपन्यास भए पनि बहुल पात्रको प्रयोग उपन्यासको विशेषता बनेर आएको छ । यसमा मिथक भित्र मिथक बाहिरका गरी दुबै प्रकारका पात्रहरूको प्रयोग भएको छ । कृष्ण, अर्जुन, युधिष्ठिर, दुर्योधन, भीम, द्रौपदी, दुःशासन, द्रुपद,विराट, सात्यकि आदि थुप्रै पात्रहरू मिथकका पात्रहरू हुन् । नारी मिथकमा उल्लिखित पात्र नभए पनि उसले महाभारतकालीन नारीकै प्रतिनिधित्व गरेकी छ भने 'मोदिआइन'लाई महाभारतकी नारीकै पुनर्जन्मका रूपमा देखाइएको छ । त्यसैले नारी र मोदिआइन मिथकसँग सम्बन्धित पात्रका रूपमा देखापरेका छन् । म पात्र, मिसिरजी, मोदी आदि मिथक बाहिरका पात्रहरू हुन् । मूल रूपमा उपन्यासले महाभारतमा रहेको पाण्डव र कौरवको मिथकबाट हिंसा विरोधी र मानवतावादी विचारलाई प्रक्षेपण गरेको छ । यस क्रममा महाभारतमा रहेको कृष्णको भूमिका गलत थियो भन्दै महाभारतीय मिथकको पुनर्व्याख्या गरेको छ । यसैले उपन्यासमा मिथकका पात्रहरूको व्यवहार र भूमिकाबाट औपन्यासिक कथ्य अभिव्यक्त गरिएको छ । उपन्यासमा प्रमुख, सहायक, गौण, पुरुष, स्त्री, सत्, असत्, बृद्ध, मुक्त, मञ्चीय, नेपथ्य आदि जस्ता पात्रहरूको प्रयोग भएको छ । मोदिआइन, मछुवारिन जस्ता नारी पात्रहरूलाई प्रेतात्मा रूप भएको र कृष्णलाई दैवीशक्तिले सम्पन्न भएको देखाइनुले पात्र प्रयोग अस्वभाविक बन्न पुगेको छ । यो उपन्यासको कमजोर पक्ष बनेर आएको छ ।

# अध्याय-चार
## उपसंहार

नेपाली उपन्यास परम्परामा महाभारत, वेद, पुराण आदि प्राचीन ग्रन्थहरूमा रहेका मिथकहरूलाई उपयोग गरेर रचना गरिएका मिथकीय उपन्यासहरू कथ्य र शिल्प दुवै दृष्टिले उत्कृष्ट रहेका छन् । त्यस्ता उपन्यासहरूले प्राचीन मिथकलाई नयाँ सन्दर्भमा ढालेका छन् । 'मोदिआइन' उपन्यासले महाभारतको मिथकका माध्यमबाट युद्ध र हिंसाको विरोध गरेको छ । यसले कृष्णका कारण महाभारतको युद्ध भएको र विनाशको लीला रचिन गएको भन्दै समुन्नत सभ्यता निर्माताका लागि शान्ति र मानवताको बाटो हिँड्नुपर्ने र ठूलो होइन असल बन्नु पर्ने विचारलाई अभिव्यक्त गरेको छ । नेपाली उपन्यास परम्पराको पछिल्लो समयमा मिथकीय उपन्यासहरूको रचनामा वृद्धि भएको पाइन्छ । यस्ता उपन्यासहरू सङ्ख्याका कारणले मात्र होइन स्तरीयताका दृष्टिले पनि उपल्लो स्थानमा रहेका छन् । यसले गर्दा नेपाली उपन्यासमा मिथकीय धाराको रूपमा एउटा अलग्गै धाराको विकास भएको छ । सिङ्गो नेपाली उपन्यास परम्परामा यस धाराका उपन्यासहरू कला र विचार दुवै दृष्टिले स्तरीय छन् । जसको उपयुक्त उदाहरणका रूपमा 'मोदिआइन' उपन्यासलाई लिन सकिन्छ । उपन्यासले नेपालको पूर्वी तराईदेखि दरभङ्गा हुँदै हस्तिनापुर, इन्द्रप्रस्थ, कुरुक्षेत्र आदि जस्ता व्यापक स्थानगत परिवेशलाई आत्मसात् गरेको छ । हस्तिनापुर र कुरुक्षेत्र उपन्यासको  प्रमुख स्थानगत परिवेशका रूपमा आएका छन् । यिनै स्थानमा नै पाण्डव र कौरवका बिचमा  विवाद र युद्ध भएको थियो । त्यसैले मिथकीय परिवेश उपन्यासको प्रमुख आधार हो । उपन्यास रचनाको समयदेखि पाण्डव र कौरवको द्वन्द्व र युद्ध भएको द्वापरकालसम्मको लामो समयावधि उपन्यासको कालगत परिवेश हो । धेरैजसो उपन्यासका घटनाहरू द्वापरकालका भएकोले  उपन्यासको प्रमुख कालगत परिवेशका रूपमा द्वापर युग आएको छ । उपन्यासमा विशेष गरी द्वापरकालीन सांस्कृतिक, भौगोलिक, प्राकृतिक र युद्धजन्म परिवेश आएको छ । युद्धबाट पीडित नारीका दुःख र कारुणिक अवस्थाले पाठकको मनोदशालाई पनि तदनुकूल बनाउँछ । त्यसैले उपन्यासको आन्तरिक वातावरण दुःखद र कारुणिक रहेको छ । लघु संरचना, वृत्ताकारीय कथानक ढाँचा, क्षीण कथावस्तु, पूर्वदीप्ति शैली, घटनाहरूको प्रस्तुतिमा मूलतः सङ्क्षेप पद्दतिको उपयोग, परिधीय आन्तरिक दृष्टिकोण, विस्तृत परिवेश उपन्यासको शैलीगत विशेषता बन्न पुगेको छ । उपन्यासको शीर्षक विषयवस्तुलाई सङ्केत गर्न सफल छ । त्यसैले प्रमुख पात्रका नामबाट चयन गरिएको शीर्षक सार्थक छ । मिथकको विषय,पात्र र परिवेशलाई संवाहन गर्ने भाषा सक्षम छ ।

उपन्यासले महाभारतीय मिथकलाई पुनर्व्याख्या गर्दै हिंसाविरोधी र मानवतावादी विचारलाई अभिव्यक्त गरेको छ । मिथकले पाण्डव र कौरवको विवाद एवं महाभारतको युद्धका सन्दर्भमा कृष्णको भूमिकालाई न्यायोचित र सत्यमा आधारित ठहऱ्याएको छ । त्यसमा उनले पाण्डवहरूलाई कौरवहरूको अन्याय र अत्याचारबाट मुक्त गरे, उनीहरूलाई न्याय दिलाए र सृष्टिबाटै पाप र असत्यलाई अन्त्य गरे भनिएको छ । तर उपन्यासमा कृष्णको गलत र हिंसाप्रेमी व्यवहार भूमिकाका कारण महाभारतको भीषण र बर्बर युद्ध भएको र विनाशका लागि चलेको धारणा अभिव्यक्त छ । कृष्णले अर्जुनलाई प्रेरित गरेर युद्ध रचाएको हुनाले नै लाखौं मानिसहरूले मृत्युलाई वरण गर्नु परेको, लाखौं नारीहरू विधवा हुनु परेको, दुःखद र अमानवीय स्थितिको सिर्जना हुन पुगेको विचार उपन्यासमा आएको छ । त्यसैले त्यो युद्ध मानवतावादको विरुद्ध थियो भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । यसरी उपन्यासमा हिंसा र बर्बरताले विनाश मात्र निम्त्याउँछ भन्दै शान्ति र मानवताको बाटोलाई पछ्याए मात्र समाज र सभ्यता समुन्नत बन्ने सन्देश प्रवाहित भएको छ । यसमा महाभारतको मिथकलाई पुनर्व्याख्या गर्दै विनाशको लीला चलाउने र रगतले पोतिएको इतिहास रचना गर्ने कृष्णको भूमिकाप्रति औंलो ठड्याइएको छ । यसका साथै हिंसाबाट होइन शान्तिपूर्ण र मानवीय ढङ्गले समस्याको समाधान खोजिनु पर्दछ भन्ने उदात्त मानवतावादी विचारलाई अभिव्यक्त गरिएको छ । त्यसैगरी दैवी शक्तिले सम्पन्न कृष्ण ठूला थिए, तर उनको कार्य गलत थियो भन्ने सन्दर्भबाट उपन्यासले ठूलो होइन, असल बन्नु पर्ने सन्देश प्रवाहित गरेको छ । यसरी उपन्यासले महाभारतको मिथकका माध्यमबाट युद्ध र हिंसाको विरोध गर्दै मनुष्यलाई ठूलो होइन असल बन्ने सन्देश दिनुका साथै शान्ति र मानवताको बाटो हिँडेमात्र समाज र सभ्यता समुन्नत बन्न सक्छ भन्ने विचार प्रकट गरेको छ । यही नै उपन्यासमा मिथक प्रयोगको सान्दर्भिकता हो ।

इतिश्री

# सन्दर्भ ग्रन्थसूची


**नेपाली**

इला, पूनम,(१९५६), **विश्वेश्वरप्रसाद कोइराला और उनका सुम्निमा उपन्यास** स्नातकोत्तर शोधपत्र, काठमाडौं: हिन्दी केन्द्रिय विभाग, त्रि.वि. ।

कोइराला, विश्वेश्वरप्रसाद,(२०६६) **मोदिआइन,** आठौं संस्क. ललितपुर: साझा प्रकाशन ।

……………………, (२०६४), **मोदिआइन**, सातौं संस्क., ललितपुर : साझा प्रकाशन ।

कोइराला, खेम (२०५३) **उपन्यासकार कोइरालाका उपन्यासमा अस्तित्त्वबाद विश्वेश्वरप्रसाद कोइराला:** समालोचना र विचारमा, जीवनचन्द्र कोइराला(सम्पा.), काठमाडौं: वी.पी. अनुसन्धान तथा सेवा केन्द्र ।

गृहस्थी, होमप्रसाद, (२०५३) **विश्वेश्वरप्रसाद कोइरालाको मोदिआइन उपन्यासको कसीमा विश्वेश्वरप्रसाद कोइराला:** समालोचना र विचारमा, जीवनचन्द्र कोइराला(सम्पा.)काठमाडौं: वी.पी. अनुसन्धान तथा सेवा केन्द्र ।

गौतम, कृष्ण (२०५९), **आधुनिक आलोचना अनेक रूप अनेक** पठन दोस्रो संस्क. ललितपुर: साझा प्रकाशन ।

ढकाल, भूपति (२०५०) **गीता दर्शनप्रतिको असहमतिमा मोदिआइन उपन्यास** गरिमा(वर्ष ११ अङ्क ९ १२९), पृ.४९-५६ ।

……………… (२०६७), **विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण**, पाँचौं संस्क. काठमाडौं: ए.वि.सी बुक्स पब्लिसर्स एण्ड डिष्टिब्युटर्स ।

दाहाल, खेमराज गरिमा, (२०५७), **मोदिआइन उपन्यास: संक्षिप्त विवेचना, ललितपुर: साझा प्रकाशन पृ.६५-६८ ।**

नेपाल, गोविन्द(२०५३) **साहित्यकार कोइरालाका केही मान्यतार मोदिआइन उपन्यासको जीवनसत्य** विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा जीवनचन्द्र कोइराला( सम्पा.) काठमाडौं: वी.पी. अनुसन्धान तथा सेवा केन्द्र ।

न्यौपाने टङ्कप्रसाद, (२०३८), **साहित्यको रूपरेखा**, काठमाडौंः साझा प्रकाशन ।

न्यौपाने, हरिभक्त(२०५३) **विश्वेश्वरप्रसाद कोइरालाका औपन्यासिक कृतिमा मार्मिक नियतिको झलक** विश्वेश्वरप्रसाद कोइराला समालोचना र विचारमा जीवनचन्द्र कोइराला( सम्पा.)काठमाडौंः वी.पी. अनुसन्धान तथा सेवा केन्द्र ।

पोखरेल, भानुभक्त, (२०४५) मिथक साहित्य र मिथकीय समीक्षा वृहत् समालोचना शिव प्रधान(सम्पा.), सिक्किमः गान्तोक प्रकाशन ।

पोखरेल, राप्रउ,(२०३८) **मोदिआईनलाई केलाउँदा** रूपरेखा,(वर्ष २२,अङ्क ४, पूर्णाङ्क २४४, भदौ) पृ.६२-६६ ।

प्रधान, कृष्णचन्द्र सिंह, (०४३-०५२), **नेपाली उपन्यास र उपन्यासकार**, तेस्रो (संस्क.) ललितपुरः साझा प्रकाशन ।

भट्टराई,डा.तुलसी (२०६७) **नेपाली वाङ्मयका साधक र साधना** ललितपुरः साझा
प्रकाशन ।

भण्डारी, गोपाल (२०६१) **मोदिआइनको सन्देश** गरिमा, (वर्ष २३,अङ्क २, पूर्णाङ्क २६६, माघ), पृ.५७-६१ ।

मल्ल, महेन्द्रकुमार (२०६८), **आधुनिक नेपाली उपन्यासमा मिथक,** विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय , कीर्तिपुर ।

वमी, गौरीशंकर(२००३) **महाभारत**, अठारौं पर्व, वाराणासी बम्बई पुस्तक भवन ।

शर्मा, मोहनराज,/लुइँटेल, खगेन्द्र (२०६६), **शोधविधि** ललितपुरः साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०४९), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, तेस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

**हिन्दी**

अवस्थी, ओम(सन् १९८५), **रचना प्रक्रिया**, दिल्ली : राष्ट्रभाषा संस्थान ।

आप्टे, वामन शिवराम (सन् १९६९)(सम्पा.) **संस्कृत-हिन्दी कोश** दिल्ली : मोतिलाल बनारसीदास, पब्लिसर्स प्रा.लि. । कडवेल, क्रिस्टोफर(सन् १९९०), विभ्रम और यथार्थ

(अनु), भगवान सिंह नयाँ दिल्लीः राजकमल प्रकाशन ।

कपूर, शोभा(सन् १९८९) **निरालाकाव्य बिम्व प्रतीक और मिथक**, विद्यावारिधि शोधप्रबन्ध, काशीः काशी हिन्दू विश्वविद्यालय ।

कुमार, विमल (सन् १९८९) **सौन्दर्य शास्त्र र तत्त्व** तेश्रो संस्क. नयीँ दिल्लीः राजकमल प्रकाशन ।

नगेन्द्र, (सन् १९८७), **मिथक और साहित्य**, दोस्रो संस्करण, नयाँ दिल्लीः नेशनल पब्लिसिङ्ग हाउस ।

पराजुली, मोतीलाल (२०५६/०६६) **महाकवि देवकोटा र ग्रिसेली मिथक** कुञ्जिनी ( देवकोटा विशेषाङ्क), वर्ष १६, अङ्क १३), पृ.१२-१७ ।

म्याकडोनल, ए.ए., सं.२०६६, चौखम्बा **वैदिक माइथोलोजी**, रामकुमार राय (अनु.)वाराणासीः विद्याभवन ।

विद्यावचस्पति, उषापुरी(सन् १९८६) **मिथक उद्भव और विकास तथा हिन्दी साहित्य**, नइदिल्लीः नेशनल पब्लिसिङ्ग हाउस ।

शर्मा, पुनम,(सन् १९९२) **आचार्य हजारीप्रसाद द्विवेदीके उपन्यासोंका मिथकिय आधार,** विद्यावारिधि शोधप्रबन्ध, काशी हिन्दू विश्वविद्याय ।

शम्भुनाथ, (सन् १९८५), **मिथक और आधुनिक कविता,** नइदिल्ली : नेशनल पब्लिसिङङ्ग हाउस ।

सिंह, मालती,(सन् १९८८), **मिथकः एक अनुशीलन**, इलाहावादः लोकभारती प्रकाशन ।

श्रीवास्तव, जगदीशप्रसाद(सन्१९८५) **मिथकीय कल्पना और आधुनिक काव्य,** वाराणासी विश्वविद्यालय प्रकाशन ।

............मुरारीलाल, (१९८२) **सृष्टि के सन्दर्भ में अलिगढ** महाविद्यालय प्रकाशन ।

<u>अङग्रेजी</u>

**Bell, Michael**(2006) **Anthropology and/on myth in modern criticism**, Patricia Waugh(ed.)

**Bodkin, Moud** (1990) **Archetypal patterns in poetry,** the theory of criticism, from Plato to the present, fourth ed. Susanne Langer,

Roman, Seldeh (edn.), UK: Longman Group.

**Campbell, Joseph**(1988), **Myths to live By, New York:** Bantam Books.

**Chase, Richard** (1976) **Notes on the Story of Myth** in Indian edn. Twentieth century criticism, the major statements, William J. Hardy and max Westbrook(Eds.)New Delhi: Light and life publisher.

**Theory and criticism,** New Delhi: Oxford University Press.

**Feud, Sigmund**(2002) **The Interpretation of Dreams,** Indian reprinted, Julie Rivkin and Michael Ryan(eds.), Literary Theory: An Anthropology, UK: Blacle Well Publishers Ltd.

**Hawthorn, Jeremy** (2000) **A Glossary of contemporary Literary** Theory, Fourth ed. Arnold: London.

**Kosambi, D.D** (2005), **Myth and Reality sixth reprinted, Bombay**: Popular publications.

**Spence, Lewis**(1994), **Introduction to Mythology,** London: George G. Harrap and Company Ltd.

**Sarta, Jan Pal**(1972) **The Psychology of Imagination**, London: Methuin and company.

**Turner, Victor W.**(1968) **Myth and Symbol,** International Encyclopedia of the social science, David L. Stiltz (edn.)New York: MC Millon company and press.

**Yeas. W.B.** (1961) **Essays and Introduction,** London: Mcmillan.